सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१८ वैशाख २०८३, शुक्रबार (1 May 2026, Friday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक १८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ रोल्पामा जिप दुर्घटना

२० तीर्थयात्रीको मृत्यु

दुर्घटनाको प्रारम्भिक अनुमान : **कच्ची र चिप्लो सडक, क्षमताभन्दा बढी यात्रु**



रोल्पामा **नवीन लोचनमगर**

रुकुम पूर्वबाट तीर्थयात्री लिएर रोल्पाको जलजलामा पूजाआजाका लागि जाँदै गरेको जिप दुर्घटना हुँदा चालकसहित २० जनाको ज्यान गएको छ। जिपको छतमा बसेका एकजनाले मात्रै हाम फालेर ज्यान जोगाएका छन्।

लु.१ज ४१६७ नम्बरको जिप बिहीबार दिउँसो थबाङ गाउँपालिका- १, सल्याप भन्ने ठाउँमा दुर्घटनामा परेको जिल्ला प्रहरी कार्यालय रोल्पाका सूचना अधिकारी सुनील थापा नेपालीले जानकारी दिए। उनका अनुसार चालकसहित २१ सवार जिप सडकबाट करिब आठ समय मिटर तल खसेको थियो। छतमा बसेका रुकुम पूर्वको सिस्ने गाउँपालिका- ५, टाकुराका ३२ वर्षीय समीर कामी मात्रै हाम फालेर जोगिएका छन्।

■ जो भाग्यले बाँचे



जिपमा सवार चालकसहित २० जनाको ज्यान जाँदा रुकुम पूर्वको सिस्ने गाउँपालिका- ५, टाकुराका ३२ वर्षीय समीर कामी मात्रै हाम फालेर जोगिए। उनी छतमा बसेका थिए। सँगै छतमा बसेका उनका साथीको पनि ज्यान गयो। आफू भने हाम फालेर रुखको जरा समाएर जोगिएको उनले बताए।

'हामी जलजलामा पूजाका लागि गइरहेका थियौँ। ममी पनि हुनुहुन्थ्यो। सबै गाडीभित्र थिए, म र एकजना साथी छतमा बसेका थियौँ। जिप एक्कासि भिरमा गयो। छतबाट हामी दुवैजना हाम फाल्यौँ। तर, साथी तलतिर हाम फालेकाले गाडीले च्यापेर भिरतिर लग्यो, म साइडतिर हाम फालेकाले रुखको जरा समाएर बाँचेँ,' थबाङ आधारभूत अस्पतालमा उपचाररत समीरले भने।

मृतकहरू सबै टाकुराकै रहेको र उनीहरूको पहिचान हुन बाँकी नै रहेको नेपालीले बताए। उनका अनुसार थबाङ आधारभूत अस्पतालमा उपचार भइरहेका घाइते समीरको बायाँ खुट्टा, निधार र बायाँ आँखामा चोट लागेको छ। दुर्गम क्षेत्र र पानी परेका कारण टेलिफोन नेटवर्कले काम नगर्दा शव उद्धारमा कठिनाइ भएको प्रहरी सूचना अधिकारी नेपालीले बताए।

निरन्तर परेको पानीका कारण कच्ची सडक चिप्लो भएको र जिपमा क्षमताभन्दा बढी यात्रु भएकाले अनियन्त्रित भई दुर्घटना भएको प्रहरीको प्रारम्भिक अनुमान छ। रोल्पा जलजलामा वैशाख पूर्णिमाको अवसरमा बराह पूजा लाग्छ। रोल्पा, रुकुमलगायत जिल्लाबाट आउने तीर्थयात्रीको घुइँचो लाग्छ।

■ दुर्घटना अध्ययन गर्न चार सदस्यीय समिति गठन

गृह मन्त्रालयले रोल्पा दुर्घटना अध्ययन गर्न लुम्बिनी प्रदेश प्रहरी कार्यालय तुलसीपुरका प्रहरी उपरीक्षक (एसपी) यादव ढकालको संयोजकत्वमा चार सदस्यीय समिति गठन गरेको छ। समितिलाई तीन दिनभित्र प्रतिवेदन पेस गर्न जिम्मा दिइएको छ। उक्त समितिमा जिल्ला प्रहरी कार्यालय रोल्पाका प्रमुख प्रहरी नायब उपरीक्षक (डिएसपी) वीरेन्द्रवीर विश्वकर्मा, सशस्त्र प्रहरी बल रोल्पाका डिएसपी र जिल्ला प्रशासन कार्यालय रोल्पाका प्रशासकीय अधिकृत सदस्य तोकिएका छन्।

शीतलनिवासमा अध्यादेश विमर्श

बिहीबार एकै दिन दुई चरणमा दुई अध्यादेश जारी गरेका राष्ट्रपति रामचन्द्र पौडेल बाँकी चार अध्यादेश अध्ययन गर्दै, प्रधानमन्त्री र दलहरूसँग परामर्श गरेर निर्णय लिन कानुनविद्हरूको सुझाव

■ महान्यायाधिवक्ता **नारायणदत्त कँडेल**को राय-



राष्ट्रपतिले अध्यादेश अध्ययनको क्रममा छ भन्नुभयो। मैले मन्त्रिपरिषद्बाट निर्णय भएर सिफारिस भएका अध्यादेशको कन्टेन्टमा राष्ट्रपति प्रवेश गर्न मिल्दैन, मन्त्रिपरिषद्ले जे सिफारिस गरेको छ जस्ताको तस्तै जारी गर्नुपर्छ भनेँ।

■ राष्ट्रपतिसँग छलफलमा बसेका संविधानविद् **टीकाराम भट्टराई** भन्छन्-



संवैधानिक सीमा तथा संविधानको पालना र संरक्षण गर्ने दायित्वभित्र रही प्रधानमन्त्री र दलहरूसँग परामर्श गरी उपयुक्त निर्णय गर्नुस् भन्ने सुझाव दिएका छौँ।

■ वरिष्ठ अधिवक्ता **प्राडा गान्धी पण्डित** भन्छन्-



संसद् नबसेका वेला सरकारलाई जरुरी पऱ्यो भने अध्यादेश ल्याएर काम गर्न पाउँछ। मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्ने संवैधानिक व्यवस्था छ। विधेयक १५ दिन होल्ड गरेर फिर्ता गर्न सक्ने अधिकार राष्ट्रपतिलाई छ, तर अध्यादेश होल्ड वा फिर्ता गर्ने अधिकार छैन। जस्ताको तस्तै जारी गर्नुपर्छ।

प्रेम गौतम/नयाँ पत्रिका

सार्वजनिक नियुक्ति पारदर्शी बनाउने, दलीय हस्तक्षेप घटाउने र सेवा प्रवाह चुस्त बनाउन भन्दै सरकारले सिफारिस गरेका ६ मध्ये दुई अध्यादेश राष्ट्रपति रामचन्द्र पौडेलले बिहीबार जारी गरेका छन्। सहकारी ऐन (पहिलो संशोधन) र सार्वजनिक खरिद ऐन संशोधन अध्यादेश एकै दिन दुई चरणमा जारी गरेका हुन्। सरकारले अध्यादेश सिफारिस गरेपछि विभिन्न पक्षसँग निरन्तर परामर्शमा रहेका राष्ट्रपतिले बिहीबार साँझ कानुनविद्हरूसँग सुझाव लिएका

■ अध्यादेशको असर

त्रिविका तीन पदाधिकारी र उद्योग मन्त्रालयमातहतका दुई संस्थान प्रमुखले दिए राजीनामा

» पृष्ठ २ मा क्रमशः

■ प्रमाणीकरणमा ढिलाइबारे राष्ट्रपति कार्यालय भन्छ-

बुँदा-बुँदा केलाएर अध्ययन हुँदै छ



राष्ट्रपति कार्यालय स्रोतका अनुसार अध्यादेश प्रमाणीकरणअघि बुँदागत अध्ययन भइरहेको छ। अध्यादेश अध्ययनमा राष्ट्रपति पौडेल, राष्ट्रपतिका प्रमुख कानुनविज्ञ बाबुराम कुँवर, राष्ट्रपति कार्यालयका सचिव महादेव पन्थ र कानुन महाशाखा प्रमुखसमेत रहेकी सहसचिव उर्मिला जिसी सहभागी छन्। अध्ययनमा कुनै विषय नबुझिए प्रधानमन्त्री कार्यालयमा फोन गरेर बुझ्ने काम भएको पनि स्रोतले बतायो। 'कुनै बुँदा के प्रयोजनका लागि हेरफेर गर्न लागेको भन्ने बुझिँदैन। यस्तो वेला प्रधानमन्त्री कार्यालयसँगै फोनमार्फत बुझ्ने काम भइरहेको छ,' स्रोतले भन्यो, 'मौजुदा ऐनमा के व्यवस्था छ र अहिले के राख्न खोजेको हो भन्ने विषयमा गहन अध्ययन भइरहेको छ। एकैपटक धेरै अध्यादेश आएकाले पनि अध्ययनमा समय लाग्दा प्रमाणीकरणमा ढिलाइ भएको हो। एउटा अध्यादेश अध्ययन गर्न कम्तीमा ५-६ घण्टा लागिरहेको छ।' एउटा अध्यादेशको अध्ययन सकिएपछि प्रमाणीकरण प्रक्रियामा लैजाने र अर्कोको अध्ययन थाल्ने गरेकाले पनि चरणबद्ध जारी हुने स्रोतको भनाइ छ।

राष्ट्रपति कार्यालयका प्रवक्ता रितेश शाक्यले अध्यादेश अध्ययन गरेर प्रमाणीकरण गर्ने विगतदेखिकै अभ्यास भएको बताए। कार्यालयले सबैको सल्लाह लिएर निर्णय गरिरहेकाले प्रमाणीकरणमा केही ढिलाइ भएको उनको भनाइ छ। 'सरकारले एकैपटक धेरै अध्यादेश पेस गरेकाले अध्ययन गर्न केही समय लागेको हो,' उनले भने। राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले पनि अध्ययनपछि राष्ट्रपति निर्णयमा पुग्ने बताए।

अध्यादेशसम्बन्धी संवैधानिक व्यवस्था र राष्ट्रपतिको काम, कर्तव्य र अधिकार

संविधानको धारा ११४ मा अध्यादेशसम्बन्धी व्यवस्था छ। ११४ उपधारा १ मा संघीय संसद्को दुवै सदन नचलेको अवस्थामा तत्कालै केही गर्न आवश्यक परे मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्ने प्रावधान छ। उपधारा २ मा उपधारा १ बमोजिम जारी भएको अध्यादेश ऐनसरह मान्य हुने उल्लेख छ। तर, उपधारा (२) को खण्ड (क) मा यस्तो अध्यादेश जारी भएपछि बसेको संघीय संसद्को दुवै सदनमा पेस गरिने र दुवै सदनले स्वीकार नगरे स्वतः निष्क्रिय हुने उल्लेख छ। त्यस्तै, खण्ड (ख) मा राष्ट्रपतिबाट जुनसुकै वेला खारेज हुन सक्ने व्यवस्था छ। निष्क्रिय र खारेज नभएको अध्यादेश संघीय संसद्को अधिवेशन प्रारम्भ भएको ६० दिनभित्र दुवै सदनले पास नगरे त्यसपछि स्वतः निष्क्रिय हुने प्रावधान खण्ड (ग) मा उल्लेख छ।

सरकारले मन्त्रिपरिषद्को निर्णयबाट गर्ने अध्यादेश होस् या अन्य कुनै पनि सिफारिसलाई राष्ट्रपतिले प्रमाणीकरण गर्नुपर्ने व्यवस्था संविधानले नै गरेको छ। संविधानको धारा ६६ मा राष्ट्रपतिको काम, कर्तव्य र अधिकारको व्यवस्था छ। जसको उपधारा (१) मा राष्ट्रपतिले संविधान वा संघीय कानुनबमोजिम निजलाई प्राप्त अधिकारको प्रयोग र कर्तव्यको पालना गर्ने उल्लेख छ। उपधारा (२) मा उपधारा (१) बमोजिम 'अधिकारको प्रयोग वा कर्तव्यको पालना गर्दा संविधान वा संघीय कानुनबमोजिम कुनै निकाय वा पदाधिकारीको सिफारिसमा गरिने भनी किटानीसाथ व्यवस्था भएको कार्यबाहेक राष्ट्रपतिबाट सम्पादन गरिने अन्य जुनसुकै कार्य मन्त्रिपरिषद्को सिफारिस र सम्मतिबाट हुनेछ, त्यस्तो सिफारिस र सम्मति प्रधानमन्त्रीमार्फत पेस हुनेछ' भनिएको छ। उपधारा (३) मा उपधारा (२) बमोजिम राष्ट्रपतिको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण संघीय कानुनबमोजिम हुने उल्लेख छ। जसले मन्त्रिपरिषद्बाट हुने सिफारिसलाई राष्ट्रपतिले पालना गर्नुपर्ने स्पष्ट पारेको छ।

आयोगैपिच्छे निवेदन मात्र लिइन्छ, भूमिहीन र सुकुमवासीले पाउँदैनन् लालपुर्जा

पछिल्ला ६ वर्षयता मात्र तीनवटा आयोग गठन भइसकेका छन्। त्यसमध्ये दुईवटा आयोगले एउटा पनि जग्गाधनी प्रमाण पुर्जा वितरण गरेनन्।

(विस्तृत पृष्ठ ३ मा)

रकम अभावमा राष्ट्रिय गौरवको बुढीगण्डकी जलविद्युत्ले पाएन लाइसेन्स

१२ सय मेगावाटको लाइसेन्स शुल्क २० करोड बुझाए पनि एक अर्ब तिर्ने बाँकी, बाँकी दस्तुर सरकारी सेयरमा मिलानको सहमति माग्दै अर्थ मन्त्रालयमा पत्राचार

(विस्तृत पृष्ठ ६ मा)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ बोलपत्र प्रणाली ह्याक गरेर सरकारी ठेक्का कब्जा प्रकरण

मुख्य योजनाकार नायब सुब्बाले नक्कली सफ्टवेयर बनाएर गर्थे विवरण हेरफेर


ठेक्का पाउन ह्याकरलाई ६० लाख रुपैयाँसम्म खर्च, क्रिप्टोमार्फत विदेशमा भुक्तानी

नयाँ पत्रिका

अनलाइन बोलपत्र प्रणालीमा अनधिकृत पहुँच (ह्याकिङ) पुऱ्याएर सरकारी ठेक्का हत्याउने धन्दा निकै योजनाबद्ध र संगठित तरिकाले चलेको पाइएको छ। नेपाल प्रहरीको पछिल्लो अनुसन्धानअनुसार पछिल्लो तीन वर्षमा करिब तीन सय ठुला ठेक्का निर्माण व्यवसायीले कब्जा गरेका छन्।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले गरेको अनुसन्धानमा यसमा ठुला निर्माण व्यवसायीको समेत मिलेमतो पुष्टि भएको छ। मुख्य योजनाकार सरकारी नासुले

» पृष्ठ २ मा क्रमशः



एडिबीमा उजुरी परेपछि खुल्यो वर्षौंदेखिको अपराध

उपत्यका खानेपानी लिमिटेड (केयुकेएल)को पछिल्लो एक ठेक्काबाट अनलाइन बोलपत्र प्रणालीमा हुँदै आएको चलखेल बाहिर आएको हो। केयुकेएलले एसियाली विकास बैंक (एडिबी)को सहयोगमा काठमाडौं उपत्यकाका विभिन्न स्थानमा पाइप बिछ्याउनका लागि करिब १० अर्ब रुपैयाँको ठेक्का खुलाएको थियो। जुन ठेक्का ह्याकिङमार्फत केही कम्पनीले हात पारेको उजुरी सो परियोजनाको दाता एडिबीमा पुग्यो। एडिबीले गम्भीरताका साथ लिएर त्यसमा छानबिन गर्न आग्रह गरेपछि सार्वजनिक खरिद अनुगमनको कार्यालयले प्रारम्भिक छानबिन गरेको थियो। प्रारम्भिक छानबिनमै अनधिकृत पहुँच पुऱ्याएको पुष्टि भएपछि कार्यालयले थप छानबिनका लागि प्रहरीलाई पत्राचार गऱ्यो। प्रहरीको अनुसन्धानमा उक्त ठेक्कासँगै वर्षौंदेखि चल्दै आएको ह्याकिङ बाहिर आएको हो।



आधुनिक मेडिकल उपकरण तथा प्रविधिको प्रदर्शन

काठमाडौं/ भृकुटीमण्डपमा आधुनिक मेडिकल उपकरण तथा प्रविधिको प्रदर्शन सुरु भएको छ। नेपाल मेडिकल एन्ड ल्याब एक्स्पोको नवौं संस्करण बिहीबारदेखि सुरु भएको हो। एक्स्पो नेपालमा चिकित्सा तथा प्रयोगशाला क्षेत्रकै सबैभन्दा ठुलो मानिन्छ। एक्स्पोको उद्घाटन गर्दै उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालले नेपालको स्वास्थ्य क्षेत्रलाई प्रविधिमैत्री बनाउन र बजारसित जोड्न मद्दत गर्ने बताए।

'यसले नेपालको मेडिकल क्षेत्र, त्यसको उपलब्धता र बजारीकरणमा मद्दत गर्नेछ,' उनले भने, 'नेपालको मेडिकल क्षेत्र थप आधुनिक हुनुपर्छ, स्वास्थ्य उपचारमा पनि प्रविधिले सहजता थपेको छ।' प्रदर्शनीमा चिकित्सा तथा डायग्नोस्टिक क्षेत्रमा विश्वभर विकसित नवीनतम उत्पादन र प्रविधि राखिएको छ। यसले अस्पताल, चिकित्सक, प्याथोलोजिस्ट, वैज्ञानिक, डिलर, वितरक, आयातकर्ता, खुद्रा विक्रेता तथा अन्य खरिदकर्तालाई जोड्ने विश्वास गरिएको छ।

नबिल बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८३/०१/१८)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

१ **ऋणीको नाम र ठेगानाको विवरण (पोखरा शाखा, कास्की)**

प्राइभेट फर्म रजिष्ट्रशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग कार्यालयमा मिति २०६९/१२/१४ मा प्रा. फ. दर्ता नं. ६७६३/०६९ /०७० अन्तर्गत दर्ता भएको **सुर्योदय हर्डवेयर एण्ड सप्लायर्स**।

रजिष्टर्ड ठेगानाः शिवचोक उपमहानगरपालिका वडा नं.१० पोखरा, कास्की।

ऋणी फर्मका प्रोप्राइटरको नाम र ठेगानाको विवरण:

यादव प्रसाद पौडेलकी छोरी, तारानाथ निरौलाकी बुहारी, होमनाथ निरौलाकी पत्नी झापा जिल्ला बाहुन्डागी गाविस वडा नं.०६ स्थायी ठेगाना भएकी **निला देवी निरौला** (नागरिकता ना.प्र.न ०५३११४१४, जारी मिति २०६७/०७/२४, जिल्ला झापा)।

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. त्रिलोचन निरौलाको नाति, तारानाथ निरौलाको छोरा झापा जिल्ला बाहुन्डागी गाविस वडा नं.०६ स्थायी ठेगाना भएको **होमनाथ निरौला** (नागरिकता ना.प्र.न ०५३१२७३, जारी मिति २०५४/०६/२१, जिल्ला झापा)।
२. होमनाथ खतिवडाकी छोरी, तारानाथ निरौलाकी बुहारी, नव राज निरौलाकी पत्नी इलाम जिल्ला चुलाचुली गाविस वडा नं.०६ स्थायी ठेगाना भएकी **कविता खतिवडा** (नागरिकता ना.प्र.न ०३०२२३/१२४८, जारी मिति २०६३/१२/०४, जिल्ला इलाम)।
३.त्रिलोचन निरौलाको नाति, तारानाथ निरौलाको छोरा झापा जिल्ला बाहुन्डागी गाविस वडा नं.०६ स्थायी ठेगाना भएको **नव राज निरौला** (नागरिकता ना.प्र.न.०५३१२७७, जारी मिति २०५८/०७/०६, जिल्ला झापा)।

धितोको विवरण

१. **निला देवी निरौला**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको झापा जिल्ला मेचिनगर नगरपालिका वडा नं ३ सिट नं. १८००००८ मा अवस्थीत कित्ता नं. ३५३, ३५५ र ३५७ जग्गा क्षेत्रफल क्रमश: ६४, २०० र ९६ वर्ग मिटर भएको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
२. **होमनाथ निरौला**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहे को झापा जिल्ला मेचिनगर नगरपालिका वडा नं २ सिट नं. १८००००८ मा अवस्थीत कित्ता नं. १४२६ जग्गा क्षेत्रफल ३२० वर्ग मिटर भएको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
३. **निला देवी निरौला**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कास्की जिल्ला अर्घो वडा नं २ सिट नं. ०९४१०८५३ र ०९४१०८४४ मा अवस्थीत कित्ता नं. ७०२६ र ७४६० जग्गा क्षेत्रफल क्रमश: ०-८-३-१ र ०-९-२-० भएको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
४. **नव राज निरौला**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको भक्तपुर जिल्ला दुवाकोट वडा नं ३ सिट नं. ३ख मा अवस्थीत कित्ता नं. २२३५ जग्गा क्षेत्रफल ३८१.४८ वर्ग मिटर भएको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

२ **ऋणीको नाम र ठेगानाको विवरण (दुवाकोट शाखा, भक्तपुर)**

प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन २०७६ बमोजिम प्रदेश सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय बाग्मती प्रदेश भक्तपुरमा मिति २०७९/०२/०५ मा प्रा. फ. दर्ता नं. ३-३३-३७४-५६८/०७८/०७९ अन्तर्गत दर्ता भएको **किड्स यार्ड**।

रजिष्टर्ड ठेगानाः राधे राधे, मध्यपुर थिमी महानगरपालिका वडा नं.०५ भक्तपुर।

ऋणी फर्मका प्रोप्राइटरको नाम र ठेगानाको विवरण:

होमनाथ खतिवडाकी छोरी, तारानाथ निरौलाकी बुहारी, नव राज निरौलाकी पत्नी इलाम जिल्ला चुलाचुली गाविस वडा नं.०६ स्थायी ठेगाना भएकी **कविता खतिवडा** (नागरिकता ना.प्र.न ०३०२२३/१२४८, जारी मिति २०६३/१२/०४, जिल्ला इलाम)।

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. यादव प्रसाद पौडेलकी छोरी, तारानाथ निरौलाकी बुहारी, होमनाथ निरौलाकी पत्नी झापा जिल्ला बाहुन्डागी गाविस वडा नं.०६ स्थायी ठेगाना भएकी **निला देवी निरौला** (नागरिकता ना.प्र.न ०५३११४१४, जारी मिति २०६७/०७/२४, जिल्ला झापा)।
२. त्रिलोचन निरौलाको नाति, तारानाथ निरौलाको छोरा झापा जिल्ला बाहुन्डागी गाविस वडा नं.०६ स्थायी ठेगाना भएको **होमनाथ निरौला** (नागरिकता ना.प्र.न ०५३१२७३, जारी मिति २०५४/०६/२१, जिल्ला झापा)।
३.त्रिलोचन निरौलाको नाति, तारानाथ निरौलाको छोरा झापा जिल्ला बाहुन्डागी गाविस वडा नं.०६ स्थायी ठेगाना भएको **नव राज निरौला** (नागरिकता ना.प्र.न.०५३१२७७, जारी मिति २०५८/०७/०६, जिल्ला झापा)।

धितोको विवरण

१. **नव राज निरौला**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको भक्तपुर जिल्ला दुवाकोट वडा नं ३ सिट नं. ३ख मा अवस्थीत कित्ता नं. २२४७ जग्गा क्षेत्रफल ०-६-२-१ वर्ग मिटर भएको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
२. **कविता खतिवडा**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको भक्तपुर जिल्ला दुवाकोट वडा नं ३ सिट नं. ३ख मा अवस्थीत कित्ता नं. २२४९ जग्गा क्षेत्रफल ०-१-१-१ वर्ग मिटर भएको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

पोखरा- २९ का वडाध्यक्ष गुरुङको सार्वजनिक जग्गामा घर र स्कुल

आफ्नो नाममा भएको जग्गा बिक्री गरी सार्वजनिक जग्गा कब्जा

कास्कीमा **रोहितराज पराजुली**

पोखरा महानगरपालिका- २९ का वडाध्यक्ष श्रीप्रसाद गुरुङ सार्वजनिक जग्गा कब्जा गरी बसेको भेटिएको छ। पोखरा महानगरपालिकाले ४ वैशाखमा नगर क्षेत्रभित्रका सार्वजनिक, ऐलानी, पर्ती जग्गा खाली गराउन अनधिकृत रूपमा निर्माण गरिएका संरचना ३५ दिनभित्र हटाउन एक सूचना जारी गरेको थियो। यो सूचना जारी भएपछि वडाध्यक्ष नै सार्वजनिक जग्गा कब्जा गरी बसेको भेटिएको हो।

वडाध्यक्ष गुरुङले ३६ वर्षदेखि पोखरा- २९ भण्डारढिकस्थित साढे दुई रोपनी सार्वजनिक जग्गा (जुन तत्कालीन अवस्थामा स्थानीयले खेल मैदानका रूपमा प्रयोग गर्ने गरेका) कब्जा गरी बस्दै आएको भेटिएको हो। एमालेबाट निर्वाचित वडाध्यक्ष गुरुङले आफू साढे दुई रोपनी सार्वजनिक जग्गामा बस्दै आएको बताए पनि स्थानीयका अनुसार उनले प्रयोग गर्दै आएको जग्गा चार रोपनीहाराहारीमा छ। हाल सो जग्गामा वडाध्यक्ष गुरुङले स्थानीय शीतला अधिकारीसँगको साझेदारीमा मन्टेस्वरी स्कुल सञ्चालन गर्दै आएका छन्। यसअघि सो जग्गामा वडाध्यक्षले रेस्टुरेन्ट सञ्चालन गरेका थिए। उनले प्रयोग गर्दै आएको जग्गामा टिनका टहरासँगै एउटा एक तला ढलान र त्यसमाथि टिनको छानासहितको दुईतले घर छ। सोही ढलान घरको तलामा उनी बस्दै आएका छन्।

स्थानीयका अनुसार तत्कालीन अवस्थामा उनले आफ्नो नाममा भएको जग्गा बिक्री गरी सार्वजनिक जग्गा कब्जा गरेका हुन्। हालको पोखरा-२३ पन्चासेस्थित सिदानेबाट ०३२ मा आमाबुबा र तीन दाजुभाइसहित पोखरा झरेका गुरुङ परिवारले त्यसको केही समयपछि भण्डारढिकमा ६-७ रोपनी जग्गा खरिद गरेका थिए। खरिद गरेको जग्गा भागबन्डा लगाउँदा उनको भागमा एक रोपनी परेको थियो। आफ्नो नामको जग्गा उनले ०४३ मा बिक्री गरी त्यसको केही समयपछि उनीसँगै नौजना स्थानीयले खेल मैदानका रूपमा प्रयोग गर्दै आएको जग्गा कब्जा गरी बसेका थिए। स्थानीयका अनुसार तत्कालीन अवस्थामा भण्डारढिकमा गुरुङले नै खाली जग्गामा मान्छेहरू ल्याएर बसाल्न सुरु गरेका थिए।



पोखरा- २९ भण्डारढिकस्थित सार्वजनिक जग्गामा गुरुङले सञ्चालन गरेको मन्टेसरी स्कुल

वडाध्यक्ष श्रीप्रसाद गुरुङ भन्छन्- ०४८ देखि साढे दुई रोपनी जग्गा प्रयोग गर्दै आएको छु



हाम्रो परिवार ०३२ मा सिदानेबाट तल बजारमा झरेको हो। आफू बसेको स्थाननजिकै खाली जग्गा देखेपछि तत्कालीन अवस्थामा हामी नौजनाले सो जग्गा भागबन्डा गरी ०४७ देखि बस्न सुरु गरेको हो। हामीले चार रोपनी जग्गा बाँडेका थियौं। मेरो भागमा डेढ रोपनी जग्गा परेको थियो। नौजनामध्ये एकजनाले सो स्थान छाड्ने बताएपछि ०४८ मा पाँच सय दिएर मैले उसले जग्गा खरिद गरेको थिएँ। मैले किनेको र पाएको गरी साढे दुई रोपनी जग्गा ०४८ देखि प्रयोग गर्दै आएको छु। सो जग्गामा केही समय रेस्टुरेन्ट सञ्चालन गरेको थिएँ, नचलेपछि एकजना बैनीसँग मिलेर डेढ वर्षदेखि मन्टेस्वरी सञ्चालन गर्दै आएको छु।

■ अध्यादेशको असर

त्रिविका तीन पदाधिकारी र उद्योग मन्त्रालयमातहतका दुई संस्थान प्रमुखले दिए राजीनामा

नयाँ पत्रिका

सयौं राजनीतिक नियुक्ति खारेजका लागि सरकारले सिफारिस गरेका अध्यादेश जारी हुनुअघि नै त्यस्ता नियुक्ति लिएकाले राजीनामा दिन सुरु गरेका छन्। बिहीबार त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्राडा दीपक अर्याल, रेक्टर प्राडा खड्ग केसी र रजिस्ट्रार प्राडा केदारप्रसाद रिजालले राजीनामा दिएका हुन्।

प्रधानमन्त्री एवं त्रिवि कुलपति बालेन्द्र शाहसमक्ष राजीनामा बुझाएका उनीहरूले सरकारले विगतमा भएका राजनीतिक नियुक्ति खारेजीको तयारी थालेपछि मार्गप्रशस्त गरेको बताएका छन्। 'सबै नियुक्ति नयाँ ढंगले गर्ने भनेपछि हामीले प्रधानमन्त्री कार्यालयमा राजीनामा बुझाएका छौं, स्वीकृति पनि होला,' उपकुलपति अर्यालले भने, 'सरकारको सहजताका लागि मागप्रशस्त गरेका हौं।' राजीनामा बुझाएर तीनै पदाधिकारी बिहीबारै बिदा भएका छन्। शिक्षा मन्त्रालयअन्तर्गत त्रिविबाहेक अन्य विश्वविद्यालय र प्रतिष्ठानका पदाधिकारीले पनि राजीनामा दिने तयारी गरिरहेका छन्।

त्यस्तै, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका प्रवक्ता नेत्र सुवेदीका अनुसार हेटौंडा सिमेन्ट उद्योगको सञ्चालक समिति अध्यक्ष नरेन्द्र भण्डारी र व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक शरदविक्रम राणाले पनि राजीनामा दिएका छन्। 'दुई संस्थानका प्रमुखले राजीनामा दिनुभएको छ, तर राजीनामा रुजुका लागि खबर गरे पनि आउनुभएको छैन,' उनले भने, 'राजीनामा स्वीकृतिको प्रक्रियामा छ।

सरकारले राजनीतिक नियुक्ति लिएकालाई पदमुक्त गर्न ६ अध्यादेश प्रमाणीकरणका लागि राष्ट्रपति रामचन्द्र पौडेलकहाँ सिफारिस गरेको थियो। सहकारीसम्बन्धी एउटा अध्यादेश जारी गरेका राष्ट्रपति अन्यको हकमा भने परामर्शमै रहेको राष्ट्रपति कार्यालयले जनाएको छ।

शीतलनिवासमा...

पृष्ठ १ बाट क्रमशः

थिए। शीतलनिवास पुगेका कानुनविद्हरूले उनलाई प्रधानमन्त्री र दलहरूसँग परामर्श गरेर उपयुक्त निर्णय लिन सुझाएका थिए। दिउँसो सहकारी ऐन संशोधन अध्यादेश जारी गरेका पौडेलले कानुनविद्सँगको परामर्शपछि सार्वजनिक खरिद ऐन संशोधन अध्यादेश पनि प्रमाणीकरण गरेका थिए। तर, महत्त्वपूर्ण चार अध्यादेशबारे राष्ट्रपति अझै अध्ययनमै छन्।

राष्ट्रपतिले परामर्श लिन बोलाएपछि संविधानविद्हरू बद्रीबहादुर कार्की, महादेव यादव, पूर्णमान शाक्य, भीमार्जुन आचार्य र टीकाराम भट्टराई शीतलनिवास पुगेका थिए। भट्टराईले संविधानको परिधिभित्र रहेर निर्णयमा पुग्न राष्ट्रपतिलाई सुझाव दिएको बताए। 'संवैधानिक सीमा तथा संविधानको पालना र संरक्षण गर्ने दायित्वभित्र रहेर प्रधानमन्त्री र दलहरूसँग परामर्श गरेर उपयुक्त निर्णय गर्नुस् भन्ने सुझाव दिएका छौं,' छलफलपछि भट्टराईले भने।

छलफलको सुरुमै राष्ट्रपतिले केही अध्यादेशमा विगतमा फिर्ता गरेका विषयसमेत रहेको जानकारी गराएका थिए। राष्ट्रपतिको भनाइ उद्धृत गर्दै एक सहभागीले भने, 'अध्यादेशका कतिपय विषय यसअघि फिर्ता गरिएका छन्, परामर्शमै निर्णयमा पुग्न तपाईंहरूलाई बोलाएको हुँ।'

राष्ट्रपति कार्यालय स्रोतका अनुसार अध्यादेश प्रमाणीकरणअघि बुँदागत अध्ययन भइरहेको छ। अध्यादेश अध्ययनमा राष्ट्रपति पौडेल, राष्ट्रपतिका प्रमुख कानुनविज्ञ बाबुराम कुँवर, राष्ट्रपति कार्यालयका सचिव महादेव पन्थ र कानुन महाशाखा प्रमुखसमेत रहेकी सहसचिव उर्मिला जिसी सहभागी छन्। अध्ययनमा कुनै विषय नबुझिए प्रधानमन्त्री कार्यालयमा फोन गरेर बुझ्ने काम भएको पनि स्रोतले बतायो। 'कुनै बुँदा के प्रयोजनका लागि हेरफेर गर्न लागेको भन्ने बुझिँदैन। यस्तो वेला प्रधानमन्त्री कार्यालयसँगै फोनमार्फत बुझ्ने काम भइरहेको छ,' स्रोतले भन्यो, 'मौजुदा ऐनमा के व्यवस्था छ र अहिले के राख्न खोजेको हो भन्ने विषयमा गहन अध्ययन भइरहेको छ। एकैपटक धेरै अध्यादेश आएकाले पनि अध्ययनमा समय लाग्दा प्रमाणीकरणमा ढिलाइ भएको हो। एउटा अध्यादेश अध्ययन गर्न कम्तीमा ५-६ घण्टा लागिरहेको छ।' एउटा अध्यादेशको अध्ययन सकिएपछि प्रमाणीकरण प्रक्रियामा लैजाने र अर्कोको अध्ययन थाल्ने गरेकाले पनि चरणबद्ध जारी हुने स्रोतको भनाइ छ।

राष्ट्रपति कार्यालयका प्रवक्ता रितेश शाक्यले अध्यादेश अध्ययन गरेर प्रमाणीकरण गर्ने विगतदेखिकै अभ्यास भएको बताए। कार्यालयले सबैको सल्लाह लिएर निर्णय गरिरहेकाले प्रमाणीकरणमा केही ढिलाइ भएको उनको भनाइ छ। 'सरकारले एकैपटक धेरै अध्यादेश पेस गरेकाले अध्ययन गर्न केही समय लागेको हो,' उनले भने। राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले पनि अध्ययनपछि राष्ट्रपति निर्णयमा पुग्ने बताए।

अब राष्ट्रपतिले संवैधानिक परिषद् ऐन संशोशन अध्यादेश, सार्वजनिक पदाधिकारी पदमुक्तिसम्बन्धी अध्यादेश, विश्वविद्यालय तथा स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी ऐन संशोधन अध्यादेश र केही नेपाल ऐन संशोधन अध्यादेश (२०८३) प्रमाणीकरण गर्न बाँकी छ।

वरिष्ठ अधिवक्ता प्राडा गान्धी पण्डित भने राष्ट्रपतिले अध्यादेश अध्ययनका नाममा 'होल्ड' गर्न नमिल्ने र फिर्ता गर्न पनि नपाउने बताउँछन्। 'संसद् नबसेका वेला सरकारलाई जरुरी पर्‍यो भने अध्यादेश ल्याएर काम गर्न पाउँछ। मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्ने संवैधानिक व्यवस्था छ। विधेयक १५ दिन होल्ड गरेर फिर्ता गर्न सक्ने अधिकार राष्ट्रपतिलाई छ, तर अध्यादेश होल्ड वा फिर्ता गर्ने अधिकार छैन। अध्ययनका नाममा रोक्ने होइन, जस्ताको तस्तै जारी गर्नुपर्छ। त्यसको जस-अपजसको भारी बोक्ने सरकारले नै हो,' उनले भने, 'अध्यादेश संसद् अधिवेशन सुरु भएको ६० दिनभित्र संघीय संसद्को दुवै सदनबाट पास गर्नुपर्छ, पास नभए स्वतः निष्क्रिय हुन्छ।'

महान्यायाधिवक्ताको राय- अध्यादेशको विषयवस्तुमा राष्ट्रपति प्रवेश गर्न मिल्दैन

राष्ट्रपति पौडेलले अध्यादेशका विषयमा महान्यायाधिवक्ता नारायणदत्त कँडेलसँग पनि परामर्श गरेका थिए। कँडेलले सरकारबाट सिफारिस भएको अध्यादेशभित्र रहेका विषयमा राष्ट्रपति प्रवेश गर्न नमिल्ने राय दिएका छन्।

'राष्ट्रपतिले अध्यादेश अध्ययनको क्रममा छ भन्नुभयो। मैले मन्त्रिपरिषद्बाट निर्णय भएर सिफारिस भएका अध्यादेशको कन्टेन्टमा राष्ट्रपति प्रवेश गर्न मिल्दैन, तत्काल प्रमाणीकरण गर्नुपर्छ भनेँ,' महान्यायाधिवक्ता कँडेलले भने, 'राष्ट्रपतिको प्रमुख सल्लाहकार प्रधानमन्त्री र कानुनी सल्लाहकार महान्यायाधिवक्ता हो। मन्त्रिपरिषद्ले जे सिफारिस गरेको छ जस्ताको तस्तै जारी गर्नुपर्छ।' कँडेलका अनुसार राष्ट्रपतिले समग्र अध्यादेशबारे चासो राखेका थिए।

मुख्य योजनाकार...

पृष्ठ १ बाट क्रमशः

नक्कली सफ्टवेयर बनाएर विवरण हेरफेर गर्दै मिलेमतोका ठेकेदारलाई ठेक्का पारिदिने सुनिश्चित गर्थे। ठेक्का हत्याउन ह्याकर हायर गर्ने र ह्याकरलाई ६० लाख रुपैयाँसम्म खर्च गरेकोसमेत भेटिएको छ।

सिआइबीले पूर्वमन्त्री विक्रम पाण्डेसहित १३ जना (जसमध्ये १० निर्माण व्यवसायी र अन्य तीन शंकास्पद व्यक्ति)लाई पक्राउ गरी अनुसन्धान गर्दा यी तथ्यहरू भेटिएका हुन्। सिआइबीका एक उच्च अधिकारीका अनुसार अनुसन्धानको क्रममा विगत तीन वर्षदेखि सार्वजनिक खरिद अनुगमन कार्यालयको अनलाइन बोलपत्र प्रणालीमा ह्याकिङ गरी विवरण हेरफेर गर्दै ठेक्का हत्याउँदै आएको र करिब तीन सय ठेक्का हत्याएको पुष्टि भइसकेको छ।

कालिका कन्स्ट्रक्सनका मालिक रहेका पूर्वमन्त्री पाण्डे, आशिष निर्माण सेवाका सञ्चालक ऋषिकेश गौलीलगायतलाई सिआइबीले पक्राउ गरिसकेको छ। 'ह्याकिङको काममा संलग्नदेखि निर्माण व्यवसायीहरूलाई पक्राउ गरेर अनुसन्धान गरिरहेका छौं,' सिआइबीका प्रवक्ता एसएसपी शिवकुमार श्रेष्ठले भने, 'संगठित अपराधको कसुरमा यस प्रकरणका सबै पक्षमाथि अनुसन्धान गरिरहेका छौं।'

यसरी काम गरेको आशंकामा एक सयभन्दा धेरै निर्माण व्यवसायी छानबिनको दायरामा छन्। सिआइबीले प्रणालीमा अनधिकृत पहुँच पुर्‍याइएका अन्य बोलपत्र प्रणालीको पनि विवरण संकलन गरी ती ठेक्का हत्याउने निर्माण व्यवसायीमाथि छानबिन गरिरहेको छ।

खासगरी ठुला ठेक्कामा यसरी ह्याकिङ हुने गरेको सिआइबीले जनाएको छ। बोलपत्रमा अन्तिम समय सकिएपछि बोलपत्रको अनलाइन प्रणालीमा अनधिकृत पहुँच पुर्‍याएर सबैको विवरण हेर्ने र आफ्नो बोलपत्रको प्रस्ताव सबैभन्दा कम हुने गरी संशोधन गर्दै आएका थिए। 'निर्माण व्यवसायको क्षेत्रमा यस्तो ह्याकिङ सामान्य भइसकेको रहेछ,' सिआइबीका एक अधिकारी भन्छन्, 'सार्वजनिक खरिद अनुगमन कार्यालयको प्रणालीको कमजोरीमा खेलेर यस्तो धन्दा चल्दै आएको थियो।'

विगतमा पनि प्रणालीमा अनधिकृत पहुँच पुर्‍याएको विषय देखिए पनि त्यसमा विस्तृत छानबिन गरी सुधार गर्न सार्वजनिक खरिद अनुगमनको कार्यालयले चासो दिएको थिएन। यसैको बलमा निर्माण व्यवसायीले ह्याकरलाई हायर गरेर ठेक्का पाउने गरेका थिए।

सरकारी नासु नै मुख्य योजनाकार

यसरी अनलाइन बोलपत्र प्रणालीमा अनधिकृत पहुँच पुर्‍याएर ठेक्का हत्याउने धन्दाका योजनाकार सरकारी कर्मचारी नै भएको खुलेको छ। ३३ वर्षीय दिवाकर देउजाले नै यसरी ठेकेदार र ह्याकरबिच समन्वय गराएर ठेक्का ह्याकिङ गराउँदै आएका थिए। धनकुटाको पाख्रिबास गाउँपालिका- ५ स्थायी घर भएका उनलाई सिआइबीले एक महिनाअघि नै पक्राउ गरिसकेको छ। उनी सहरी विकास तथा भवन निर्माण कार्यालय धनकुटाका कर्मचारी भएको सिआइबीले जनाएको छ।

उनी यस्तै अपराधमा दोस्रोपटक पक्राउ परेका हुन्। ०७७ सालको असारमा सिआइबीले नै उनलाई पक्राउ गरेको थियो। त्यसवेला उनले नेपाल टेलिकमको सर्भर ह्याक गरी 'टपअप' प्रणालीमार्फत ठुलो रकम हिनामिना गरेका थिए। त्यस अपराधमा अदालतबाट छुटेका उनी फेरि यस्तै धन्दामा लागेका हुन्।

सिआइबी स्रोतका अनुसार यसका लागि उनले सार्वजनिक खरिद अनुगमन प्रणालीको जस्तै नक्कली सफ्टवेयर बनाएका थिए। त्यसमार्फत उनले अनलाइन बोलपत्र प्रणालीमा पहुँच पुर्‍याएर विवरण हेर्ने र ठेकेदारहरूलाई आफैं सम्पर्क गरेर ठेक्का पारिदिने प्रस्ताव गर्दथे। सोहीअनुसार विदेशमा रहेका अर्का ह्याकरमार्फत बोलपत्र प्रणालीमा गएर बोलपत्रको प्रस्ताव नै संशोधन गरी ठेक्का पारिदिने गरेको हालसम्मको अनुसन्धानमा खुलेको छ। यसबापत उनले कमिसन लिने गर्दै आएको सिआइबीले जनाएको छ। उनको आर्थिक कारोबारको विषयमा पनि सिआइबीले अनुसन्धान गरिरहेको छ।

ह्याकरलाई ६० लाख रुपैयाँसम्म खर्च, क्रिप्टोमार्फत ह्याकरलाई विदेशमा भुक्तानी

एउटै ठेक्कामा ६० लाख रुपैयाँसम्म ह्याकरलाई दिने गरेको सिआइबी अनुसन्धानले देखाएको छ। यस्तो ह्याकर भने विदेशमा छन्। उनीहरूलाई क्रिप्टोमार्फत रकम भुक्तानी हुने गरेको थियो।

पक्राउ परेका केही निर्माण व्यवयासीले क्रिप्टोमार्फत ह्याकरलाई भुक्तानी गरेको पुष्टि भएपछि सिआइबीले क्रिप्टोसम्बन्धी कसुरमा पनि अनुसन्धान थालेको छ। विदेशमा पैसा पठाउन हुन्डीभन्दा क्रिप्टो सुरक्षित भएपछि उनीहरूले यस्तो शैली अपनाउने गरेका थिए। केही निर्माण व्यवसायीले क्रिप्टोको कारोबारसमेत गर्दै आएको अनुसन्धानमा खुलेको छ।

केयुकेएलको ठेक्कामा ह्याकिङ प्रस्ट भएपछि प्रहरीले आशिष निर्माण सेवाका अध्यक्ष ऋषिकेश गौलीलाई पक्राउ गरेको थियो। पाँचवटा प्याकेजमार्फत खुलाइएको ठेक्कामा करिब चार अर्बबराबरको तीनवटा प्याकेज आशिष निर्माण सेवाले पाउने तय भएको थियो। सो कम्पनीले ह्याकरमार्फत प्रस्ताव संशोधन गरी सबैभन्दा कममा ठेक्का पाउन लागेको अनुसन्धानमा पुष्टि भएको छ। सो परियोजनाको सबै प्याकेजको ठेक्का यसैगरी ह्याकिङ गरी हत्याउने प्रयास भएको स्रोत बताउँछ।

भाखा नाघेको कर्जा बुझाउनेबारे कृषि विकास बैंक लि. को २१ दिने सूचना

सूचना प्रकाशन मितिः २०८३/०१/१८ गते

यस शाखा कार्यालयबाट तपसिल बमोजिमका ग्राहकहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघि निम्न लेखिएबमोजिम अनुसारका रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनुपर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकमसमेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र यस कार्यालयमा बुझाउनका लागि यो सूचना गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तिय संस्था ऐन २०७३, कृषि बिकास बैंक लि. को कर्जा असुली विनियमावली तथा प्रचलित ऐन नियमबमोजिम कर्जा लिँदा लेखिदिएको धितो लिलाम बिक्री र कर्जा सूचना केन्द्र लि. को कालोसुचीमा समावेश गरी वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असुलउपर गरिने व्यहोरासमेत जानकारी गराउँदछौं। साथै तपसिल बमोजिमका ग्राहकहरूलाई बैंकबाट कर्जा लिन मञ्जुरीनामा र जमानी दिनेहरूलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउने जानकारी गराइएको छ।

तपसिल

सम्बन्धित कार्यालय : शाखा कार्यालय धनकुटा

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	पिता/पतिको नाम	उद्देश्य	सावा रकम रू.	२०८३।०१।१५ सम्मको बक्यौता ब्याज तथा अन्य लेना रकम	बुझाउनुपर्ने जम्मा रकम	धितो मञ्जुरीनामा/जमानत दिने
१.	अच्युता बंगुर फार्म (प्रो. अच्युता राई)	चुङवाङ ९, धनकुटा	श्रीमान राई/अर्जुन निरौला	संस्थागत ओडी कर्जा र सहुलियत कृषि कर्जा	७७०,१००.००	१०,०००.००	७८०,१००.००	अर्जुन निरौला
२.	कार्की कृषि तथा पशु फर्म (प्रो.हरी बहादुर कार्की	मुर्तिढुंगा ०६, धनकुटा	तार्क बहादुर कार्की/ नर माया कार्की	संस्थागत ओडी कर्जा र सहुलियत कृषि कर्जा	४,५६५,३००.००	११०,७००.००	४,६७६,०००.००	भूल कुमारी कार्की/रोशन कार्की/नर माया कार्की/मिलन कार्की/अम्बिका कार्क
३.	बस्नेत गौशाला पशुपालन तथा कृषि फर्म नर्सरी (प्रो.पदम बहादुर बस्नेत)	पाख्रीबास ४, धनकुटा	रुद्र बहादुर बस्नेत/ तारा बस्नेत	लाईभस्टक कर्जा	२,२६२,५००.००	४९,०००.००	२,३११,५००.००	तारा बस्नत/चेत कुमारी बस्नेत/अम्बिका कार्की/मान बहादुर बस्नेत/शान्त बहादुर बस्नेत
४.	निर्मला उपाध्या पौडेल	चौबिसे ०७, मौनाबुधुक, धनकुटा	खिर बहादुर बस्नेत/ हरिप्रसाद उपाध्या पौडेल	सरल कृषि कर्जा	७४०,०००.००	३७,०००.००	७७७,०००.००	हरिप्रसाद उपाध्या पौडेल
५.	मिलन फर्निचर उद्योग (प्रो.मिलन कुमार खड्गी)	धनकुटा ६, दिपाचौक धनकुटा	कृष्ण बहादुर खड्गी/ अन्जु खड्गी	उद्योग कर्जा	४,७९०,१८५.८०	१५०,०००.००	४,९४०,१८५.८०	कृष्ण बहादुर खड्गी/नरदेवि खड्गी/किरण कुमार खड्गी/सिरिना खड्गी/अन्जु खड्गी

कृषि विकास बैंक लि.
कर्जा असुली तथा संकलन विभाग
मुख्य कार्यालय काठमाडौं।

आयोगैपिच्छे निवेदन मात्र लिइन्छ, भूमिहीन र सुकुमवासीले पाउँदैनन् लालपुर्जा

● **यज्ञराज उपाध्याय**, अध्यक्ष, भूमि आयोग, कैलाली



७० प्रतिशत काम स्थानीय तहले गर्नुपर्छ, तर स्थानीय तहले धेरै चासो नदिँदा आयोगलाई काम गर्न गाह्रो भएको हो। एउटा आयोगले काम गऱ्यो, रिजल्टमा नपुग्दै आयोग विघटन हुन्छ, अर्को आयोगले फेरि शून्यबाट काम थाल्नुपर्ने हुन्छ।



देशभरका अतिक्रमित जग्गामा बनेका संरचना हटाउन गृहको परिपत्र

काठमाडौं/ सरकारले देशभरका अतिक्रमित जग्गामा बनेका संरचना हटाउन ७७ वटै जिल्ला प्रशासन कार्यालयमा सर्कुलर जारी गरेको छ। गृह मन्त्रालयले देशभरका प्रमुख जिल्ला अधिकारीलाई बिहीबार पत्र पठाउँदै सम्बन्धित निकायको सहयोग र समन्वयमा जिल्लामा रहेका अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गाको पहिचान गरी उक्त जग्गाहरूमा रहेको अतिक्रमण हटाउने योजना सम्बन्धित निकायबाट माग गरी मन्त्रालयमा पठाउन पनि भनेको छ। जिल्ला प्रशासन कार्यालयमा परिपत्र गरिएको गृह प्रवक्ता आनन्द काफ्लेले जानकारी दिए। जिल्ला प्रशासन कार्यालय काठमाडौंले शुक्रबार बिहान ७ बजेदेखि जिल्लाका सबै सुकुमवासी बस्तीमा एकैपटक डोजर चलाउने तयारी गरेको छ। प्रशासनले बिहीबार साँझसम्म आ-आफ्नो सामान सार्न निर्देशन दिएको छ। शुक्रबार बागमती करिडोर क्षेत्रका बाँकी र गोंगबु क्षेत्रका अवैध संरचनामा डोजर चलाउनेछ। 'अधिकांश संरचना त भत्काइसकेका छौं, तर अझै पनि धेरै अवैध संरचना भत्काउनुपर्नेछ,' जिल्ला प्रशासन कार्यालय काठमाडौंका एक कर्मचारीले भने, 'यसअघि छुटेका संरचना शुक्रबार भत्काउँछौं, सोहीअनुसार सामान सार्न निर्देशन पनि भइसकेको छ।'

धनगढीमा **तेजराज भट्ट**

सरकारैपिच्छे भूमिसम्बन्धी आयोग गठन हुने गरे पनि कैलालीमा भूमिहीन, सुकुमवासी र अव्यवस्थित बसोबासीले जग्गाधनी प्रमाण पुर्जा पाउन सकेका छैनन्। कैलाली देशभरमै सबैभन्दा बढी भूमिहीन, सुकुमपवासी र अव्यवस्थित बसोबासी रहेको जिल्लामध्ये पर्छ। तर, हालसम्म गठन भएका अधिकांश आयोगले उनीहरूबाट निवेदन लिनेबाहेक धेरैलाई जग्गाधनी पुर्जा वितरण गर्न सकेका छैनन्।

पछिल्ला ६ वर्षयता मात्र तीनवटा आयोग गठन भइसकेका छन्। त्यसमध्ये दुईवटा आयोगले एउटा पनि जग्गाधनी प्रमाण पुर्जा वितरण गरेनन्। एउटा आयोगले १६५ परिवार भूमिहीन, सुकुमवासी र भूमिहीन दलितलाई जग्गाधनी प्रमाण पुर्जा वितरण गरेको तथ्यांक छ।

भूमिहीन, सुकुमवासी र अव्यवस्थित बसोबासीलाई जग्गाधनी प्रमाणपुर्जा दिन भनेर सरकारले हालसम्म डेढ दर्जनभन्दा बढी आयोग गठन गरेको छ। तर, यहाँका भूमिहीन, सुकुमवासीको समस्या अझै उस्तै छ। राजनीतिक नियुक्ति र सत्तारूढ दलबिच भागबन्डाका आधारमा गठन हुँदै आएका आयोगमध्ये धेरैले भूमिहीन सुकुमवासीका निवेदन लिनेबाहेक काम गर्न सकेनन्।

पछिल्लो समय ०८१ पुसमा गठन भएको भूमि समस्या समाधान आयोग कैलालीले हालसम्म जग्गाधनी प्रमाण पुर्जा वितरण गर्न सकेको छैन। आयोगमा अहिलेसम्म एक लाख ३४ हजार ५६३ परिवारले जग्गाधनी प्रमाणपुर्जाका लागि निवेदन दिएका अध्यक्ष यज्ञराज उपाध्यायले जानकारी दिए। उनका अनुसार तीमध्ये १३ हजार २६० भूमिहीन, सुकुमवासी, ६ हजार ८४० भूमिहीन दलित र एक लाख १४ हजार ४९१ परिवार अव्यवस्थित बसोबासी हुन्। 'केही ठाउँमा लालपुर्जा लिन आउन भनेर सूचना जारी गरेका थियौं, तर राजस्व बढी भयो भनेर भूमिहीन, अव्यवस्थित बसोबासीहरू लालपुर्जा लिन आएनन्,' आयोगका सर्भेक्षक वीरेन्द्र सिंहले भने, 'यो आयोग गठन भएपछि लालपुर्जा वितरण भएको छैन।'

त्यसअघि उपाध्याय नै अध्यक्ष रहेको राष्ट्रिय भूमि आयोग कैलालीले भने १६५ परिवार भूमिहीन सुकुमवासी र भूमिहीन दलितलाई जग्गाधनी प्रमाण पुर्जा वितरण गरेको थियो। उपाध्याय ०७८ चैतमा आयोगको अध्यक्ष नियुक्त भएका थिए। उपाध्यायअघि ०७७ माघमा अध्यक्ष नियुक्त भएका दीपकप्रसाद देवकोटाको करिब एक वर्षको कार्यकालमा पनि निवेदन लिनेबाहेक एउटै जग्गाधनी प्रमाणपत्र वितरण भएन।

सुकुमवासी, भूमिहीनको व्यवस्थापनका लागि उनीहरूलाई जग्गाधनी प्रमाण पुर्जा दिन सरकारले भूमि आयोग, सुकुमवासी आयोग, भूमि समस्या समाधान आयोगलगायत विभिन्न नाममा आयोग गठन गर्दै आएको छ। विगतका अधिकांश आयोगले संकलन गरेका निवेदनको विवरणसमेत सरकारी निकायमा छैन। भूमिहीन सुकुमवासीको समस्या समाधान गर्न भनेर गठन हुने आयोगहरू राजनीतिक कार्यकर्ताको व्यवस्थापन गर्ने भर्तीकेन्द्रजस्तै बन्ने गरेका छन्। अहिले रहेको आयोगका अध्यक्षले सहसचिव र तीनजना सदस्यले उपसचिवस्तरको तलब सुविधा पाउँछन्।

भूमिहीन, सुकुमवासीहरू सार्वजनिक निकायको नाममा रहेको जमिन, ऐलानी जग्गा तथा वनजंगलको छेउछाउलगायत क्षेत्रमा बसोबास गर्दै आएका छन्। आयोगका नाममा जग्गा वितरण गर्ने भनेर सरकारले आफूहरूलाई झुक्याउँदै आएको उनीहरूको गुनासो छ। धनगढी उपमहानगरपालिका- १ का भूमिहीन धनबहादुर गौचनले २३ वर्षयता बनेका हरेक आयोगमा आफूले निवेदन दिए पनि अहिलेसम्म जग्गाधनी प्रमाण पुर्जा नपाएको गुनासो गरे। अब पुनर्स्थापनाको आशा नै मरिसकेको उनले बताए। 'हरेक आयोगमा निवेदन दिएँ, तर कुनै पनि आयोगबाट जग्गा पाइएन,' उनले भने, 'अहिलेसम्मका आयोगहरू राजनीतिक भर्तीकेन्द्र मात्र बने। कुनै आयोगले सुकुमवासी, भूमिहीनलाई लालपुर्जा दिन सकेनन्।' सरकारले जतिसक्दो चाँडो आफूहरूको व्यवस्थापन गर्नुपर्ने उनको माग छ।

राष्ट्रिय भूमि अधिकार मञ्च कैलालीका अध्यक्ष लक्ष्मण विकले आयोगैपिच्छे सुकुमवासी र भूमिहीनबाट निवेदन लिने काम मात्र भएको बताए। हालसम्म १९ वटा आयोग गठन भएकोमा कैलालीमा डेढ सयहाराहारी मात्र लालपुर्जा वितरण भएको आफ्नो जानकारीमा रहेको बिकले बताए।

'०६३ पछि बनेका कुनै पनि आयोगले काम गर्न सकेनन्। आयोगसँग भूमिहीन, सुकुमवासीको आसै मरिसक्यो भन्दा हुन्छ,' उनले भने, 'सरकार फेरबदल हुनेबित्तिकै आयोग विघटन गरिने भएकाले पनि काम हुन नसकेको हो।' अहिले आयोगले लिएको विवरणका आधारमा सरकारले भूमिहीन, सुकुमवासीको व्यवस्थापन गर्नुपर्ने माग आफूहरूको रहेको अध्यक्ष विकले बताए। उपाध्यायले स्थानीय तहले चासो नदिनु, राजस्व बढी हुनु, स्थानीय तहले समयमै जमिनको वर्गीकरण नगरिदिनुजस्ता कारणले आयोगलाई काम गर्न समस्या रहेको बताए। ऐनअनुसार सुकुमवासी, भूमिहीन, अव्यवस्थित बसोबासीको पहिचान, जमिनको वर्गीकरणलगायत कामको दायित्व स्थानीय तहको रहेको उनले बताए।

■ जनकपुरमा गुठीको जग्गामा घर बनाएर बसेकाले गरे प्रदर्शन

गुठी संस्थान जनकपुरको मात्र १० बिघाभन्दा बढी जग्गा अतिक्रमण

जनकपुरधाममा **हृदिश खुद्दार**



सरकारले जनकपुरधामस्थित गुठी संस्थानको जग्गामा बनेका घर भत्काउने तयारी थालेसँगै प्रभावित स्थानीयले प्रदर्शन गरेका छन्। गुठी कुटी भूमिहीन घरजग्गा व्यवस्थापन समितिको अगुवाइमा बिहीबार नगरका विभिन्न चौकमा प्लेकार्डसहित परिक्रमा गर्दै उनीहरूले आफूहरू बस्दै आएको जग्गाको लालपुर्जाको माग गरेका छन्।

उनीहरूले गुठी संस्थान, जनकपुरधाम उपमहानगरपालिका, जिल्ला प्रशासन कार्यालयअगाडि प्रदर्शन गर्नुका साथै मधेश प्रदेश सरकारको प्रशासनिक भवनअगाडि केही समय धर्नासमेत दिएका थिए। उनीहरूले पुनर्स्थापनाविना घर भत्काउन नमिल्ने चेतावनीसमेत दिए। देशभर सुकुमवासीमाथि डोजर चलाएर सरकारले 'आतंक मच्चाएको' आरोप लगाउँदै उनीहरूले प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)को राजीनामासमेत मागेका छन्।

जनकपुरधाममा लालपुर्जावाला जग्गा महँगो भएकाले आफूहरूले महन्थमार्फत जग्गा लिएको प्रदर्शनमा सहभागी एक महिलाले बताइन्। अर्की महिलाले बाबालाई पैसा दिएर कुटीको जग्गा लिएको, तर अहिले सरकारले भत्काउने सुनेर विस्थापित हुने अवस्थामा पुगेको बताइन्।

बेला कुटीवरिपरि सयौं परिवार गुठीको जग्गामा घर बनाएर बसोबास गर्दै आएका छन्। उनीहरूले महन्थलाई ५० हजारदेखि दुई लाख रुपैयाँसम्म बुझाएर पाँच धुरदेखि दुई-चार कट्ठासम्म जग्गा उपयोग गर्दै आएका छन्। बेला कुटी मात्र नभई जनकी मन्दिर, रत्नसागर, दशरथ मन्दिर, राम मन्दिर र लक्ष्मण मन्दिरआसपासका सयौं बिघा गुठी जग्गा अनियमित रूपमा बिक्री-वितरण भई त्यहाँ घर, मल, होटेल र अस्पतालसम्म निर्माण भएका छन्।

जनकपुरधाममा करिब १० हजार बिघा गुठीको सार्वजनिक जग्गा अतिक्रमण र अनियमित बिक्रीमार्फत निजीकरण भएको पाइएको छ। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयद्वारा गठित एक समितिको प्रतिवेदनमा २५ वटा गुठीका नौ हजार ८४६ बिघा १२ कट्ठा जग्गा अतिक्रमणमा परेको उल्लेख छ। त्यसमा जनकपुर गुठीको मात्र १० बिघाभन्दा बढी जग्गा अतिक्रमणमा परेको छ।

०६२ मा भोजराज घिमिरेको संयोजकत्वमा गठित उच्चस्तरीय कार्यदलको प्रतिवेदनअनुसार जनकपुर नगरभित्र रहेका ४९ सार्वजनिक पोखरीमध्ये पाँचवटा हराइसकेका छन्। ०४८ को जनकपुर टाउन प्रोफाइलअनुसार ५८ धार्मिक पोखरीसहित ४० हेक्टर क्षेत्रफलमा ८२ पोखरी थिए, जसमा ३२.८ प्रतिशत पोखरीले आफ्नो अस्तित्व गुमाइसकेका छन्। ती पोखरी पुरेर बस्ती, होटेल, अस्पताल तथा कलेज निर्माण गरिएको छ। जनक सरोवर, अमृत कुण्ड, गोपाल सर, पयश्विनी सर र बलदेव सरजस्ता पोखरी लोप भइसकेका छन्।

संघीय सरकारले सार्वजनिक गरेको सयबुँदे कार्यसूचीमा गुठी जग्गा संरक्षण र अतिक्रमण नियन्त्रणलाई प्राथमिकतामा राखिएको छ। कार्यसूचीअनुसार सार्वजनिक जग्गाको डिजिटल अभिलेख तयार गर्ने, निगरानी प्रणाली सुदृढ गर्ने तथा अवैध कब्जा हटाउने अभियान सञ्चालन गरिने भनेपछि जनकपुरधाममा गुठीको जग्गामा घर बनाएर बसेकाहरू त्रसित भएका हुन्।

संक्षेप

२५ करोड लागतमा खानेपानी आयोजना बन्दै

सल्यान/ सल्यानको शारदा नगरपालिकावासीलाई स्वच्छ खानेपानी पुऱ्याउने उद्देश्यसहित खैरावाङ सामुदायिक खानेपानी आयोजनाको शिलान्यास गरिएको छ। २५ करोड ४३ लाखको लागतमा शारदा नगरपालिकाका एक हजार १९९ घरधुरीलाई लक्षित गरी खानेपानी आयोजनाको बिहीबार शारदा नगरपालिकाका मेयर प्रकाश भण्डारीले शिलान्यास गरेका हुन्। शारदा नगरपालिका वडा नम्बर १, ११ र १२ वडाका पाँच हजार चार सय जनसंख्यालाई लक्षित गरी नगरपालिकाको गौरवको आयोजनाअन्तर्गत आयोजनाको सुरुवात गरिएको मेयर प्रकाश भण्डारीले बताए। झन्डै १२ सय घरधुरीमा खानेपानीको सहज सुविधा पुऱ्याउने गरी खानेपानी आयोजना निमार्णको प्रक्रिया सुरु गरिएको उनको भनाइ छ। 'नगरभित्रका कोही पनि नागरिक खानेपानीको पहुँचबाहिर नहून् भन्ने उद्देश्यका साथ तीन वडाका नागरिकलाई लक्षित गरी आयोजना अघि बढाएका छौं। यो आयोजना सम्पन्न भएमा वर्षौंदेखि स्वच्छ खानेपानीको पर्खाइमा रहेका नागरिकले राहत पाउनेछन्,' उनले भने।

२०७ स्थानीय तह नापी र मालपोत सेवा दिन तयार

काठमाडौं/ नापी र मालपोत सेवासमेत दिन २०७ स्थानीय तह इच्छुक देखिएका छन्। ती पालिकाले सम्बन्धित स्थानीय तहबाटै नापी र मालपोतसम्बन्धी सेवा दिन इच्छा जाहेर गर्दै भूमि व्यवस्था मन्त्रालयमा निवेदन पठाएका छन्। नापी तथा मालपोत कार्यालयका सेवा स्थानीय तहबाटै प्रदान गर्न इच्छुक पालिकालाई उक्त कार्यमा सहभागी हुनेबारे निवेदन पठाउन एक साताअघि मन्त्रालयले सूचना आह्वान गरेको थियो। त्यसैअनुसार बिहीबारसम्म २०७ वटा पालिकाले स्थानीय तहबाट सेवा दिन इच्छुक रहेको जानकारी सहित मन्त्रालयमा निवेदन पठाएका हुन्। मन्त्रालयमा निवेदन दिएका इच्छुक पालिकामा हुम्लाको सर्केगाड गाउँपालिका, इलामको चुलाचुली गाउँपालिका, सर्लाहीको चक्रघट्टा गाउँपालिका, कञ्चनपुरको बेलडाँडी गाउँपालिकासहित घोराही, धरान र धनगढी उपमहानगरपालिकासमेत रहेका मन्त्रालयले जनाएको छ। यस्तै, भरतपुर र पोखरा महानगरपालिकाले समेत स्थानीय तहबाटै नापी तथा मालपोतको सेवा दिन तयार रहेको भन्दै मन्त्रालयमा निवेदन पठाएका छन्। प्राप्त निवेदनउपर मन्त्रालयले अध्ययन थालेको छ।

नीलकण्ठ बहुमुखी क्याम्पसले अन्तर्राष्ट्रिय शैक्षिक सम्मेलन गर्दै

धादिङ/ नीलकण्ठ बहुमुखी क्याम्पसले प्रथम अन्तर्राष्ट्रिय शैक्षिक सम्मेलन गर्ने भएको छ। १८ र १९ वैशाखमा हुने सम्मेलनको तयारी पूरा भएको क्याम्पसले जानकारी दिएको छ। बिहीबार आयोजित पत्रकार सम्मेलनमा क्याम्पस प्रमुख डा. मुरारी अधिकारी र सहायक क्याम्पस प्रमुख युवराज सुवेदीले सम्मेलनको उद्देश्य, कार्यक्रम र अपेक्षित उपलब्धिबारे जानकारी दिए। 'यो अन्तर्राष्ट्रिय सम्मेलनले क्याम्पसमा अनुसन्धानमूलक संस्कृतिको विकास गर्न सहयोग पुग्नेछ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञहरूसँगको अन्तर्क्रियाबाट ज्ञान, अनुभव र अभ्यासको आदानप्रदान हुने भएकाले यसले समग्र शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने विश्वास छ,' अधिकारीले भने। सहायक क्याम्पस प्रमुख सुवेदीले सम्मेलनले विद्यार्थी र शिक्षकलाई विश्वस्तरीय शैक्षिक बहससँग जोड्ने महत्त्वपूर्ण अवसर प्रदान गर्ने बताए। सम्मेलनमा त्रिभुवन विश्वविद्यालयका पदाधिकारी, त्रिविवन विज्ञान अध्ययन संकायका डिन डा. ठाकुर सिलवाल, शिक्षा संकायका डिन डा. वेदराज आचार्य, वाणिज्य तथा व्यवस्थापन संकायका डिन डा. एसके बराल, काठमाडौं विश्वविद्यालय शिक्षा संकायका डिन डा. बालचन्द्र लुइँटेल तथा युलियन्स स्कुलका शैक्षिक विभाग प्रमुख एवं भिजिटिङ फ्याकल्टी डा. मेदिन लामिछाने 'की-नोट स्पिकर'का रूपमा रहने आयोजकले जनाएको छ।

■ शेखरपक्षीय नेताहरूको भेला

क्रियाशील सदस्यता पुनः अद्यावधिक गर्न नहुने निष्कर्ष

नयाँ पत्रिका



डा. शेखर कोइराला पक्षले कांग्रेसको १५औं महाधिवेशनका लागि क्रियाशील सदस्यता नवीकरण भइसकेको अवस्थामा पुनः अद्यावधिक गर्न नहुने निष्कर्ष निकालेको छ। कोइराला पक्षको बागमती प्रदेशस्तरीय भेलाले एउटै महाधिवेशनका लागि पटकपटक सदस्यता अद्यावधिकको विषय जायज नहुने निष्कर्ष निकालेको हो।

भेलामा कोइरालाले सदस्यताको विषय पेचिलो बनेको भन्दै पुनः दोहोऱ्याएर गर्नु उचित नहुने बताएका छन्। 'साथीहरूले १५औं महाधिवेशनकै लागि एकपटक नवीकरण गरिसक्नुभयो। फेरि सोही प्रयोजनका लागि अद्यावधिक गर्न खोज्नु उचित होइन। यो किन भइरहेको छ, बुझ्न सकिएको छैन,' भेलामा सहभागी एक नेताले कोइरालाको भनाइ उद्धृत गर्दै भने, 'अहिलेको विषम परिस्थितिमा पार्टी एकता आवश्यक छ। त्यो काम जिम्मा लिएका साथीहरूले गर्नुपर्ने हो। तर, जसरी पहल हुनुपर्ने हो, त्यो हुन सकेको छैन।'

पार्टी एक बनाएर लैजाने जिम्मेवारी पनि सभापति गगन थापाकै भएको निष्कर्ष कोइराला पक्षले निकालेको छ। छलफलमा डा. शशांक कोइराला, धनराज गुरुङ, बद्री पाण्डे, जीवन परियार, बलबहादुर केसी, एनपी साउद, दीपक गिरी, सञ्जय गौतम, शिव हुमागाईं, राजीव कोइराला, टेकप्रसाद गुरुङ, उमेशजंग रायमाझी, डा. गोविन्दराज पोखेल, किरण यादव, डा. चन्द्रमोहन यादव, उर्मिला थपलियालगायत नेता सहभागी थिए। 'छलफलमा सहभागीले १५औं महाधिवेशनका लागि क्रियाशील सदस्यता नवीकरण भइसकेको अवस्थामा पुनः अद्यावधिक गर्न नहुने अडान राखेका छन्। अहिले आएर सदस्यता अद्यावधिक व्यावहारिक नभएको उनीहरूको तर्क थियो,' कोइरालाको सचिवालयले जारी गरेको प्रेस नोटमा छ। भेलामा नेताहरूले विशेष महाधिवेशनकै कारण पार्टीमा एकता कायम हुन नसकेको दाबी पनि गरेका छन्। पार्टी एक बनाएर लैजाने सम्पूर्ण जिम्मेवारी सभापतिकै रहेको उनीहरूको निष्कर्ष छ।

देउवा समूहले भन्यो- पूर्वाग्रही र आपत्तिजनक

निवर्तमान सभापति शेरबहादुर देउवा पक्षले पार्टीको क्रियाशील सदस्यता कुनै नेताको लहड वा उत्तेजनामा खारेज नहुने बताएको छ। खड्काले महाधिवेशनको वैधानिक व्यवस्थाबाहेक कसैले पनि सदस्यता खारेज गर्न नसक्ने स्पष्ट पारेका छन्। काठमाडौंमा भएको आफूपक्षीय नेताहरूको भेलाको निर्णय बिहीबार सार्वजनिक गर्दै निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्काले पार्टीको क्रियाशील सदस्यता लहडमा खारेज हुन नसक्ने जिकिर गरेका हुन्। 'कुनै नेताको आवेग, उत्तेजना वा लहडका भरमा पार्टीका योद्धा र सहिद परिवारको भावनासँग जोडिएको सदस्यता खारेज हुन सक्दैन,' खड्काले भनेका छन्, 'निर्दलीय पञ्चायती व्यवस्थामा ज्यान हत्केलामा राखेर लिएको सदस्यता कुनै नेताको हारजितसँग मात्र होइन, लोकतन्त्रको लडाइँ र सहिदको सम्मानसँग जोडिएको छ।' मुलुक विषम राजनीतिक परिस्थितिमा रहेका बेला पार्टीभित्र एकता खोज्नुको सट्टा विभाजन र भ्रम सिर्जना गर्ने गतिविधि नगर्न पनि उनले ध्यानकर्षण गरेका छन्। 'पूर्वाग्रह साँधेर अनुशासनको नाममा स्पष्टीकरण सोध्ने र उनीहरूमाथि कारबाहीको डन्डा बजार्ने कार्य तीव्र गतिमा बढेको घटनाक्रमप्रति हामी गम्भीर आपत्ति प्रकट गर्दै त्यस्तो निरंकुश प्रवृत्ति तत्काल रोक्न र आगामी दिनमा नदोहोऱ्याउन सम्बन्धित पक्षको ध्यानाकर्षण गर्दछौं,' विज्ञप्तिमा उल्लेख छ।

देशभरिकै जग्गा रोक्का र फुकुवा बैंकबाटै

काठमाडौं/ सरकारले मालपोत कार्यालयमा हुने ढिलासुस्ती र बिचौलियाको प्रभाव अन्त्य गर्न जग्गाको धितो बन्धकी तथा रोक्का-फुकुवा प्रक्रियालाई पूर्ण रूपमा अनलाइन प्रणालीमा लगेको छ। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले शासकीय सुधारसम्बन्धी कार्यसूचीअन्तर्गत नतिजामा आधारित शासकीय प्रबन्ध लागू गर्ने क्रममा सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने नयाँ व्यवस्था कार्यान्वयनमा ल्याएको हो।

भूमि व्यवस्था तथा अभिलेख विभागले बिहीबार परिपत्र जारी गर्दै बैंक तथा वित्तीय संस्थाबाट हुने धितो बन्धकीको कामलाई अनिवार्य अनलाइन गर्न निर्देशन दिएको हो। यो व्यवस्था पूर्ण रूपमा कार्यान्वयनमा आएपछि ऋण लिन वा चुक्ता गरेपछि जग्गा रोक्का र फुकुवा गर्न सेवाग्राही आफैं मालपोत धाउनुपर्ने र बिचौलियालाई अतिरिक्त रकम बुझाउनुपर्ने बाध्यताको अन्त्य हुने दाबी गरिएको छ।

अबदेखि मालपोत कार्यालयबाट प्रदान हुँदै आएको धितो बन्धकी रोक्का फुकुवासम्बन्धी सेवा अब अनिवार्य रूपमा अनलाइन प्रणालीमार्फत मात्र सञ्चालन हुने भएको छ। नागरिकलाई छिटो, सहज तथा बिचौलियामुक्त सेवा पूर्वानुमानयोग्य समयभित्र उपलब्ध गराउने तथा सेवा प्रक्रियालाई मुहारविहीन, समयबद्ध र पूर्ण रूपमा डिजिटल बनाउने लक्ष्यअनुरूप यो व्यवस्था लागू गरिएको मन्त्रालयले जनाएको छ।

खर्बुजा चोर्न आएको भन्दै नौ वर्षीय बालकलाई बाँधेर सडकमै कुटपिट

कुटपिट आरोपमा भोज नाथ पक्राउ, ज्यान कसुरमा मुद्दा चलाइने

कञ्चनपुरमा **मोहन विष्ट**

करेसाबारीको खर्बुजा चोर्न आएको भन्दै कञ्चनपुरको वेदकोट नगरपालिका- ५, धरमपुरका नौ वर्षीय बालक तपेन्द्र भण्डारीलाई बाँधेर निर्घात कुटपिट गरिएको छ। स्थानीयका अनुसार बुधबार पोल्खरीस्थित चौधर नदीको तटीय क्षेत्रमा फुटबल खेल्ने क्रममा बल भोज नाथको खर्बुजाबारीमा गएको थियो। बल लिन जाँदा खर्बुजा चोर्न आएको आशंकामा उनको दुवै हातखुट्टा बाँधेर निर्घात कुटपिट गरिएको हो। आमाबाबु भारत गएपछि उनी मामाघर बस्दै आएका छन्।

बालकको हातखुट्टा बाँधेको भिडियो अहिले सामाजिक सञ्जालमा सार्वजनिक भएपछि दोषीमाथि कारबाहीको माग उठेको छ। भिडियोमा नाथले 'आज मेरो तरबुजा चोर्छ, भोलि तमरो साइकल चोर्छ, पर्सि तमरो घर फोड्छ' भन्दै बालकलाई यातना दिइरहेको देखिन्छ। केही महिलाले बालकको आमाबाबु नभएको भन्दै यातना नदिन भनिरहेको सुनिन्छ। तर नाथले 'तरभुज चोर्ने अरू पनि होलान्, म यसलाई मार्छु बरु जेल जान्छु' भन्दै झम्टिरहेका छन्।



कञ्चनपुरका नौ वर्षीय बालक तपेन्द्र भण्डारीलाई बाँधेर निर्घात कुटपिट गरिँदै।

बालकले आफू आज मात्रै बारीमा पसेको भन्दै बचाउन याचना गरिरहँदा पनि नाथले गालीगलौज गर्दै कुटपिट गरिरहन्छन्। बालकका आमाबाबु रोजगारीका क्रममा भारतमा भएकाले उनलाई मामाघरकी बज्यैले पालनपोषण गर्दै आएकी छिन्। बालकमाथि सडकमै निर्घात कुटपिटको घटनालाई प्रहरीले गम्भीर रूपमा लिएको छ। कञ्चनपुरका प्रहरी प्रमुख एसपी खडकबहादुर खत्रीले बालकमाथि चरम यातना दिने घटनामा संलग्न सबैमाथि कानुनी कारबाही हुने बताए।

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी प्रवक्ता हेमबहादुर शाहीले बालकमाथि कुटपिट गर्ने नाथविरुद्ध ज्यान कसुरमा मुद्दा चलाइने बताए। 'बालक कुटपिट गर्ने अन्दाजी ३८ वर्षीय पुरुषलाई पक्राउ गरिसकेका छौं,' प्रहरी प्रवक्ता शाहीले भने, 'घटनाबारे थप अनुसन्धान जारी छ।'

भावपूर्ण श्रद्धाञ्जली



स्व. डा. राजेन्द्र प्रसाद अधिकारी (9N1JI)

नेपाल एमेच्योर रेडियो समुदायका एक आदरणीय सदस्य तथा प्रविधि क्षेत्रका अथक साधक डा. राजेन्द्र प्रसाद अधिकारी (कलसाइनः 9N1JI) को असामयिक देहावसान भएको खबरले हामी सम्पूर्ण एमेच्योर रेडियो (ह्याम रेडियो) परिवार स्तब्ध र मर्माहत भएका छौं।

डा. अधिकारी एक समर्पित प्रविधि अनुसन्धानकर्ता, विज्ञानका प्रवर्द्धक तथा हामीमध्ये धेरैका लागि प्रेरणाको स्रोत हुनुहुन्थ्यो। नेपालमा विज्ञान, सञ्चार प्रविधि र विशेष गरी एमेच्योर रेडियोको विकास, प्रवर्द्धन र यसप्रतिको चेतना जगाउने कार्यमा उहाँले पुऱ्याउनुभएको महत्त्वपूर्ण योगदानलाई यस समुदायले सधैं उच्च सम्मानका साथ स्मरण गरिरहनेछ।

यस दुःखद घडीमा शोकाकुल परिवारजनमा धैर्य धारण गर्ने क्षमता मिलोस् भनी ईश्वरसँग प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं साथै, दिवंगत आत्माको चिर शान्तिको कामना पनि गर्दछौं।

हार्दिक श्रद्धाञ्जली

साजन दुवाल (9N2SJ) । आभास मास्के (KG5WNC)
सतीश कृष्ण खरेल (9N1AA) । कल्पना पोखरेल खरेल (9N1MN)
तेजस्विता खरेल (9N1DX) । गौरीश कृष्ण खरेल (9N2AA)
प्रविनराज जोशी (9N1KK)
नेपाल एमेच्योर रेडियो समुदाय
तथा सम्पूर्ण ह्याम रेडियो परिवार, नेपाल

२०८३ साल वैशाख १८ गते शुक्रबार

ट्रेड युनियन आन्दोलनको आगामी कार्यदिशा

विभाजित ट्रेड युनियन आन्दोलनभित्र ध्रुवीकरण र एकीकरणलाई अगाडि बढाउन सके मात्रै यसले थप गति लिन सक्छ



● प्रेमलकुमार खनाल

अग्रलेख

हरेक वर्ष १ मेमा विश्वभर 'मे दिवस' मनाइन्छ। यो दिवसलाई श्रमिक वर्गको 'एकता, वीरता र संघर्ष'को प्रतीक मानिन्छ। अमेरिकाको सिकागोका मजदूरले १ मे १८८६ मा आठ घण्टा काम, आठ घण्टा विश्राम र आठ घण्टा मनोरञ्जनको माग राखेर बलिदानीपूर्ण संघर्ष गरी विजय हासिल गरेको दिनको सम्झना गर्दै १ मे १८९० देखि मे दिवस मनाउन थालिएको हो। १ मे १८८६ मा सिकागोका मजदूरले विभिन्न माग राखी आमहडताल गर्दै सडकमा उत्रिएर विशाल विरोध प्रदर्शन गरे। शासकवर्गले मजदुरको माग पूरा गर्नुको सट्टामा दमनकारी नीति अख्तियार गरे। मजदुर प्रदर्शनकारीको जुलुसमा हिंस्रक रूपमा गोली बर्साइयो। सिकागोमा रगतको खोलो बग्यो।

शासकको हिंस्रक दमनका बाबजुद पनि मजदुरको विरोध प्रदर्शन निरन्तर जारी रह्यो। १४ मे १८८६ का दिन भएको विरोध प्रदर्शनमा ६ जना मजदुर नेताको बर्बर हत्या भयो। यसले गर्दा आन्दोलन झन् चर्किंयो। झन्डै चार वर्षसम्मको लगातारको मजदुरको आन्दोलनपश्चात् अमेरिकी सरकार मजदुरलाई आठ घण्टा मात्र काममा लगाउने कानुन बनाउन र मजदुरले राखेका अन्य माग पूरा गर्न बाध्य भयो।

यसरी मजदुरले आन्दोलनबाट विजय हासिल गरेको दिनको सम्झना गर्दै थप अधिकार प्राप्तिका लागि अगाडि बढ्ने दिनका रूपमा मे दिवस मनाइन्छ। मे दिवस गौरवमय इतिहासले भरिपूर्ण छ। १ मेलाई दिवसका रूपमा मनाउन सन् १८८९ मा एंगेल्सको अगुवाइमा भएको दोस्रो कम्युनिस्ट इन्टरनेसनलको सम्मेलनमा प्रस्ताव पेस भई निर्णय भएका आधारमा विश्वभर यो दिवस मनाउन थालिएको हो।

देशमा पटकपटक भएका सामन्तवादविरोधी राजनीतिक आन्दोलनलाई निर्णायक बनाउन मुलुकको श्रम आन्दोलनबाट प्रारम्भदेखि नै महत्त्वपूर्ण भूमिका निर्वाह गरेको परिणामस्वरूप राजनीतिक रूपमा सामन्तवाद अन्त्य भएको छ। मुलुकमा लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था स्थापनासँगै नेपाली जनता सार्वभौमसत्ता सम्पन्न हुने गरी संविधान जारी भएको छ। संविधानले श्रमिकका आधारभूत अधिकारका रूपमा रहेको ट्रेड युनियन अधिकार, सामाजिक सुरक्षाको अधिकार, बेरोजगारी अन्त्य गरी रोजगारीको प्रत्याभूति, शिक्षा, स्वास्थ्य, खाद्यान्न, खानेपानीको अधिकारलगायतलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। हाम्रो संविधानले समावेशी लोकतन्त्रलाई आत्मसात् गऱ्यो, तर समावेशिताभित्र श्रमिकको राजनीतिक अधिकारलाई भने कुण्ठित गरेको छ। विधायिकालगायत नीति-निर्माणको तहमा श्रमिक वर्गको प्रतिनिधित्व हुने विषयलाई संविधानभित्र सम्बोधन गरिएको छैन। यसैगरी, श्रमिकलाई छिटोछरितो न्याय प्रदान गर्न संवैधानिक अंगका रूपमा राष्ट्रिय श्रम आयोग गठनको माग पनि संविधानभित्र सम्बोधन हुन सकेको छैन।

यसैगरी, श्रमिकको हकहित संरक्षण र संवर्द्धनका लागि बनाइएका श्रमसम्बन्धी कानुन पनि श्रमिकपक्षीय बन्न सकेका छैनन्। यस्तै, श्रम ऐनमा 'नो वर्क नो पे', 'हायर एन्ड फायर'जस्ता श्रमिकविरोधी प्रावधानलाई समावेश गरिएको छ। भर्खरै सम्पन्न निर्वाचनपछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वमा सरकार गठन भएको छ। वर्तमान सरकारले शिक्षक, कर्मचारी, चिकित्सक, श्रमिक र भूमिहीन किसानका समस्या समाधान गर्ने सर्वत्र अपेक्षा भइरहेको वेला सरकारले जारी गरेको १०० बुँदे राष्ट्रिय प्रतिबद्धतापत्रमा श्रमिक कर्मचारीको ट्रेड युनियन खारेज गर्ने उल्लेख गरेको छ। संघीय निजामती सेवा ऐनको मस्यौदामा पनि ट्रेड युनियन नरहने विषय सार्वजनिक गरेको छ।

समाजका नागरिकको संगठन स्वतन्त्रताको अधिकारभैँ श्रमिक कर्मचारीको ट्रेड युनियन अधिकार हो। यसअन्तर्गत श्रमिक कर्मचारीलाई आफूलाई मन परेको ट्रेड युनियन गठन गर्ने, ट्रेड युनियनको सदस्यता लिन पाउने, आफ्ना पिरमर्कालाई सरकार तथा व्यवस्थापनसमक्ष मागका रूपमा पेस गरी सामूहिक सौदाबाजी गर्न पाउने र माग पूरा नभएमा दबाबमूलक हडताल गर्न पाउने अधिकार पर्छन्। यी अधिकार विश्वव्यापी मानव अधिकार घोषणापत्र, अन्तर्राष्ट्रिय श्रम संगठनबाट पारित भएका अभिसन्धि नं ८७, ९८, १५१ र १५४ तथा नेपालको श्रम ऐन र ट्रेड युनियन ऐनले प्रदान गरेका अधिकार सरकारी निकायमा काम गर्ने कर्मचारी, शिक्षकलगायत सम्पूर्ण श्रमिकले उपभोग गर्न पाउनुपर्छ।

नेपाल अन्तर्राष्ट्रिय श्रम संगठन आइएलओको सदस्य राष्ट्र हो। आइएलओबाट पारित अभिसन्धिलाई नेपालले अनुमोदन गरेर श्रमिकको मौलिक हक-अधिकारका रूपमा संविधानको धारा ३४ मा समेत ट्रेड युनियन अधिकार सुनिश्चित भएको छ। अतः आइएलओबाट पारित अभिसन्धि र संविधानको पालना गर्नु सरकारको कर्तव्य भए पनि वर्तमान सरकारले श्रमिकका आधारभूत अधिकारका रूपमा रहेका अन्तर्राष्ट्रिय अभिसन्धि र नेपालको संविधानले प्रत्याभूत गरेको ट्रेड युनियन अधिकार कुण्ठित गर्ने हिसाबले ट्रेड युनियनमाथि प्रतिबन्ध लगाउने वा ट्रेड युनियन गठन गर्न नदिने कार्य भएमा यो



लोकतन्त्रविरोधी कदम हुनेछ। यसबाट सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरबाट विरोधको सामना गर्नुपर्ने हुन्छ र स्वयं अन्तर्राष्ट्रिय श्रम संगठनले नेपाल सरकारको यस्तो निर्णयविरुद्ध आवश्यक कदम चाल्न सक्छ। यस्तो अवस्थामा वर्तमान सरकारको छवि धमिलिन सक्छ।

यतिवेला विश्व ट्रेड युनियन आन्दोलनमा पनि अनेकन चुनौती खडा भएका छन्। विश्व साम्राज्यवादले युद्ध र द्वन्द्व सिर्जना गरेको छ। अमेरिका र इजरायलले प्यालेस्टाइनमा गरेको आक्रमणमा हजारौँ श्रमिकको हत्या भएको छ। हजारौँ श्रमिक आफ्नो मातृभूमि छोड्न बाध्य भएका छन्। यस्तै इरानमा गरेको आक्रमणले झन्नै भयावह अवस्था सिर्जना गरेको छ। भेनेजुएला र क्युबामा गरेको अमानवीय नाकाबन्दीले समस्या थपिएका छन्।

> मौलिक हकका रूपमा संविधानमै रहेको श्रमसम्बन्धी हक र यसअन्तर्गत ट्रेड युनियन खोल्ने र सामूहिक सौदाबाजीको अधिकारलाई कुण्ठित हुन नदिन ट्रेड युनियनले खबरदारी गर्न जरुरी छ

विश्व साम्राज्यवाद र पुँजीवादले अहिले श्रमशोषण तीव्र रूपमा गरिरहेको छ। ट्रेड युनियनको विरोधलाई मत्थर बनाउन साम्राज्यवाद र पुँजीवादसँग वर्ग समन्वयको नीति अवलम्बन गर्ने 'एल्लो ट्रेड युनियन केन्द्र'लाई करोडौँ डलर रकम अनेक परियोजनाका नाममा सञ्चालन गर्न दिएर श्रमिकपक्षीय ट्रेड युनियन आन्दोलन कमजोर बनाउन लागिरहेको छ। तर, आफूलाई प्रगतिशील भन्ने कतिपय ट्रेड युनियनले त्यसैको प्रलोभनमा साम्राज्यवादी पुँजीवादी पक्षधर केन्द्रसँग सम्पर्क सम्बन्ध बनाउँदै लगेका छन्। यति मात्र होइन, कम्युनिस्ट आन्दोलनभित्र समेत यही प्रवृत्तिले पकड र प्रभाव बढाउँदै जाने खतरा उत्पन्न भएको छ।

नवउदारवादी अर्थनीति अवलम्बनपछि सबैभन्दा बढी श्रम क्षेत्र प्रभावित भएको छ। अस्थायी, करारमा काम लगाउने, न्यूनतम तलब पारिश्रमिक नदिने, सामाजिक सुरक्षाको दायरा नबढाउने नीति कायमै छ। उत्पादन र रोजगारी वृद्धिमा राज्यको लगानी वृद्धि नगर्नु, आयात व्यापार गरेर गुजारा चलाउनु, बर्सेनि लाखौँको संख्यामा वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यात्मक अवस्था सिर्जना गरिनु तथा रेमिट्यान्सबाट प्राप्त रकमले आयात व्यापार गर्नुले श्रम क्षेत्र प्रताडित छ। शिक्षा र स्वास्थ्य क्षेत्रमा व्यापारीकरण बढेको छ। जनताको शिक्षा, स्वास्थ्य, सुरक्षित आवास, स्वच्छ खानेपानी, खाद्यान्न, सामाजिक सुरक्षा र रोजगारीका अधिकार सुनिश्चित हुन सकेको छैन। यतिखेर मे दिवस मनाइरहँदा नेपालको श्रम आन्दोलनले विशेषतः आगामी दिनमा निम्न भूमिकालाई आफ्नो कार्यदिशाका रूपमा आत्मसात् गर्न जरुरी छ :

पहिलो, संविधानमा उल्लिखित मौलिक हकका रूपमा रहेको श्रमसम्बन्धी हक र यसअन्तर्गत ट्रेड युनियन खोल्ने र सामूहिक सौदाबाजीको हक अधिकारलाई कुण्ठित हुन नदिन ट्रेड युनियनले खबरदारी गर्न आवश्यक छ। दोस्रो, जनताको आधारभूत हकअधिकारअन्तर्गत शिक्षा, स्वास्थ्य, आवास, खाद्यान्न, खानेपानी, सामाजिक सुरक्षा र रोजगारीको हक कार्यान्वयन अहिलेको आवश्यकता हो। यी अधिकार कार्यान्वयन गर्न-गराउन ट्रेड युनियनले राष्ट्रव्यापी अभियान सञ्चालन गर्न जरुरी छ। तेस्रो, श्रमजीवी वर्गको हक अधिकारको संवैधानिक एवं कानुनी रूपमा सुनिश्चितता प्रदान गर्ने अभियानलाई पनि सँगसँगै अगाडि सार्न जरुरी छ। श्रमिक वर्गको विधायिकालगायत नीति-निर्माण तहमा प्रतिनिधित्वको सुनिश्चितता, सामाजिक सुरक्षाको प्रत्याभूति, चर्को श्रम शोषण अन्त्य गरी श्रमिक वर्गको सेवा सुरक्षा, वृत्तिविकास, जीवन निर्वाह गर्न पुग्ने तलब, ज्याला पारिश्रमिक माग गर्दै श्रमिकको जीवनलाई समृद्ध बनाउने दिशामा अबको काम र भूमिकालाई केन्द्रित गर्नुपर्छ।

चौथो, मुलुकको विकास नभई आर्थिक समृद्धि हासिल गर्न सकिन्न। उत्पादन वृद्धि, गुणस्तरीय सेवा र उत्पादकत्व अभिवृद्धि नगरी आर्थिक विकास सम्भव छैन। ट्रेड युनियनले अब आफ्ना सदस्यलाई आफू कार्यरत संस्थाको उत्पादन, गुणस्तरीय सेवा र उत्पादकत्व वृद्धि गर्ने दिशामा परिचालन गर्नुपर्छ। हरेक कार्यस्थलमा असल कार्यसंस्कृति निर्माण गरी यसलाई ट्रेड युनियन संस्कृतिका रूपमा विकास गर्न ट्रेड युनियनले ध्यान पुऱ्याउनुपर्छ। पाँचौँ, मुलुकको आर्थिक विकासमा आर्थिक अनियमितता, भ्रष्टाचार र दलाल पुँजीवाद बाधक बन्दै गएको छ। उत्पादन र रोजगारी वृद्धि नगरी राजस्व छली गरेर, चर्को श्रमशोषण गरेर, ब्युरोक्रेसी र सत्तारुढ राजनीतिक दलका नेतालाई हातमा लिएर रातारात धनी बन्नु दलाल पुँजीवादको विशेषता बनेको छ। अहिले उद्योग तथा सेवा क्षेत्रमा देखा परेको समस्याले यही प्रवृत्ति उजागर गरेको छ। अतः उत्पादनशील क्षेत्रमा रोजगारी वृद्धि गर्ने, रोजगारका अवसर सिर्जना गर्ने र हरेक श्रम क्षेत्रमा अन्तर्राष्ट्रिय न्यूनतम श्रम मापदण्ड लागू गर्ने मागसाथ ट्रेड युनियनले भूमिका निर्वाह गर्न सक्दा मात्र दलाल पुँजीवाद अन्त्य गरी राष्ट्रिय पुँजी निर्माण गर्ने आधार तयार हुन्छ।

छैटौँ, यतिखेर ट्रेड युनियन आन्दोलनभित्र अवसरवाद, अर्थवाद र अराजकतावादका गम्भीर चुनौती खड़ा भएका छन्। यी चुनौतीविरुद्ध ट्रेड युनियनले सुस्पष्ट लक्ष्य, ध्येय र वैचारिक दृष्टिकोणको आलोकमा वैचारिक संघर्ष नगरी ट्रेड युनियन आन्दोलन जुझारु र अनुशासित हुन सक्दैन। अतः सबै क्षेत्र र तहमा घनीभूत ढंगबाट अवसरवाद, अर्थवाद र अराजकतावादविरुद्ध वैचारिक अभियान सञ्चालन गर्न आवश्यक छ।

सातौँ, यतिवेला एउटै विचार बोकेका प्रगतिशील एवं समाजवादी विचारका अनेक ट्रेड युनियन छन्। विचार एउटै भए पनि अनेक बहानामा बेग्लाबेग्लै युनियन सञ्चालित छन्। यसले श्रमिकको शक्तिलाई विभाजित गरेको छ। तसर्थ, यतिवेला वैचारिक आधारमा ट्रेड युनियन आन्दोलनभित्र ध्रुवीकरण र एकीकरणको कामलाई पनि अगाडि बढाउन सके मात्रै ट्रेड युनियन आन्दोलनले थप गति लिने देखिन्छ। आठौँ, भिन्न विचारका आधारमा निर्माण भएका भए पनि ट्रेड युनियनले श्रमिक र जनसरोकारका मुद्दामा संयुक्त रूपमा काम गर्न आवश्यक छ। यसका लागि फराकिलो संयन्त्र बनाएर आआफ्नो अस्तित्व कायम राखेर पनि सबै युनियन एउटै प्लेटफर्ममा रहेर काम गर्न आवश्यक छ।

(पेसागत महासंघ नेपालका अध्यक्ष खनाल विश्व ट्रेड युनियन महासंघका प्रेसिडेन्सियल काउन्सिल सदस्य हुन्)

३ प्रश्न

केमिकल एन्ड मेडिकल सप्लायर्स एसोसिएसन (केमसान)का अध्यक्ष **भक्त हमाल**लाई



नेपालमा मेडिकल उपकरणको बजार मूल्य, गुणस्तरीयता र खरिद प्रक्रियाबारे प्रश्न उठ्नुको कारण के होला ?

नेपालमा गुणस्तरीय उपकरण छैनन् भन्ने होइन, गुणस्तरीयता मापन गर्ने निकायचाहिँ छैन। यहाँ आउने सामान सबै खराब छन् भन्न मिल्दैन। यहाँ अति गुणस्तरीय र भर्खर उत्पादन भएका अत्याधुनिक उपकरण पनि आइपुग्छन्। तर, कतिपय उपकरणको गुणस्तरीयता जाँचेरचाहिँ ल्याउनुपर्ने हो, तर त्यसमा सरकारको कमजोरी छ। सरकारले गुणस्तरीयता मापन नगर्दा सरकार स्वयंले खरिद गरेका उपकरणको गुणस्तरीयतामाथि समेत प्रश्न उठ्ने गरेको छ। औषधि व्यवस्था विभागले पनि प्रभावकारी रूपमा गुणस्तरीयता मापन गर्न सकेको छैन।

भृकुटीमण्डपमा भइरहेको मेडिकल उपकरणसम्बन्धी प्रदर्शनीमा केकस्ता उपकरण र प्रविधि राखिएका छन् ?

प्रदर्शनीमा औषधीबाहेक मेडिकल उपकरण, ल्याब्रोटरी उपकरण, कन्जुमर, सर्जिकल, डर्म्याटोलोजीका उपकरणलगायत ठुल्ठुला मेसिन र नयाँ प्रविधियुक्त स्रोतसाधन एकै छातामुनि राखिएका छन्। एक्स्पोमा स्वास्थ्य क्षेत्रमा चाहिने औषधिबाहेकका सबै सामान राखिएका छन्। दुनियाँमा केकस्ता मेडिकल उपकरण तथा प्रविधिको विकास भइरहेको छ, त्यसबारे जान्न पनि यो एक्स्पोले सहयोग गर्नेछ। यहाँ सिटी, एमआरआईदेखि ल्याबका सबै प्रविधि राखिएका छन्। सुगर, मुटु, ब्लड प्रेसर चेक गर्ने सामान्यदेखि ठुल्ठुलासम्म मेसिन छन्। उपभोक्ताले यहाँ राखिएका सामान रोजेर अर्डर गर्न सक्छन्।

यो प्रदर्शनबाट नेपाललाई के फाइदा पुग्छ ?

यो स्वास्थ्य क्षेत्रका नभई नहुने उपकरणको प्रदर्शनी हो। स्वास्थ्य क्षेत्रमा नयाँ प्रविधि खोज्न तथा त्यसबारे अनुसन्धान गर्न विदेश नगई यहींबाट राम्री बुझ्न सकिन्छ। यहाँ स्वास्थ्य क्षेत्रमा आविष्कार भएका नयाँनयाँ औजार र उपकरण राखिएका छन्। साथै यहाँ एआईद्वारा सञ्चालन हुने अत्याधुनिक उपकरणसमेत छन्। पछिल्लो समय स्वास्थ्यमा एआईको प्रयोग पनि बढ्दो छ। नेपालमा पनि एआईजडित उपकरणको माग बढेको पाइन्छ।

प्रेरक प्रसंग

बुद्ध र रिसाहा व्यापारी

एक धनी व्यापारी निकै रिसाहा थिए। क्रोधका कारण उनी परिवार, मित्रगण र आफन्तजनमाझ पनि अलोकप्रिय थिए। बाहिरी दुनियाँले पनि उनलाई राम्रो नजरले हेर्दैनथे। उनीसितको बस-उठले उनको परिवारका सदस्य पनि बिस्तारै रिसाहा बन्दै गएका थिए। अहंकारको टकराहटले उनको घरको वातावरण नर्कतुल्य बनेको थियो।



यो सब महसुस गरिरहेका व्यापारी दुःखी भएर एक दिन भगवान् बुद्धको शरणमा पुगे। आफ्नो अवस्थाबारे सबै यथार्थ बुद्धलाई सुनाइसकेपछि उनले क्षमायाचना गर्दै भने- भगवान्, मलाई यस नरकबाट मुक्ति दिनुहोस्। म पनि भिक्षु बन्न चाहन्छु, मलाई दीक्षा दिनुहोस्। व्यापारीको याचना सुनेपछि गम्भीर हुँदै बुद्धले भने- अहिले भिक्षु बन्ने तिम्रो समय आएको छैन। भिक्षु कहिल्यै पलायनवादी हुनु हुँदैन। तर, तिमी त परिवारभित्रको समस्याबाट भागेर भिक्षु बन्ने बाटो रोजिरहेका छौ। अब तिमी घर जाऊ र आफ्नो घर सम्हाल। तिमी अरूबाट जस्तो व्यवहारको अपेक्षा गर्छौ, आफू पनि अरूप्रति त्यस्तै व्यवहार गर। यत्ति गर्न सक्यौ भने तिम्रो घर मन्दिर बन्छ।

भगवान् बुद्धको उपदेश पाएपछि व्यापारी खुसी मनले घर फर्किए। घर फर्किएपछि उनले बुद्धको उपदेशलाई पूर्णतः अपनाए। उनले आफ्नो रिस नियन्त्रणमा राख्दै गए। परिणामतः उनका परिवारका सदस्यको पनि रिस कम हुँदै गयो। यसले उनको घरको वातावरण पनि स्वतः बदलियो। अब परिवारका सबैले आआफ्नो रिस, राग र अहंकार भुलेर आपसमा प्रेम गर्न थाले। छिटै घरको दूषित वातावरणमा नयाँ उल्लास छायो।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

कांग्रेसभित्र रडाको किन ?

यतिखेर संसदीय अंकगणितमा निकै खुम्चिएको कांग्रेसभित्रको रडाको बडो रमाइलो मोडमा पुगेको छ। प्रतिनिधिसभाका कांग्रेस संसदीय दलका नेता भीष्मराज आङदेम्बेले राष्ट्रिय सभाको कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद सिटौलाई हटाएर कमलादेवी पन्तलाई नियुक्त गरेपछि कांग्रेसको आन्तरिक किचलो रमाइलो मोडमा पुगेको हो। के कांग्रेसमा यतिखेर यो रडाको मच्चाउनु जरुरी थियो ? गरिबीले पारिवारिक कलह बढाउँछ भन्छन्, यतिखेर कांग्रेस पनि संख्यात्मक रूपमा निकै गरिब भएकाले त होला नि यो रडाको मच्चिएको। नत्र, मिलेर जानुपर्ने, पार्टीलाई गाउँतहसम्मै बलियो बनाउन लागिपर्नुपर्ने वेलामा यो रडाको किन ?

● **बलदेव चौधरी**, घोराही-४, दाङ

सबैमाथि छानबिन गरौँ

नेपाल आयल निगमका कार्यकारी निर्देशकके नेतृत्व र निर्देशनमा मूल्यवृद्धिअघि ठुलो परिमाणमा पेट्रोलियम पदार्थ बिक्री गरी निगम र आमउपभोक्तालाई ठग्ने र आफूहरूले कमिसन लिने खेल चलिरहेको समाचार पढियो। यसरी राज्यदेखि उपभोक्तासम्म ठग्ने निगमका पदाधिकारीदेखि बिचौलियासम्म सबैमाथि छानबिन गरी दोषी देखिएजति सबैमाथि कडा कारबाही गर्नु जरुरी छ। यसमा अख्तियारले छानबिन सुरु गरिसकेको सुन्नमा आएको छ। यसमा कसैको दबाब र प्रभावमा नपरी निष्पक्ष छानबिन गरौँ।

● **अमृता मरासिनी**, गाबहाल, ललितपुर

सम्झौता छिटो कार्यान्वयन होस्

चक्रपथको दोस्रो खण्ड स्तरोन्नतिका लागि चीनसँग कार्यान्वयन सम्झौता भएको समाचार पढ्दा खुसी लाग्यो। चक्रपथको कलंकीदेखि वसुन्धरासम्मको खण्डमा हुने दोस्रो चरणको स्तरोन्नतिले छिटो गति लेओस् भन्ने यस क्षेत्रका आमसर्वसाधारणसँगै चक्रपथ हुँदै यात्रा गर्ने जोकोहीको चाहना रहेको छ। नेपाल र मित्रराष्ट्र चीनबिच सम्झौता भइसकेको हुनाले अब यस क्षेत्रको चक्रपथ खण्डको स्तरोन्नति निर्धारित समयमै सम्पन्न हुनेमा हामी जनता आशावादी छौँ। काम पनि सोही गतिमा सम्पन्न होस्।

● **बलराम कपाली**, गुणस्तरफाँट, काठमाडौँ

राजनीतिक भर्ती खारेज गरौँ

पछिल्ला दिनमा गोकर्णेश्वर नगरपालिका राजनीतिक दलको भर्ती केन्द्र बनेको छ भन्दा फरक पर्दैन। यो कसैको विरोधमा लेखिएको होइन। खालि नीति, नियम र कानुनसंगत भएन भन्न खोजिएको मात्र हो। अहिलेको सरकारले राजनीतिक नियुक्ति खारेज गर्ने भन्ने समाचार सुनेकाले हाम्रो नगरपालिकामा भएको विकृतितिर पनि सरकारको ध्यान जाला कि भनेर यसो चर्चा गरिएको हो। स्थानीय तह नसुध्रिए जनताले परिवर्तनको आभास गर्न पाउँदैनन्, किनभने जनताको प्रत्यक्ष सम्पर्क हुने भनेकै स्थानीय सरकारसँग हो। राजनीतिक दलको भर्तीकेन्द्र बनेका स्थानीय तहले कहिलेसम्म उन्मुक्ति पाउने हो सरकार ? दलका नेताको मिलेमतोमा नियुक्ति पाएका नगरपालिकाका इन्जिनियर, ओभरसियर र कानुन व्यवसायीको 'मनोपोली' चलेको छ। कांग्रेस, एमाले र माओवादीकै रजगज चलेका स्थानीय निकायमा सर्वसाधारणको पहुँच नै छैन भने पनि हुन्छ। नगरपालिकामा कुनै काम लिएर गयो भने नेताकै फेर समात्नुपर्ने बाध्यताको अन्त्य कहिले होला ? ७० प्रतिशत कर्मचारी राजनीतिक नियुक्ति पाएकाहरू नै छन्। सबभन्दा पहिले स्थानीय तहमा यसको चिरफार हुनुपऱ्यो अनि मात्र सुशासनको आभास मिल्छ। राजनीतिक नियुक्ति पाएका कर्मचारीबाट सेवाग्राहीले पाउनु दुःख पाएका छन्। वर्षौंदेखि चलेको यस्तो 'सिस्टम'को अन्त्य कहिले होला सरकार ? घरको नक्सा बनाउनैका लागि पनि मनलागी पैसा असुल्छन्। त्यो पनि समयमै काम भए त हुन्थ्यो नि !

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौँ
ghimirepuru@gmail.com

वर्षौं पुराना सवारीसाधनले गिज्याइरहेको सहर

राजधानी ढाकाबाट हटाउने भनिएका सवारीसाधनले उल्टै क्षमताभन्दा बढी यात्रु ओसारेर सरकारको प्रतिबद्धताकै खिल्ली उडाइरहेका छन्

देश / विदेश

विगत डेढ दशकमा राजनीतिक नेतृत्वमा व्यापक परिवर्तन भए पनि राजधानी ढाकाका पुराना र अयोग्य बस विनाकुनै अवरोधका साथ सडकमा सञ्चालन भइरहनु अत्यन्तै निराशाजनक विषय हो। बंगलादेश सडक यातायात प्राधिकरण (बिआरटिए) का अनुसार राजधानीमा हाल सञ्चालनमा रहेका लगभग ३० प्रतिशत बस र मिनीबस २० वर्षभन्दा बढी पुराना छन्। यो तिनीहरूको आर्थिक र सञ्चालन आयुभन्दा धेरै बढी हो। प्रायः राजस्व वृद्धि गर्न यी सवारीसाधनमा थप सिट परिमार्जन गरिन्छ। तिनको यान्त्रिक अवस्था बिग्रँदै जान्छ, जसले यात्रु सुरक्षा, आराम र वातावरणीय प्रभावबारे गम्भीर चिन्ता खडा गर्छ। आफूअनुकूल सिट परिमार्जन गरिँदा सवारीसंहिताको उल्लंघन मात्र होइन, विद्यमान कानुनलाई नै चुनौती दिएको पाइन्छ। अत्यधिक इन्धन खपत गर्ने पुराना सवारीसाधन सडक दुर्घटनाको बारम्बारका कारण पनि हुन्।

राजधानी ढाका सहरमा एक त वर्षौं पुराना सवारी गुडिरहेका छन् भने अर्कातर्फ बस तथा मिनिबसले क्षमताभन्दा बढी यात्रु बोकेको पाइन्छ, जसका कारण सवारीजन्य दुर्घनामा तीव्र वृद्धि भइरहेको छ। पछिल्ला वर्षमा भएका सवारी दुर्घटनामा चालकको लापरबाहीका अतिरिक्त सार्वजनिक बसको अवस्थालाई पनि जिम्मेवार मानिएको छ। २०१० देखि गठन भएका निर्वाचित सरकारले ढाकाका सडकबाट अयोग्य र पुराना सवारीसाधन हटाउन पहल गर्ने घोषणा गरेका छन्। तर, ती प्रयास निरर्थक साबित भएका छन्। कमजोर कार्यान्वयन, राजनीतिक इच्छाशक्तिको अभाव र यातायात मालिक तथा मजदुर संघको निरन्तर प्रतिरोधका कारण यी प्रयास बारम्बार अवरुद्ध भएका छन्। सन् २०२४ को अगस्टमा भएको राजनीतिक संक्रमणपछि यातायात संघको नेतृत्व तत्कालीन प्रधानमन्त्री सेख हसिना वाजेदको पार्टी अवामी लिग-सम्बद्ध व्यक्तिबाट बंगलादेश नेसनल पार्टी (बिएनपी) सम्बद्ध नेतामा सरेको छ। धेरैले यो परिवर्तनले केही उल्लेखनीय सुधार आउने अपेक्षा गरेका थिए भने कतिपय व्यक्ति सुधार हुने भयो भनेर फुरुंग भएका थिए।

तर, दुःखको कुरा, यो परिवर्तनले यातायात क्षेत्रमा कुनै अर्थपूर्ण सुधार ल्याउन सकेको छैन। पदभार ग्रहण गरेपछि अन्तरिम सरकारले पुराना सवारीसाधन हटाउन ६ महिनाको समयसीमा तोकेको थियो र नयाँ खरिदका लागि सहयोग गर्ने वाचा गरेको थियो, तर कुनै पहल भएन। हटाउने भनिएका सवारीसाधनले अहिले सडकमा क्षमताभन्दा बढी यात्रु ओसारिरहेका छन्, जुन कार्यले सरकारको प्रतिबद्धतालाई नै खिल्ली उडाएको छ।

रिपोर्टअनुसार, ढाकामा लगभग तीन सय कम्पनी र कम्तीमा चार हजार मालिकद्वारा सञ्चालित लगभग सात हजार स्वीकृत बस छन्, तर धेरैजसो वैध फिटनेस प्रमाणपत्र वा रुट परमिटविनै चल्छन्। प्रहरी कारबाहीबाट बच्न मालिकहरूले प्रायः आफ्ना सवारीसाधनलाई प्रभावशाली व्यक्तित्वसँग सम्बन्धित कम्पनीमा आबद्ध गर्छन्। फलस्वरूप, नियमको व्यापक बेवास्ता गर्दै समग्र यातायात प्रणालीले अनौपचारिक रूपमा कानुन उल्लंघन गर्छ। यातायात विज्ञहरू भन्छन् कि यो विकृत प्रणालीले धेरै तहमा ठुलो



मात्रामा अनौपचारिक कमाइ र जबर्जस्ती गर्न सक्षम बनाउँछ। तसर्थ, नयाँ सरकारले दण्डहीनता अन्त्य गरी यातायात प्रणालीमा तत्काल सुधार गर्नुपर्ने देखिन्छ।

मार्च २०२४ मा प्रकाशित ट्रान्सपरेन्सी इन्टरनेसनल बंगलादेश (टिआइबी) को अध्ययनले निजी स्वामित्वमा रहेका बसबाट वार्षिक रूपमा लगभग एक हजार उनन्साठी करोड टाका (बंगलादेशी मुद्रा) जबर्जस्ती असुली हुने गरेको पत्ता लगाएको छ। यस्तो सन्दर्भमा, व्यवस्था र नियमनतर्फको कुनै पनि कदमले स्थापित वित्तीय हितलाई प्रत्यक्ष रूपमा खतरामा पार्छ, जसले गर्दा सुधारको प्रतिरोध उत्पन्न हुन सक्छ। तर, जसरी भए पनि यो चक्र तोड्नुपर्छ। र, यस्तो दण्डहीनता अन्त्य गर्न सरकारले तत्कालै पहल गर्नुपर्छ।

यातायात क्षेत्रमा निरन्तरको अराजकता अन्त्य गर्न नयाँ सरकारले तत्काल र प्रभावकारी कदम चाल्नुपर्छ। बस सेवा सञ्चालनलाई नियमन गरी जवाफदेही ढाँचाअन्तर्गत ल्याउन वैज्ञानिक बस रुट वा फ्रेन्चाइजमा आधारित प्रणाली लागू गरिनुपर्छ।

साथै, फिटनेस मापदण्डको कडाइसाथ कार्यान्वयन, म्याद सकिएका सवारीसाधनलाई चरणबद्ध तर समयसीमा तोकेर हटाउने र पुराना बस प्रतिस्थापनका लागि पारदर्शी वित्तपोषण संयन्त्र सुनिश्चित गरिनुपर्छ। थोत्रा र बिग्रिएका बसलाई आधुनिक सवारीसाधनले प्रतिस्थापन गर्नाले सहरी वायु गुणस्तरमा उल्लेखनीय सुधार हुनेछ, यातायात ऊर्जाको माग घट्नेछ र ऊर्जा संकटको समयमा इन्धन र विदेशी मुद्रासमेत बचत हुनेछ।

(बंगलादेशको द डेली स्टारको सम्पादकीयबाट)

इरान युद्धले बढ्दै छ औषधिको मूल्य

कच्चा पदार्थको भाउ बढेसँगै औषधिको मूल्यमा उच्च वृद्धि भएको छ



विशेषगरी सब-सहारा क्षेत्रका अफ्रिकी देश उच्च जोखिममा छन्, जोसँग औषधिको भण्डारण न्यून वा शून्य भण्डार छ। अझ ती देशसँग आपूर्ति संकटका कारण मूल्यवृद्धिलाई वहन गर्न पर्याप्त वित्तीय भार छैन। टाउको दुखाइ र फ्लुको उपचार गर्न प्रयोग गरिने पारासिटामोलको मूल्यमा वृद्धि देखिएको छ।



● प्रियंका शंकर

(शंकर भारतीय स्वतन्त्र पत्रकार हुन्)

इरानमाथि अमेरिका र इजरायलको युद्धले विश्वव्यापी रूपमा लगभग सबै चिजको मूल्यवृद्धि गरेको छ। युद्धको सुरुवाती दिनमा तेल, ग्यास र मलको आपूर्ति यस संकटको मुख्य सिकार बन्यो। तथापि, पछिल्ला दिनमा युद्धको परिणामस्वरूप औषधि र कन्डमजस्ता गर्भनिरोधकको मूल्यमा तीव्र वृद्धि भएको औषधि व्यवसायीले उल्लेख गरेका छन्। उदाहरणका लागि, संयुक्त अधिराज्यमा फार्मेसीले 'ओभर-द-काउन्टर' औषधि (प्रेसक्रिप्सनविना पनि किन्न सकिने औषधि)को लागि २० देखि ३० प्रतिशत बढी शुल्क लिइरहेका छन्।

सामान्य दुखाइ निवारक पारासिटामोलको मूल्यसमेत चार गुणाभन्दा धेरैले बढेको छ। भारतमा, रसायनविज्ञले सामान्य दुखाइ निवारकको मूल्य ९६ प्रतिशतसम्म बढेको बताइरहेका छन्। हामी मूल्यवृद्धिको पछाडिको कारण र यसले विश्वका विभिन्न देशलाई कति नराम्रो असर पार्नेछ भनेर यहाँ विश्लेषण गर्ने प्रयास गरिरहेका छौं।

किन बढ्यो औषधिको मूल्य ?

युद्धको सुरुवाती दिनदेखि नै इरानले अन्तर्राष्ट्रिय पारवहनको प्रमुख जलमार्ग हर्मुज अवरुद्ध गरेको छ, जसबाट विश्वको २० प्रतिशत तेल र तरल प्राकृतिक ग्यास (एलएनजी) आपूर्ति शान्तिकालमा हुवानी गरिन्थ्यो। यसले तेल आपूर्तिमा निर्भर औषधि आपूर्ति शृंखलालाई पनि अवरुद्ध गरेको विज्ञहरू बताउँछन्। हर्मुज अवरोधको विरोधमा अमेरिकी नौसेनाले इरानी बन्दरगाहमाथि नाकाबन्दी लगाएको छ। जवाफमा इरानले खोलिसकेको सो समुद्री मार्ग फेरि बन्द गरेपछि अवस्था पेचिलो बनेको छ। यद्यपि, पछिल्ला दिनमा अमेरिकाले प्रतिबन्ध हटाएमा उक्त जलमार्ग खोल्न सकिने संकेत इरानले गरेको छ।

'औषधिहरू दुवै पेट्रोकेमिकल (पेट्रोलियम वा प्राकृतिक ग्यासबाट प्राप्त कुनै पनि यौगिक) फिडस्टक (आपूर्ति गरिएका कच्चा वा प्रशोधित सामग्री)सँग जोडिएका छन्, जसको ठुलो हिस्सा फारसी खाडीबाट प्राप्त हुन्छ,' मिडलइस्ट काउन्सिल अन ग्लोबल अफेयर्सका गैरआवासीय वरिष्ठ व्याख्याता फ्रेडरिक स्नाइडरले भने।

यसबाहेक, औषधि उत्पादनका लागि केही रसद मार्ग (पूर्वी एसिया र युरोपबिचको मार्ग) खाडीमा विशेषगरी दुबईमा महत्त्वपूर्ण समुद्री र हवाई ट्रान्सशिपमेन्ट (ढुवानीका लागि एक सवारी साधनबाट अर्को सवारी साधनमा स्थानान्तरण) स्टप छन्। औषधि उत्पादनलाई अटुट कोल्ड चेन र विशेष ह्यान्डलिङ चाहिन्छ, तर युद्धको कारणले गर्दा दुवै अवस्था अवरुद्ध छन्।

औषधि आपूर्ति शृंखला तत्काल खतरामा नभए पनि औषधि हवाई रसदको अत्यधिक जोखिममा रहेका बेल्जियमको एन्टवर्प विश्वविद्यालयका प्राध्यापक तथा औषधि रसदका विज्ञ वाउटर डेउल्फले चेतावनी दिए। इरानमाथिको अमेरिका-इजरायल युद्धले एयरलाइन्सका लागि गम्भीर अवरोध निम्त्याएको छ, जसमा व्यापक रूपमा हवाई रद्द, हवाई क्षेत्र बन्द र जेट इन्धन संकटलगायत छन्।

'३५ प्रतिशत औषधि हवाई मार्गबाट ओसारपसार हुन्छन् र लगभग ९० प्रतिशत महत्त्वपूर्ण वा जीवन बचाउने औषधि र खोप सोही मार्गबाट एक देशबाट अर्को देश/क्षेत्रमा लगिन्छ। मेरो अनुमान छ कि विश्वव्यापी हवाई कार्गो प्रवाहको २२ प्रतिशत सामग्रीले मध्यपूर्व अवरोधको सामना गर्नुपरेको छ,' डेउल्फले भने, 'त्यसैले अहिलेको लागि मुख्य विश्वव्यापी प्रभाव औषधिको विश्वव्यापी भौतिक अभावको सट्टा ढिलाइ, पुनः मार्ग (रिरुट) र उच्च लागत हो।'

विशेषगरी, पूर्वपश्चिम कोरिडोरमा हवाई कार्गो भाडामा वृद्धि भएको कारणले औषधिमा केही सामान्य मूल्यवृद्धि हुन सक्छ। नगण्य मार्जिन भएका औषधिको मूल्यमा सापेक्षिक वृद्धि बढी हुन सक्छ।

बेलायत र भारतका औषधि पसलले टाउको दुखाइ र फ्लुको उपचार गर्न सामान्यतया प्रयोग गरिने प्यारासिटामोलको मूल्यमा वृद्धि भएको उल्लेख गरेका छन्। 'प्यारासिटामोल लगभग ९६ प्रतिशतले बढिरहेको छ,' भारतको विशाखा केमिस्ट एसोसिएसनका एक पूर्वबोर्ड सदस्यले अप्रिल १७ मा इकोनोमिक टाइम्सलाई भनेका थिए।

औषधि बनाउन प्रयोग हुने कच्चापदार्थको मूल्यमा भएको वृद्धिसँगै औषधिको मूल्यमा पनि वृद्धि भएको र पारासिटामोलको मूल्य ३० देखि ४० प्रतिशतले बढ्न सक्ने बताए। बेलायतमा पनि पारासिटामोलको मूल्य बढेको छ। राष्ट्रिय फार्मेसी संघ (एनपिए) का अध्यक्ष ओलिभियर पिकार्डले द गार्जियन अखबारलाई बताएअनुसार १०० र ५०० मिलिग्राम प्यारासिटामोल ट्याब्लेटको प्याकेटका लागि थोक विक्रेतालाई तिर्ने मूल्य मार्च महिनाको अन्त्यसम्ममा ४१ पेन्स (५५ सेन्ट) ले बढेर १.९९ पाउन्ड (२.६९ डलर) पुगेको थियो।

कुन देश सबैभन्दा बढी प्रभावित ?

स्नाइडरका अनुसार केही देशमा औषधिको मूल्य बढ्न थालेको भए पनि विश्वभर यसको प्रभाव धेरै तत्त्वमा निर्भर हुनेछ। 'अमेरिकासँग घरेलु हाइड्रोकार्बन र पेट्रोकेमिकल आपूर्ति छ। चीनले यसको अधिकांश माग अन्यत्रबाट प्राप्त गर्न सक्छ। यद्यपि, भारत औषधिको एक प्रमुख उत्पादक हो र ऊ खाडीबाट हुने आपूर्तिमा निर्भर छ। खाडी देश विश्वव्यापी औषधि आपूर्ति सञ्जालमा एक प्रमुख अवरोध हो,' उनले भने। स्नाइडरको भनाइमा अहिले अभाव हुनुको अर्को महत्त्वपूर्ण कारक रणनीतिक भण्डारण हो।

'इयूसँग एकता संयन्त्र छ। इयूले हालैको भण्डारण रणनीतिमा औषधि पनि समावेश छ। बेलायतजस्ता केही विकसित देशले खतराको महसुस गरेका छन् र आगामी साता अभाव महसुस हुनसक्ने चेतावनी दिइरहेका छन्,' उनले उल्लेख गरे।

अहिले विकासोन्मुखका देश र विशेषगरी सब-सहारा अफ्रिकाका लागि बढी गम्भीर छ, जहाँ थोरै वा केही पनि भण्डार छैन र आपूर्ति संकटका कारण मूल्यवृद्धिलाई वहन गर्न पर्याप्त वित्तीय भार छैन। हाल सुडान, यमन र प्यालेस्टाइनजस्ता मानवीय संकटको सामना गरिरहेका देशमा यस्तो समस्या देखिन्छ। 'खाडी सहकार्य परिषद् अर्थात् जिसिसीको अवस्था स्थिर देखिन्छ। सरकारले उनीहरूको आपूर्ति सुरक्षित छ भनी आश्वासन दिएका छन्, तर यदि परिस्थिति फेरि खराब भयो भने त्यो परिवर्तन हुन सक्छ,' स्नाइडरले अगाडि थपे।

द्वन्द्व र क्षेत्रीय अवरोधबाट प्रत्यक्ष रूपमा प्रभावित देश सबैभन्दा बढी पीडित हुने सम्भावना रहेको औषधि रसदका विज्ञ डेउल्फ बताउँछन्। 'औषधिको वास्तविक जोखिम विश्वव्यापी बजारमा भन्दा लेबनान, प्यालेस्टाइन र इरानमा छ,' उनले भने, 'म प्रभावित दोस्रो समूह पनि थप्नेछु, कमजोर, सहायतामा निर्भर देश जुन यो युद्धअघि नै गम्भीर दबाबमा थिए।' विशेषगरी कोल्ड-चेन र क्यान्सर औषधिका लागि बढी जोखिम समूह भनेको आयातमा निर्भर खाडी बजार हो। दुबई, अबुधाबी र दोहाजस्ता प्रमुख केन्द्र हवाई हमलाबाट प्रभावित हुँदा त्यहाँ पुनः रुटमार्फत औषधि पुगेको थियो।

(अलजजिराबाट)

इतिहासमा आज

मे १



सन् १८८६ : दुई वर्षअघि कामदारको काम अवधि आठ घण्टा बनाउनुपर्ने मागको समयसीमा नाघेपछि अमेरिकाभर आमहडताल सुरु भयो। यही हडतालको चौथो दिनपछि सिकागोको हे मार्केट चोकमा प्रहरीसँग भएको झडपमा कैयौंको ज्यान गयो। यसले विश्वभर श्रमिक अधिकारको मागलाई थप बल प्रदान गऱ्यो।

सन् १७०७ : 'एकता विधेयक (एक्ट्स अफ युनियन) कार्यान्वयनमा आएसँगै इंग्ल्यान्ड र स्कटल्यान्डको राजनीतिक एकीकरण भएर संयुक्त अधिराज्य निर्माण भयो।

सन् १८४० : बेलायतमा विश्वमा पहिलो चिठीमा हुलाक टिकटको प्रयोग भयो। 'द पेनी ब्ल्याक' नामक टिकटमा देशकी महारानी भिक्टोरियाको तस्बिर अंकित थियो।

सन् १८८४ : अमेरिकी श्रमिकको महासंघ 'युनाइटेड स्टेट्स फेडरेसन अफ अर्गनाइज्ड ट्रेड एन्ड लेबर युनियन्स'ले दुई वर्षभित्र श्रमिकको काम गर्ने समय आठ घण्टामा घटाउनुपर्ने समयसीमा तोक्यो। यो विश्वभरका श्रमिकको माग बन्न पुग्यो।

सन् १८८९ : पेरिसमा बसेको दोस्रो अन्तर्राष्ट्रिय कंग्रेसले सिकागोमा भएको मजदुर प्रदर्शनको सम्झनामा मे १ लाई अन्तर्राष्ट्रिय श्रमिक दिवस मान्नुपर्ने आह्वान गऱ्यो।

सन् १९६० : तत्कालीन भारतीय राज्य बम्बेलाई भाषिक आधारमा गुजरात र महाराष्ट्र दुई राज्यमा विभाजित गरियो।

सन् १९६४ : अमेरिकाको थार्टमाउथ कलेजमा पहिलोपटक कम्प्युटरमा बेसिक प्रोग्राम चल्यो। यसले कम्प्युटरलाई आममानिसले बुझ्न सघाएर कम्प्युटिङको नयाँ युग्ग सुरु गर्न सघायो।

सन् १९७९ : ग्रिनल्यान्डलाई डेनमार्कभित्रै स्वशासनको अधिकार प्रदान गरियो।

सन् २००३ : जर्ज डब्लु बुसले इराक युद्धको मुख्य सैन्य अभियान अन्त्य भएको घोषणा गरे। अमेरिकी राष्ट्रपतिको घोषणाका बाबजुद इराकमा अझै लामो समय युद्ध चल्यो।

सन् २००४ : युरोपेली संघको सबैभन्दा ठुलो विस्तार मानिएको यस दिनमा साइप्रस, चेक गणतन्त्र, एस्टोनिया, हंगेरी, लात्भिया, लिथुआनिया, माल्टा, पोल्यान्ड, स्लोभाकिया र स्लोभानिया एकैपटक संघको सदस्य भए।

ट्रम्पको चेतावनीपछि कच्चा तेलको मूल्य चार वर्षयताकै उच्च



वासिंटन डिसी/ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानी बन्दरगाहमाथि हाल अमेरिकाले लगाइरहेको नाकाबन्दी महिनौं लम्बिने सक्ने चेतावनी दिएलगत्तै विश्वबजारमा तेलको मूल्य सन् २०२२ पछिको उच्चतमस्तरमा पुग्यो। इरान-अमेरिकाबिच शान्ति वार्तासमेत अवरुद्ध रहेको स्थितिमा ट्रम्पको चेतावनीले बिहीबार विश्वव्यापी कच्चा तेलको मूल्य प्रतिब्यारेल १२६ अमेरिकी डलर माथि पुग्यो। चार वर्षयताकै उच्चतमस्तरमा पुगेर बिहीबार नै तेलको मूल्य प्रतिब्यारेल लगभग ११४ डलरमा झरेको थियो।

२४ घण्टाभित्र १३ प्रतिशतभन्दा बढीले बढेपछि ब्रेन्ट कच्चा तेलको मूल्य २८ फेब्रुअरीमा इरान युद्ध सुरु भएयताकै उच्चतम मूल्यमा पुग्यो। सन् २०२२ मा रुसले युक्रेनमा आक्रमण गरेपछि तेलको मूल्य १३९ डलरसम्म पुगेको थियो। त्यसयता ब्रेन्टको मूल्य १२० माथि पुगेको थिएन।

अहिले अमेरिकी नौसेनाले इरानी बन्दरगाहमाथि नाकाबन्दी लगाइरहेको छ। जवाफमा इरानले स्ट्रेट अफ हर्मुजबाट आउजाउ गर्न सक्ने सबै तेल ट्यांकरमाथि प्रतिबन्ध लगाएको छ। ट्रम्पले यसै साता तेल कम्पनीका प्रमुख कार्यकारीलाई भेटेर 'आवश्यक परेमा अमेरिकाले महिनौंसम्म इरानी बन्दरगाहमाथिको नाकाबन्दी जारी राख्नेछ' बताएको ह्वाइट हाउसका एक अधिकारीले बताए।

अमेरिकी अधिकारीले जारी नाकाबन्दीले इरानलाई आफ्नो तेल उत्पादन सीमित गर्न र उत्पादन बन्द गर्न बाध्य पार्ने आशा गरेका छन्। इरानी तेलको प्रमुख खर्ग टापुमा रहेको भण्डारण चाँडै भरिने भएकाले त्यसपछि इरानी तेल उत्पादन भण्डारण गर्न सकिनेछैन। तेलको मूल्यमा देखिएको तीव्र वृद्धिले इन्धन र औद्योगिक उत्पादनको बढ्दो लागतले गर्दा विश्वव्यापी मन्दीको जोखिम बढेको छ। 'स्ट्रेट अफ हर्मुज अझै तीन महिना बन्द रह्यो भने विश्व पूर्णस्तरको मन्दीमा पस्ने सम्भावना उच्च देखिन्छ,' नोबेल पुरस्कार विजेता अर्थशास्त्री पल क्रुगम्यानले भने।

इजरायललाई गाजामा पत्रकारको पहुँच दिन आग्रह

वासिंटन डिसी/ विश्वका शीर्ष मिडिया संस्थाका कार्यकारीले एक संयुक्त पत्र जारी गर्दै इजरायललाई विदेशी पत्रकारलाई गाजाबाट स्वतन्त्र रूपमा प्रवेशको अनुमति दिन आह्वान गरेका छन्।

'पत्रकारिताका लागि मैदानमा हुनु आवश्यक हुन्छ। यसले पत्रकारलाई सबै पक्षका आधिकारिक मान्यतामाथि प्रश्न गर्न, नागरिकसँग प्रत्यक्ष कुरा गर्न र उनीहरूले प्रत्यक्ष देखेको कुरा रिपोर्ट गर्न अनुमति दिन्छ,' बिबिसी, सिएनएन, रोयटर्स र एसोसिएटेड प्रेस (एपी) लगायत दुई दर्जनभन्दा बढी मिडिया कम्पनीका शीर्ष सम्पादकले बिहीबार भने।

इजरायल सरकारले अहिलेसम्म पत्रको जवाफ दिएको छैन। गाजामा विदेशी मिडियाको प्रवेशमा अक्टोबर ७, २०२३ देखि प्रतिबन्ध लागेको छ। सुरुमा इजरायलले प्रतिबन्धको औचित्य पुष्टि गर्न विदेशी पत्रकारले इजरायली सैनिकको स्थितिबारे रिपोर्टिङ गरेर उनको सुरक्षामा जोखिम निम्त्याउन सक्ने बताएका थिए।

पछि भने सक्रिय युद्ध क्षेत्र पत्रकारको सुरक्षामा धेरै खतरा हुने भएकाले भन्दै मिडिया आउटलेटहरूलाई स्वतन्त्र पहुँच दिन नसक्ने बताएको थियो। तथापि गाजामा ज्यान जोखिममा पारेर रिपोर्टिङमा गएका र रिपोर्टिङमा उत्रिएका सयौं गाजावासी इजरायली कारबाहीमा मारिए।

'कमिटी टु प्रोटेक्ट जर्नालिस्ट्स' नामक संगठनको तथ्यांकअनुसार अक्टोबर २०२३ मा इजरायले गाजामा आक्रमण सुरु गरेदेखि २०० भन्दा बढी पत्रकार र मिडियाकर्मी त्यस भेगमा मारिएका छन्। उता गाजाको सरकारी मिडिया कार्यालयका तथ्यांक युद्ध सुरु भएदेखि इजरायली आक्रमणमा कम्तीमा २६२ पत्रकार मारिएको बताएको छ।

चीन-जापान समुद्री सहयोग यसकारण अपरिहार्य



● डा. येन चियाङ चाङ

(चाङ सामुद्रिक विश्वविद्यालयका कानुनका प्राध्यापक हुन्।)



तटीय राज्यहरूले आफ्नो क्षेत्राधिकारको समुद्रभित्रको प्राकृतिक स्रोत विकास गर्नु सामान्य अभ्यास हो। जापानको आधारहीन हस्तक्षेपले दोहोरो मापदण्ड प्रतिबिम्बित गर्छ।

जापानले पूर्वी चीन सागरमा बेइजिङको क्षेत्राधिकारमा पर्ने समुद्री क्षेत्रभित्र चीनका वैध तेल र ग्यास विकास गतिविधिलाई निरन्तर चुनौती दिइरहेको छ। एकतर्फी समुद्री दाबीमा जोडिएर जापानले अन्तर्राष्ट्रिय कानुनको आधारभूत सिद्धान्तलाई बेवास्ता गरेको देखिन्छ। टोकियोले चीनको समुद्री अधिकारको प्रयोगमा समेत हस्तक्षेप गरेको छ। चीनको प्राकृतिक ग्यास क्षेत्रको विकास र सुविधाको निर्माण यसको क्षेत्राधिकारयुक्त पानी क्षेत्रभित्र पूर्ण रूपमा वैध गतिविधि हुन्।

चिनियाँ गतिविधि समुद्रको कानुनसम्बन्धी संयुक्त राष्ट्र संघको महासन्धि र अन्तर्राष्ट्रिय अभ्याससँग मेल खान्छ र कुनै पनि देशलाई यस विषयमा हस्तक्षेप गर्ने वा यस्ता गतिविधिको आलोचना गर्ने अधिकार छैन। पूर्वी चीन सागर मुद्दाको मूल विषय विशेष आर्थिक क्षेत्रको सीमांकन, समुद्री स्रोतहरूको विकास र समुद्री रणनीतिक हितको सम्बन्धमा चीन र जापानबिच लामो समयदेखि रहेको मतभेद हो।

पछिल्ला समयमा जापानले चीन-जापानी महाद्वीपीय पत्रको प्राकृतिक सीमाको भौगोलिक वास्तविकतालाई निरन्तर बेवास्ता गरेको छ। बरु, यसले अरूमाथि अनुचित माग लाद्न एकपक्षीय 'मध्यरेखा' दाबीलाई जबर्जस्ती बढावा दिन्छ। टोकियोले समुद्रको अन्तर्राष्ट्रिय कानुनको भावनालाई उल्लंघन गर्छ र चीन-जापान द्विपक्षीय सम्बन्धको स्वस्थ विकासको आधारभूत हितविपरीत कार्य गर्दै आएको छ। द्विपक्षीय सम्बन्धले दुवै देशलाई सहकार्य गर्न उत्प्रेरित गर्छ।

टोकियोले अब अन्तर्राष्ट्रिय ध्यान आकर्षित गर्ने उद्देश्यले अतिशयोक्ति र झुट बोलेर मुद्दालाई बढाउन खोजिरहेको छ। नवनिर्मित सुविधा 'एकतर्फी रूपमा यथास्थिति परिवर्तन गर्ने' हो भनी दाबी गरेर यसले कट्टरपन्थी घरेलु भावनालाई उक्साउन र बाह्य शक्तिलाई हस्तक्षेप गर्न बाध्य पार्न चाहन्छ। यो चीनको समुद्री अधिकारमाथि हस्तक्षेप गर्ने, पूर्वी चीन सागरका स्रोतमाथि नियन्त्रण कब्जा गर्ने र क्षेत्रीय शान्ति र स्थिरतालाई कमजोर पार्ने निर्लज्ज प्रयास हो।

पूर्वी चीन सागरमा तनाव बढाउने जापानको प्रयासको गहिरो राजनीतिक उद्देश्य छ। यसले सैन्यीकरण र हतियार बिक्रीमा प्रतिबन्ध हटाउने डरलाग्दो झुकावबाट अन्तर्राष्ट्रिय समुदायको ध्यान मोड्न चाहन्छ। स्मरण रहोस्, पूर्वी चीन सागरमा चीनको गतिविधिले कानुनी सिद्धान्त र अन्तर्राष्ट्रिय कानुनको निरन्तर पालना गरेको छ।

भू-आकृतिगत र भौगोलिक विशेषतासले पूर्वी चीन सागरको महाद्वीपीय पत्र चीनको भूभागको प्राकृतिक विस्तार हो भनेर संकेत गर्दछ र पूर्वी चीन सागरमा चीनको महाद्वीपीय पत्रको अन्त्यलाई अंकित गर्ने विशिष्ट विशेषता भएको एक महत्त्वपूर्ण भौगोलिक एकाइ छ। चीनको आफ्नो क्षेत्राधिकारयुक्त पानीभित्र स्रोतहरूको

समुद्री सहयोगले चीन र जापान दुवैलाई फाइदा पुऱ्याउँछ। चीन जापानसँग रचनात्मक संवादमा संलग्न भएर समुद्री वातावरण संरक्षण, समुद्री खोज र उद्धार, माछा पालन संरक्षणजस्ता कम संवेदनशील क्षेत्रमा व्यावहारिक सहयोगलाई प्रवर्द्धन गर्न इच्छुक छ।

अन्वेषण र विकासले सार्वभौम अधिकारको वैध अभ्यास स्थापित गर्छ। यी गतिविधि कानुनी प्रक्रियाबाट पालना गरिन्छन् र खुला तथा पारदर्शी तरिकाले सञ्चालन हुन्छन्, जसले अन्तर्राष्ट्रिय कानुन र तथ्यात्मक समीक्षाअन्तर्गत छानबिनको सामना गर्न सक्ने प्रमाणको पूर्ण शृंखला बनाउँछ।

तटीय राज्यहरूले आफ्नो क्षेत्राधिकारको पानीभित्र प्राकृतिक स्रोत विकास गर्नु सामान्य अभ्यास हो। जापानको आधारहीन हस्तक्षेप र यी गतिविधिमा अवरोधले दोहोरो मापदण्ड र स्पष्ट रूपमा अनुचित व्यवहारलाई प्रतिबिम्बित गर्छ। जापानले अन्तर्राष्ट्रिय कानुनको उल्लंघन मात्र गर्दैन, बरु अन्तर्राष्ट्रिय समुदायलाई भ्रमित गर्न तथ्यलाई पनि विकृत गर्छ। कूटनीतिक स्तरमा यस्ता कदमले चीन-जापान सम्बन्धमा नकारात्मक प्रभाव पार्न सक्छ।

समुद्रमा बढ्दो नजिकको दूरीको नौसेना र हवाई गतिविधिले गलत हिसाब र द्वन्द्वको जोखिम बढाउँछ, जसले गर्दा पूर्वी चीन सागरमा शान्ति र स्थिरतालाई कमजोर बनाउँछ। अन्तर्राष्ट्रियस्तरमा जापानले तथाकथित 'चीन खतरा'लाई बढाइचढाइ गर्छ र बाह्य शक्तिलाई हस्तक्षेप गर्न आह्वान गर्छ, जसले पूर्वी एसियामा क्षेत्रीय सहयोगमा बाधा पुऱ्याउँछ। चीनले जापानको उत्तेजनाको दृढतापूर्वक प्रतिक्रिया दिएको छ र एक इन्च पनि नझुकी आफ्नो सार्वभौमसत्ता र समुद्री अधिकारलाई कायम राखेको छ।

बेइजिङले जापानको गैरकानुनी दाबीलाई दृढतापूर्वक अस्वीकार गरेको छ र पूर्वी चीन सागरमा तेल र ग्यास स्रोत विकासलाई निरन्तरता दिएको छ। साथै, चीनले समुद्री विवाद शान्तिपूर्ण रूपमा समाधान गर्ने, कूटनीतिक सञ्चार माध्यम खुला राख्ने र संवादमार्फत मतभेद व्यवस्थापन गर्ने कुरामा पनि विश्वास गर्छ। यस्तै प्रबिद्धता जापानबाट पनि आएको बेइजिङ देख्न चाहन्छ।

दृष्टिकोण तनाव बढाउनु होइन, बरु कानुनअनुसार आफ्नो अधिकारको रक्षा गर्नु र तर्कसहित अरूलाई मनाउनु हो। आधिकारिक कथन, व्यावसायिक विश्लेषण र निरन्तर विश्वव्यापी संलग्नता शान्तिपूर्ण मनसाय प्रदर्शन गर्ने र अन्तर्राष्ट्रिय समुदायको समर्थन लिने प्रयासका महत्त्वपूर्ण हिस्सा हुन्।

समुद्रमा शान्ति र स्थिरता यस क्षेत्रका सबै राज्यहरूको साझा हित हो र समुद्री सहयोगले चीन र जापान दुवैलाई फाइदा पुऱ्याउँछ। चीनले पारस्परिक सम्मानको आधारमा वार्तामार्फत समुद्री विवाद समाधान गर्ने कुरामा निरन्तर वकालत गर्दै आएको छ। चीन जापानसँग रचनात्मक संवादमा संलग्न हुन र समुद्री वातावरण संरक्षण, समुद्री खोज र उद्धार र माछा पालन संरक्षणजस्ता कम संवेदनशील क्षेत्रमा व्यावहारिक सहयोगलाई प्रवर्द्धन गर्न इच्छुक छ। र, टोकियोबाट पनि यस्तै सहयोगको अपेक्षा गर्छ।

पूर्वी एसियामा शान्ति र स्थिरताले आज धेरै चुनौतीको सामना गरिरहेको छ। समुद्री सहयोग र विकास जनताको चाहना हो। चीनले अन्तर्राष्ट्रिय कानुनको पालना गर्न, आफ्नो समुद्री अधिकारको रक्षा गर्न र क्षेत्रीय स्थिरतालाई प्रवर्द्धन गर्न जारी राख्नेछ। निर्देशक सिद्धान्त सरल छ, चीनले समस्या निम्त्याउँदैन, न त डराउँछ।

(चाइना डेलीबाट)

रकम अभावमा राष्ट्रिय गौरवको बुढीगण्डकी जलविद्युत्‌ले पाएन लाइसेन्स

१२ सय मेगावाटको लाइसेन्स शुल्क २० करोड बुझाए पनि एक अर्ब तिर्न बाँकी, बाँकी दस्तुर सरकारी सेयरमा मिलानको सहमति माग्दै अर्थ मन्त्रालयमा पत्राचार

मिलन विश्वकर्मा/नयाँ पत्रिका



विद्युत् विकास विभागलाई तिर्नुपर्ने शुल्क नहुँदा बुढीगण्डकी जलविद्युत् कम्पनी लिमिटेडले राष्ट्रिय गौरवको १२ सय मेगावाटको बुढीगण्डकी जलाशययुक्त विद्युत् आयोजनाको लाइसेन्स नै पाउन सकेको छैन। गोरखा र धादिङमा पर्ने उक्त परियोजना सरकारी लगानीमै बनाउन सरकारले १७ भदौ ०७९ मा कम्पनी दर्ता गरेको थियो। कम्पनीले परियोजनाको सर्वेक्षण लाइसेन्सका लागि ३ साउन ०८० मा विद्युत् विकास विभागमा आवेदन दिए पनि लाइसेन्स शुल्कलाई चाहिने रकम जुटाउन नसक्दा कम्पनीले लाइसेन्स नपाएको हो।

प्रतिमेगावाट १० लाख रुपैयाँका दरमा कम्पनीले १२ सय मेगावाटको परियोजनाका लागि कुल एक अर्ब २० करोड शुल्क तिर्नुपर्छ। त्यसमा कम्पनीले २० करोड रुपैयाँ यसअघि नै भुक्तानी गरिसकेको छ। बाँकी एक अर्ब शुल्क रकम भुक्तानी गर्न बाँकी छ। कम्पनीका अध्यक्षसमेत रहेका ऊर्जासचिव चिरञ्जीवी चटौतले लाइसेन्स शुल्कलाई सरकारको सेयरमा मिलान गर्न अर्थ मन्त्रालयसँग सहमति मागिएको जानकारी दिए। 'विद्युत् आयोजनाको अनुमतिपत्रसम्बन्धी निर्देशिकामा सरकारी आयोजनाको हकमा २० करोड रुपैयाँ विभागलाई नगद नै भुक्तानी गर्नुपर्छ। बाँकी रकम सरकारको सेयरमा हिसाब मिलान गर्न पाउने विकल्प छ। बुढीगण्डकीको हकमा २० करोड रुपैयाँ विद्युत् विकास विभागलाई भुक्तानी भइसकेको छ। बाँकी एक अर्ब रुपैयाँ भने सेयरमा मिलान गर्ने सहमति माग्दै अर्थ मन्त्रालयमा प्रस्ताव पठाएका छौँ,' उनले भने, 'अर्थ मन्त्रालयबाट सहमति आएपछि विद्युत् विकास विभागले लाइसेन्स जारी गर्नेछ। हालसम्म अर्थ मन्त्रालयबाट सहमति आइसकेको छैन।'

चार खर्ब लगानीको बुढीगण्डकीमा सरकारले ९७ अर्ब ४७ करोड रुपैयाँ सेयर लगानी गर्दै छ। १२ फागुनको मन्त्रिपरिषद्ले सोहीअनुसार परियोजनाको वित्तीय ढाँचा स्वीकृति गरिसकेको छ। त्यहीअन्तर्गत सरकारले लगानी गर्ने सेयर रकममा लाइसेन्स शुल्कलाई समायोजन गर्ने सहमति माग्दै अर्थ मन्त्रालयमा प्रस्ताव पठाइएको हो।

स्रोतका अनुसार ऊर्जा मन्त्रालयले यसअघि पनि अर्थ मन्त्रालयमा सहमति माग्दै पत्र पठाएको थियो। तर, त्यसको जवाफ नआएपछि हालै दोस्रो पत्र पठाएको ऊर्जा मन्त्रालयका एक अधिकारीले बताए। 'यसअघि पनि सहमति माग्दै अर्थ मन्त्रालयमा पत्र पठाएको हो। तर, अर्थले त्यसको जवाफ दिएन,' स्रोतले भन्यो, 'त्यसपछि हामीले यसको महत्त्वबारे थप स्पष्ट पार्दै पुनः पत्र पठाएका छौँ।'

अर्थ मन्त्रालयका सह सचिव टंकप्रसाद पाण्डेयले यसबारे आफूलाई जानकारी नभएको बताए। 'चालू आवको बजेटअन्तर्गत कम्पनीलाई सेयर लगानीबापत भनेर हालै ४५ करोड रुपैयाँ निकासा गरेका छौँ। यसबाहेक बुढीगण्डकी जलविद्युत् आयोजनाबारे अन्य जानकारी आएको छैन,' उनले भने। परियोजनामा सरकारले गर्ने ९७ अर्ब ४७ करोड सेयर लगानीमा हालसम्म मुआब्जालगायतका शीर्षकमा भएको झन्डै ४५ अर्ब रुपैयाँ पनि मिलान गरिनेछ। त्यो कटाएर सरकारले थप नगद लगानी गर्नुपर्छ। सरकारले राज्यकै ढुकुटीबाट परियोजनामा सेयर लगानी गर्ने हो। कम्पनीले लाइसेन्सका लागि विभागलाई तिर्ने शुल्क पनि अन्ततः राज्यकै ढुकुटीमा जम्मा हुने हो। अर्थ मन्त्रालयले लाइसेन्स शुल्कबापतको बाँकी एक अर्ब रुपैयाँ सेयरमा गणना गर्न

बुढीगण्डकी जलविद्युत्का अध्यक्ष तथा ऊर्जासचिव चिरञ्जीवी चटौत भन्छन्-



बुढीगण्डकीमा २० करोड रुपैयाँ विद्युत् विकास विभागलाई भुक्तानी भइसकेको छ। बाँकी एक अर्ब रुपैयाँ भने सेयरमा मिलान गर्ने सहमति माग्दै अर्थ मन्त्रालयमा प्रस्ताव पठाएका छौँ। अर्थ मन्त्रालयबाट सहमति आएपछि विद्युत् विकास विभागले लाइसेन्स जारी गर्नेछ। हालसम्म अर्थ मन्त्रालयबाट सहमति आइसकेको छैन।

अर्थ मन्त्रालयका सहसचिव टंकप्रसाद पाण्डेय भन्छन्-



चालू आवको बजेटअन्तर्गत कम्पनीलाई सेयर लगानीबापत भनेर हालै ४५ करोड रुपैयाँ निकासा गरेका छौँ। यसबाहेक बुढीगण्डकी जलविद्युत् आयोजनाबारे अन्य जानकारी आएको छैन।

सहमति दिएमा कम्पनी र विभागबिच भौतिक रूपमा वित्तीय कारोबार हुनेछैन। तर, त्यो सरकारी हिसाबमा भने रहनेछ।

परियोजनाको वातावरणीय प्रभाव मूल्यांकन, डिपिआर स्वीकृत भइसकेको छ। तर, प्रक्रियागत रूपमा कम्पनीले परियोजनाको सर्वेक्षण लाइसेन्स लिनुपर्नेछ। सरकारले नै अध्ययन गरेर राखेको परियोजना भएका कारण सर्वेक्षण लाइसेन्सका लागि प्रतिमेगावाट १० लाख दस्तुर तिर्नुपर्ने व्यवस्था छ। यसका अतिरिक्त ६०० मेगावाटमाथिका परियोजनाले वार्षिक ६० लाख रुपैयाँ पनि तिर्नुपर्छ। त्यसअन्तर्गत कम्पनीले दुई वर्षका लागि थप एक करोड २० लाख रुपैयाँ दस्तुर तिरिसकेको छ।

सर्वेक्षण लाइसेन्स लिएपछि कम्पनीले विद्युत् उत्पादनको लाइसेन्स लिनुपर्छ। परियोजनाको सर्वेक्षण अनुमति लिएर विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए), वित्तीय व्यवस्थापनलगायतका प्रक्रिया पूरा गरी विद्युत् उत्पादनको अनुमति लिने योजनामा कम्पनी छ। विद्युत् उत्पादनको अनुमति लिएपछि परियोजनाको निर्माण अघि बढाउन पाइन्छ। अहिले परियोजनाको सर्वेक्षण लाइसेन्स नहुँदा पूर्वतयारीका अन्य काम नरोकिए पनि पिपिए, वित्तीय व्यवस्थापनलगायतका काम भने अघि बढ्न सकेका छैनन्।

विभागकी महानिर्देशक मनदेवी श्रेष्ठले अर्थ मन्त्रालयको सहमति प्राप्त भएपछि लाइसेन्स जारी गर्ने बताइन्। 'परियोजनाको लाइसेन्स शुल्क एक अर्ब २० करोड रुपैयाँ हो। कम्पनीले २० करोड रुपैयाँ भने यसअघि नै भुक्तानी गरिसकेको छ,' उनले भनिन्, 'बाँकी एक अर्ब रुपैयाँ भने सरकार सेयरमा गणना गर्ने सहमति माग्दै ऊर्जा मन्त्रालयमार्फत अर्थ मन्त्रालयमा पत्र पुगेको जानकारी आएको छ। त्यसमा सहमति आएको अवस्थामा लाइसेन्स जारी हुन्छ।'

कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सिइओ) अरुण रजौरियाले अर्थ मन्त्रालयबाट सहयोग हुने अपेक्षा व्यक्त गरे। 'वर्तमान सरकारले यो परियोजना बनाउन उच्च चासो दिएको छ। अहिले निर्माणमा जान तयार रहेको यो नै पहिलो आयोजना हो। पोखरा, काठमाडौं, चितवनजस्ता लोड सेन्टरबाट यो नजिक छ। राष्ट्रिय राजमार्गदेखि नजिक भएका कारण निर्माण सामग्री ढुवानीमा पनि सहज हुन्छ,' उनले भने, 'त्यसले गर्दा पनि सरकारले यसलाई उच्च प्राथमिकतामा राखेको छ। तसर्थ, अर्थ मन्त्रालयबाट लाइसेन्स शुल्कबापतको रकमलाई सेयरमा रूपान्तरण गर्ने सहमति छिट्टै प्राप्त हुन्छ भन्ने अपेक्षा छ।'

■ स्थायी आवास र पुल निर्माण ठेक्का आह्वान

कम्पनीले परियोजनाको निर्माणपूर्वको तयारीअन्तर्गत स्थायी आवास र पुल निर्माणका लागि टेन्डर आह्वान गरेको छ। गत ३० चैतमा बोलपत्र आह्वान गरेको हो। परियोजना निर्माण र सञ्चालनका लागि आवश्यक पर्ने कर्मचारीका लागि स्थायी आवास बनाउनुपर्नेछ। त्यसैगरी, निर्माण सामग्री ढुवानीका लागि ड्यामदेखि तल्लो तटीय क्षेत्रमा बुढीगण्डकी नदीमै पक्की पुल पनि बनाउनुपर्नेछ। त्यसका लागि टेन्डर आह्वान गरिएको कम्पनीका सिइओ रजौरियाले बताए।

'स्थायी आवास र पुल निर्माणका लागि टेन्डर आह्वान भएको छ। निर्माण पूर्वतयारीको सिलसिलामा यो पनि एउटा महत्त्वपूर्ण माइलस्टोन हो,' उनले भने, 'हामीलाई सरकारबाट हालै ४५ करोड रुपैयाँ प्राप्त भएको छ। त्यो रकम यसमा पनि खर्च हुनेछ।'

■ एमआरपी कार्यान्वयनमा भन्सारको मध्यमार्गी निर्णय

भन्सार विन्दुमै एमआरपी स्वघोषणा गर्न सकिने

पवन तिमिल्सिना/नयाँ पत्रिका

विदेशबाट नेपालमा आयात हुने वस्तुमा अधिकतम खुद्रा मूल्य (एमआरपी) अनिवार्य गर्ने व्यवस्था कार्यान्वयनका क्रममा भन्सार विभागले मध्यमार्गी निर्णय गरेको छ । साथै, वस्तु आयात गरिसकेपछि लेबल लगाएर मात्रै बिक्री-वितरण गर्ने प्रतिबद्धता जनाएमा पनि जाँचपास गर्न सकिने व्यवस्था गरेको छ। विभागले आगामी आर्थिक वर्ष ०८३/८४ को नीति तथा कार्यक्रम, बजेट तथा आर्थिक ऐन निर्माणको तयारी भइरहेकाले एमआरपीसम्बन्धी विषयलाई थप स्पष्ट रूपमा आगामी आर्थिक ऐनमार्फत व्यवस्थित गर्न सकिने जनाएको छ। यो निर्णयसँगै भन्सार नाकामा रोकिएका वस्तुको जाँचपास सहज हुने, व्यापार प्रवाहमा अवरोध कम हुने तथा बजारमा वस्तु अभाव सिर्जना हुने जोखिम घट्ने अपेक्षा गरिएको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको कार्ययोजनाअनुसार आयातित वस्तुमा एमआरपी उल्लेख अनिवार्य गर्ने सूचना जारी भएपछि कच्चा पदार्थ, मेसिनरी, औजार, फलफूल, तरकारीलगायत वस्तुको भन्सार जाँचपासमा समस्या देखिएको थियो। तर, व्यवसायीहरूले यस्ता औद्योगिक तथा शीघ्र नष्ट हुने वस्तुमा एमआरपी उल्लेख गर्न कठिनाइ भएको गुनासो गर्दै आएका छन्। मन्त्रालयमा विभागले पठाएको पत्रमा भनिएको छ, 'वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको मिति २०८२/१२/३० को सूचनाअनुसार विदेशबाट पैठारी गरी नेपालमा बिक्री-वितरण गरिने सम्पूर्ण वस्तुहरूको पैठारीमा अनिवार्य रूपमा अधिकतम खुद्रा मूल्य उल्लेख गर्नुपर्ने भन्ने विषयले औद्योगिक वस्तुजस्तै कच्चा पदार्थ, मेसिनरी, औजार, फलफूल, तरकारीलगायतका वस्तुहरूको भन्सार जाँचपास तथा व्यापार सहजीकरणमा समस्या देखिएको छ।'

भन्सार विभागका महानिर्देशक श्यामप्रसाद भण्डारीले एमआरपी कार्यान्वयन गराउन विभाग प्रतिबद्ध रहे पनि यसको कार्यान्वयनका क्रममा देखिएका जटिलता समाधान गर्ने प्रयास जारी रहेको बताए। उनले भने, 'हामीले आज (बिहीबार) पनि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा यस विषयमा छलफल गरेका थियौँ। भन्सार जाँचपासमा हुने समस्या समाधानका लागि सबै पक्ष सकारात्मक नै देखिनुभएको छ।' ३० चैतमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले आयात पैठारी गरिने वस्तुहरूमा अधिकतम खुद्रा मूल्य (एमआरपी) लागू गर्ने निर्णय गरेको थियो। सो दिन वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग र नेपाल समुद्रपार निकासी-पैठारी संघका प्रतिनिधिबिच भएको छलफलबाट उपभोक्ता हित संरक्षण तथा बजार व्यवस्थापनलाई थप पारदर्शी बनाउने उद्देश्यका साथ निर्णय गरिएको छ।

विदेशबाट आयात गरी नेपालमा बिक्री-वितरण गरिने सम्पूर्ण वस्तुहरूको पैठारीकर्ताले अनिवार्य रूपमा अधिकतम खुद्रा मूल्य उल्लेख गर्नुपर्ने साथै वस्तु बिक्री गर्दा अनिवार्य रूपमा बिलबिजक जारी गर्ने निर्णय गरिएको थियो। पैठारीकर्ताले आफूले पैठारी गरेका वा स्टकमा रहेका वस्तुहरूमा अनिवार्य रूपमा एमआरपी उल्लेख गरी कार्यान्वयनमा ल्याउन १४ वैशाखसम्म पूर्वतयारी गर्ने समय प्रदान गर्ने उल्लेख थियो। उक्त अवधिपछि बजार अनुगमनका क्रममा एमआरपी उल्लेख नभएका वस्तु फेला परेमा प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया अगाडि बढाइने भनिएको थियो।

विभागले उपभोक्ता संरक्षण ऐन, ०७५ अनुसार एमआरपी उल्लेख भएका वस्तु मात्रै बजारमा पठाउने व्यवस्था कडाइका साथ लागू गर्न खोजेको जनाएको छ। विभागका निर्देशक नरहरि आचार्यले उत्पादक, वितरक, विक्रेता र उपभोक्ताको हित हुने गरी उपभोग्य वस्तुको उपलब्धता सुनिश्चित गर्न एमआरपी भएका वस्तुको बिक्री अनिवार्य सर्त भएको बताए। 'प्रधानमन्त्री कार्यालय र उद्योग मन्त्रालयबाट समेत एमआरपी कार्यान्वयन सशक्त हुनुपर्छ भनेर निर्देशन आइरहेको छ,' उनले भने, 'त्यसैले, विभाग यो कदमबाट पछि हट्ने कुरा हुँदैन। आयातित र स्वदेशमै उत्पादित वस्तुको अनिवार्य एमआरपी हुनैपर्छ।' उनले भन्सार विन्दु र गोदाममा पुगेर एमआरपी चेकजाँच पनि नगर्ने बताए।

'गोदाममा आयात भएको वा उत्पादन भएको वस्तु मौज्दात हुन सक्छ। र, त्यहाँ एमआरपीको स्टिकर लगाउन बाँकी नै रहेको हुन सक्छ,' उनले भने, 'तर, गोदामबाट निस्केको सामानमा एमआरपी हुनैपर्छ भनेर निर्देशन दिएका छौँ। गोदामबाट वितरक वा विक्रेताकहाँ पुग्दा एमआरपी उल्लेख नभएको पाइए सम्बन्धित आयातकर्ता वा उत्पादकलाई कारबाही हुन्छ।' विभागले एमआरपी नभएको वस्तु बिक्री गर्दा विक्रेतालाई अहिले तीन लाख रुपैयाँसम्म जरिवाना गरिरहेको छ।

एमआरपी कार्यान्वयन सुरु भएपछि व्यवसायी भने असन्तुष्ट छन्। चेम्बर अफ कमर्सको प्रतिनिधिमण्डलले बुधबार दिउँसो उद्योगमन्त्री गौरीकुमारी यादवलाई भेटेर भन्सार विन्दुमा आयात हुने वस्तुहरूमा एमआरपी अनिवार्य गर्ने व्यवस्था व्यवहारतः जटिल र प्रक्रियागत कठिनाइ रहेको भन्दै ध्यानाकर्षण गराइसकेको छ। सानो परिमाणमा हुने आयातका कारण विदेशी निर्यातकर्ताले एमआरपी वा लेबल व्यवस्थापन गर्न नचाहने, अन्तर्राष्ट्रिय बजारमा वस्तुको मूल्य निरन्तर परिवर्तन भइरहने र दैनिक रूपमा विनिमय दरमा उतारचढाव आउने तथा हार्मोनाइज्ड कोडको सुनिश्चितता नभएका कारण भन्सार एवं अन्तःशुल्क दरबन्दीमा फरक परिरहने हुँदा एमआरपी टाँस गरेर मात्र भन्सार जाँचपास गर्न कठिन हुने सुझाव चेम्बरले दिएको छ।



दर्ता नं. ९७८/०६३/०६४

इन्द्र धनुष बचत तथा ऋण सहकारी संस्था लि.

(Indradhanush Saving and Credit co-operative Limited)

बुढानिलकण्ठ-१०, निलोपुल, काठमाडौं, फोन नं. : ०१-४८१०६५०

कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति : २०८३/१/१८

यस संस्थाबाट तपशिलमा उल्लेखित ऋणीहरूले विभिन्न प्रयोजनको लागि कर्जा लिंदाका बखत यस सहकारी संस्थासँग गर्नु भएको शर्त सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना रकम समेत नतिरी नबुझाई संस्था सँग गरेको कर्जा सम्बन्धि सर्त, संझौता र कबुलियत उलंघन गर्नु भएकोले तपशिलका ऋणी र उक्त ऋणमा व्यक्तिगत जमानत दिनु हुने समेतलाई पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जाको साँवा ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्था गरी बसेको हुनाले तपशिलमा उल्लेखित ऋणी, व्यक्तिगत जमानीकर्ताका नाममा संस्थामा रहेको सम्पूर्ण ऋण/कर्जा चुक्ता भुक्तानी गर्नु हुन भनी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी आफुले लिएको ऋण/कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज, दैदस्तुर रकम समेत अविलम्ब चुक्ता/भुक्तानी गर्नु होला। अन्यथा ऋणी र संस्था बीच भए गरेको शर्त सम्झौता, संस्थाको विनियम, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ र संस्थाको ऋण नीति तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी ऋणी तथा जमानतकर्ताले संस्थासँग गरेको शर्त, सम्झौता बमोजिम संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने ब्यहोरा सूचित गरिन्छ। साथै ऋणी तथा जमानीकर्ताको नाम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेशको लागि पठाई संस्थाको सम्पूर्ण बक्यौता रकम ऋणीको सम्पत्तिबाट असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम जमानीकर्ताको घर/घरानाबाट समेत असुल उपर गरिने ब्यहोरा ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपशिल

सि.नं.	ऋणीको नाम	ठेगाना	नागरिकता नं.	पिता/पतिको नाम	बाजे/ससुरा	धितोको बिबरण
१	डोल्मा वाइवा	निजगढ ६, बारा	१५०/०१५०	प्रेम बहादुर वाइवा	मान बहादुर वाइवा	घरजग्गा
२	संगिता दमाई	प्रिती ८, रामेछाप	२१-०१-७१-४८२७७	रिदी ध्वज दमाई	विले दमाई	जग्गा
३	विमला ढकाल	गैह्रीविसौना ७, काभ्रे	३०३०१८/१६०	साना काजी ढकाल	लोकनाथ ढकाल	जग्गा
४	देवराज मल्ल	दियाले-७, ओखलढुंगा	५६८४८/२०३९	पूर्ण बहादुर	शेर बहादुर	जमानी
५	उषा अधिकारी पौडेल	काठमाण्डौं ७, काठमाण्डौं	२०१८	अनिल प्रसाद पौडेल	दुर्गा प्रसाद पौडेल	जमानी
६	निर्मला राई	राखावाङदेल ९ ,खोटाङ्ग	१२१०६८१७	पुषकर राई	गोपीलाल राई	जमानी
७	श्याम राई	छिन्ताङ, ३ धनकुटा	४४८/११४	पदम बहादुर राई,	मान बहादुर राई	जमानी
८	अनुप सुब्बा	काठमाण्डौं ३४ , काठमाण्डौं	९८३०	लक्ष्मण सुब्बा	कुलबहादुर	जमानी
९	मेनुका लिम्बु	फागुम्बा १, ताप्लेजुङ्ग	०४२०४४/६८६४ झापा	मनोज दाहाल	शिवलाल दाहाल	जमानी
१०	जित बहादुर राउत	सिम्पानी ७,खोटाङ	१३६७९६/३१९/१ २७	लक्ष्मण बहादुर राउत	सइन ध्वज राउत	जमानी
११	गिरीजादेवी महतो	बिष्णुपुरकट्टी ९, सिराह	१६३१ २६१५	जैनाथ महतो जयलाल महतो	बुनी महतो अक्ष महतो	जमानी
१२	कपील श्रेष्ठ	सापिङ्ग ६,काभ्रे	१०५८३३	भिम बहादुर श्रेष्ठ	पहलमान	जमानी
१३	विमला तामाङ	नेत्रगञ्ज ५, सर्लाही	६६४८०८१६	लंकमान तामाङ्ग	जमान सिंह	जमानी
१४	सन्जीता शिवाकोटी	बयरबन ९, मोरङ	२०६४/८८०	सुरेशमणि ढकाल	गंगामणि ढकाल	जमानी
१५	सन्त प्रसाद सुवेदी	शनिश्चरे ७, मोरङ्ग	६०५/३७२५	प्रेम प्रसाद सुवेदी	जय प्रसाद सुवेदी	जमानी
१६	मिना चित्रकार	भक्तपुर ३, भक्तपुर	१०४७,	सन्त प्रसाद सुवेदी	प्रेम प्रसाद सुवेदी	जमानी
१७	मो.जुनावली मिया	घोघनपुर ५, सप्तरी	घ२८१/४०००	अलिजन मिया	गितावली मिया	जमानी
१८	धर्मेन्द्र दास थारु	विरुवागुठी १, पर्सा	३४१०२३/३७०	बाबुलाल दास	कुबेर दास	जमानी
१९	तुलसीमाया सिग्देल	का.न.पा.६, काठमाण्डौ	४९३१	नानीबाबु सिग्देल	भुमिनन्द सिग्देल	जमानी
२०	शान्ता पोखरेल	राखावाङदेल ३, खोटाङ्ग	२६५/०५१/०५२ का.जि.	नन्दीकेशर पोखरेल	खेमराज पोखरेल	जमानी
२१	मञ्जु दाहाल	राखावाङदेल ३, खोटाङ्ग	७९०० खोटाङ्ग	नन्दीकेशर पोखरेल गंगाबहादुर दाहाल	खेमराज पोखरेल खड्गबहादुर दाहाल	जमानी
२२	विमला आङवुहाङ	चागे ७, ताप्लेजुङ्ग	४३५७८/२६१६	फौदराज लिम्बु सामुयल लिवाङ	जलबहादुर लिम्बु तिलक सिंह लिवाङ	जमानी
२३	अस्मिता साई श्रेष्ठ	नौथली ९, सि.पा.	२७१०६०/३४२७८ का.जि.	गणेश बहादुर श्रेष्ठ निरोश साई	बेखनारायण साई	जमानी
२४	राजेन्द्र कुमार कार्की	देउपुर ४, काभ्रे	३/१९६४ का.प.	सिताराम कार्की	जितबहादुर कार्की	जमानी
२५	मिन कुमार राई	धुपु ८, संखुवासभा	१३०६९/१	ओस्ती बहादुर राई	सिंह बीर राई	जमानी
२६	मुमताज मियाँ शेष	कलैया ८, बारा	१०५५/१४०९	मोजामिल्ल मियाँ रंगरोज	रौफ मियाँ रंगरोज	जमानी
२७	पुर्ण प्रसाद मिश्र	महेन्द्रनगर १, सुनसरी	९/१७७८	भगिरथ मिश्र	देउनारायण मिश्र	जमानी
२८	सचिता ढकाल	पालुङ ५, मकवानपुर	१६०४ का.जी.	शिवप्रसाद ढकाल	कृष्ण प्रसाद ढकाल	जमानी
२९	जित बहादुर सार्की	महादेवस्थान ३, काभ्रेपलाञ्चोक		कृष्ण बहादुर सार्की	गिडुले सार्की	जमानी
३०	अर्जुन शाही	का.म.पा.९, काठ	२७१०६०/५६०१५	कृष्ण शाही	न्हुच्छेनारायण शाही	जमानी
३१	हरिचन्द्र खरेल	कुभरोज ७, चितवन	१५३७/०३४	मेघनाथ खरेल	कृष्ण प्रसाद खरेल	जमानी
३२	भुपेन्द्र खत्री	नारायणस्थान ४, ओखलढुंगा	५५६०/१९२२	हर्कबहादुर खत्री	कर्ण बहादुर खत्री	जमानी
३३	लेखजङ्ग खत्री	नारायणस्थान ४, ओखलढुंगा	९०२	हर्कबहादुर खत्री	कर्ण बहादुर खत्री	जमानी
३४	लेखनाथ पोखरेल	बिराटनगर६, मोरङ	१५८५४	कुलप्रसाद पोखरेल	बम प्रसाद पोखरेल	जमानी
३५	सुरज पौडेल	कर्मैया ५, सर्लाही	५४४९४०८५	कृष्णबहादुर पौडेल	नारायणप्रसाद पौडेल	जमानी

सातामा ५० अंकले घट्यो नेप्से

काठमाडौं/ यो साता सेयर बजार करिब ५० अंकले घटेको छ। गत साता शुक्रबार २७८८.७० अंक रहेको बजार यो साता ४९.९८ अंकले घटेर बिहीबार २७३८.७२ विन्दुमा झरेको छ। शुक्रबार बुद्धजयन्ती, श्रमिक दिवस भएकाले सेयर बजार बन्द रहनेछ। बिहीबार भने बजार ५.७३ अंकले घटेर नेप्से परिसूचक २७३८.७२ विन्दु कायम भएको छ। यसअघि बुधबार २५.८१ र मंगलबार २६.१६ अंकले घटेको थियो। त्यस्तै, सोमबार ७.७३ अंकले बढेको थियो। बिहीबार नेप्सेसँगै कारोबार रकममा पनि समग्रमा गिरावट देखिएको छ। सोमबार चार अर्ब ७४ करोड कारोबार भएकामा मंगलबार बढेर ६ अर्ब ५३ करोड कायम भएको थियो। त्यसपछि पुनः घटेर चार अर्ब ९८ करोड रुपैयाँको सेयर किनबेच भएकामा बिहीबार चार अर्ब ९१ करोडमा सीमित भएको नेप्सेले जनाएको छ।

बिहीबारको बजारमा कुल तीन सय ४६ कम्पनीको धितोपत्र खरिद-बिक्री भयो। जसमध्ये एक सय ६१ कम्पनीको सेयर मूल्य घट्दा एक सय ६१ वटाको बढ्यो भने १० कम्पनीमा कुनै फेरबदल आएन। सो दिन मात्रै एक करोडभन्दा बढी धितोपत्र ८० हजारपटक किनबेच गरिएको छ। बजार पुँजीकरण भने ४६ खर्ब ७१ अर्ब दुई करोड पुगेको छ। १३ वटा उपसमूहमध्ये बैंकिङ र उत्पादन तथा प्रशोधन समूहबाहेक सबैको सूचक घटेको छ। सबैभन्दा धेरै घट्नेमा जीवन बिमा छ। यो समूह ३२.८६ अंक अर्थात् ०.२६ प्रतिशतले घटेको छ। त्यसैगरी, विकास बैंक समूह २८.९४ अंकले घटेको छ। उत्पादन तथा प्रशोधनको ९६.१२ अर्थात् ०.८४ अंकले बढेको छ।

उद्योग मन्त्रालयमातहतका दुई संस्थानका प्रमुखले दिए राजीनामा

काठमाडौं/ प्रधानमन्त्री बालेन शाह नेतृत्वको सरकारले पुराना राजनीतिक नियुक्ति लिएकालाई राजीनामा दिएर मार्गप्रशस्त गर्न आह्वान गरेपछि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गतका दुई संस्थानका प्रमुखले राजीनामा दिएका छन्।

मन्त्रालयका प्रवक्ता नेत्र सुवेदीका अनुसार हेटौँडा सिमेन्ट उद्योगको सञ्चालक समिति अध्यक्ष नरेन्द्र भण्डारी र व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक शरदविक्रम राणाले राजीनामा दिएका हुन्। दुवैले दिएको राजीनामा स्वीकृतिको प्रक्रियामा रहेको प्रवक्ता सुवेदीले जानकारी दिए। 'दुई संस्थानको प्रमुखबाट राजीनामा आएको छ। उहाँहरूलाई राजीनामा रुजुका लागि खबर गरे पनि आउनुभएको छैन,' उनले भने, 'अन्य संस्थान प्रमुखको हकमा भने अहिलेसम्म केही खबर छैन।'

अर्थ मन्त्रालयद्वारा प्रकाशित सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, ०८२ अनुसार हाल देशभर ४५ संस्थान सञ्चालनमा छन्। यीमध्ये उद्योग मन्त्रालयमातहत हेटौँडा सिमेन्ट, जनकपुर चुरोट, नेपाल औषधि, उदयपुर सिमेन्ट, नेपाल ओरियन्ट म्याग्नेसाइट, बुटवल धागो, नेपाल मेटल कम्पनी, धौबादी फलाम कम्पनी, आयल निगम, खाद्य व्यवस्था तथा व्यापार कम्पनी, विशाल बजार कम्पनी, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, पारवहन तथा गोदाम व्यवस्थापन लिमिटेड र राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र गरी १४ संस्थान छन्।

मापदण्ड मिचेर आयोगले वैशाखसम्मका लागि खुलायो 'आयोजना बैंक प्रणाली'

राष्ट्रिय आयोजना बैंक मापदण्ड, २०८१ अनुसार फागुन मसान्तसम्ममा आगामी वर्षको नयाँ आयोजना प्रविष्ट गरिसक्नुपर्छ

नयाँ पत्रिका

राष्ट्रिय योजना आयोगले मापदण्ड मिचेर वैशाख मसान्तसम्मका लागि आयोजना बैंक खुला गर्ने निर्णय गरेको छ। राष्ट्रिय आयोजना बैंक (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१ अनुसार चालू आवको फागुन मसान्तसम्ममा आगामी वर्षका लागि नयाँ आयोजना प्रविष्ट गरिसक्नुपर्ने म्याद तोकिएको छ। तर, सो मापदण्डविपरीत थप दुई महिना अवधि बढी हुने गरी आयोगले आयोजना बैंकमा नयाँ आयोजना प्रविष्ट गर्न सकिने व्यवस्था गरेको हो।

आयोगले मापदण्डविपरीत पटक-पटक आयोजना प्रविष्ट गरिसक्नुपर्ने म्याद सार्दै आएको छ। आयोगको सोमबारको बैठकले राष्ट्रिय आयोजना बैंक प्रणाली वैशाख मसान्तसम्मका लागि खुला गर्ने निर्णय गरेको हो। जसअनुसार मन्त्रालय तथा निकायले १५ वैशाखदेखि वैशाख मसान्तसम्ममा योजना बैंकमा नयाँ आयोजनाहरू प्रविष्ट गर्न सक्नेछन्। ३० चैतमा बसेको आयोगको बैठकले १० वैशाखसम्मका लागि आयोजना बैंक खुला राख्ने निर्णय गरेको थियो। त्यसअघि १ चैतमा आयोगले आयोजना बैंक प्रणाली २२ चैतसम्मका लागि खुला गर्ने निर्णय गरेको थियो।

योजना बैंकसम्बन्धी मापदण्डको दफा ४ ले नयाँ आयोजना प्रविष्ट गर्ने म्याद स्पष्ट तोकेको छ। उक्त दफामा भनिएको छ, 'आगामी आर्थिक वर्षमा कार्यान्वयन हुने नयाँ आयोजनाको हकमा आयोजना बैंकमा चालू आवको फागुन मसान्तभित्र प्रविष्ट गरिसक्नुपर्छ।' तर, मापदण्डअनुसार आगामी आवका लागि योजना प्रविष्ट गर्ने म्याद सक्किसकेको भए पनि आयोगले त्यसलाई पुनः खुला गरेको हो। 'आगामी आर्थिक वर्षमा कार्यान्वयन हुने नयाँ, क्रमागत र अध्ययनका आयोजना सम्बन्धित मन्त्रालय वा निकायबाट राष्ट्रिय आयोजना बैंक प्रणालीमा प्रविष्टिका लागि पेस गर्ने समयावधि मिति ०८३ वैशाख १५ गतेदेखि लागू हुने गरी ०८३ वैशाख मसान्तसम्मका लागि आयोजना बैंक प्रणाली खुला गर्ने,' आयोगको निर्णयमा उल्लेख छ। आयोगले विषयगत मन्त्रालय तथा निकायले आयोजनाको पूर्वतयारीमा समय लाग्ने भएकाले म्याद थप गर्नका लागि मौखिक अनुरोध गरेको भन्दै म्याद थप गरेको जनाएको छ। आयोगका सहप्रवक्ता डा. दिवाकर लुइटेलले विषयगत मन्त्रालयले आग्रह गरेअनुसार आयोजना हाल्न तथा अद्यावधिक गर्न म्याद थपिएको बताए। आवश्यकताका आधारमा यसलाई सामान्य रूपमै लिनुपर्ने उनको तर्क छ।

आयोजना बैंक प्रणाली सधैँ खुलै रहने गरी मापदण्ड संशोधन गर्न आवश्यक रहेकोबारे छलफलसमेत भइरहेको आयोगका सहप्रवक्ता डा. लुइटेलले बताए। 'आयोजना सूचीकृत गर्न कुनै म्याद अवधि तोक्नु उचित होइन कि भन्ने विषयमा पनि छलफल भइरहेको छ, आखिर लिस्टिङ हुनेबित्तिकै आयोगले पास गर्ने त होइन,' उनले भने, 'आयोगले आयोजना बैंक प्रणालीमा सूचीकृतमध्येबाट समेत आवश्यक मापदण्ड पूरा भएका, तयारी पुगेका र योग्य आयोजना मात्रै पास गर्ने भएकाले सूचीकृत गर्ने समय भने खुलै राख्दा पनि उचित हुन्छ।'

हालसम्म यस प्रणालीमा दुई हजार तीन सय ४८ आयोजना प्रविष्ट गरिएका छन्। त्यसमध्ये दुई सय ६२ वटा आयोजना नयाँ हुन्। त्यस्तै, ७७ वटा सञ्चालनको अवस्थामा छन् भने दुई हजार नौवटा अध्ययनका क्रममा छन्।

जुम्लामा मेटलाइफको सेवा सुरु



काठमाडौं/ मेटलाइफ नेपालले जुम्लामा औपचारिक रूपमा सेवा विस्तार गरेको छ। यो सेवा नेपालको दुर्गम तथा सेवा अभाव भएका क्षेत्रमा वित्तीय सुरक्षा र बिमा सेवाको पहुँच विस्तार गर्ने कम्पनीको प्रतिबद्धताको एक हिस्सा रहेको बताइएको छ।

कम्पनीका अनुसार स्थापना गरिएको कार्यालयले व्यक्तिगत ग्राहक सेवा प्रदान गर्ने, वित्तीय साक्षरता अभिवृद्धि गर्ने तथा स्थानीयस्तरमै रोजगारी अवसर सिर्जना गर्ने लक्ष्य राखेको छ। 'जुम्लाका बासिन्दाले सामना गर्ने विभिन्न चुनौती, पूर्वाधार तथा वित्तीय सेवाको दूरीलाई ध्यानमा राखेर मेटलाइफले एजेन्सी कार्यालय स्थापना गरेको हो,' कम्पनीले विज्ञप्तिमार्फत भनेको छ। यो पहलले स्थानीयलाई आर्थिक रूपमा सुरक्षित भविष्य निर्माणका लागि सहयोग पुऱ्याउन व्यावहारिक उपकरण र मार्गदर्शन प्रदान गर्ने लक्ष्य राखेको पनि बताइएको छ।

जुम्लाका समुदायलाई थप सहयोग पुऱ्याउने उद्देश्यले मेटलाइफ नेपालले सूर्य सामाजिक सेवा समाजसँग सहकार्य गर्दै चन्दननाथ उच्च माध्यमिक विद्यालय र जनता माध्यमिक विद्यालयमा स्मार्ट बोर्ड हस्तान्तरण गरेको छ। यो सहयोगले विद्यार्थीलाई आकर्षक र अन्तर्क्रियात्मक सिकाइ वातावरण प्रदान गर्ने बताइएको छ। साथै, शिक्षकलाई आधुनिक कक्षाकोठा प्रविधिसँग सुसज्जित बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याएको कम्पनीको भनाइ छ।

मेटलाइफ नेपालका महाप्रबन्धक निर्मलकाजी श्रेष्ठले भने, 'मेटलाइफको जुम्ला एजेन्सी कार्यालय सञ्चालनले देशका सबैभन्दा दुर्गम समुदायसम्म पनि वित्तीय सुरक्षा पुऱ्याउने कम्पनीको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्छ।' उनले बिमामा पहुँच विस्तारका साथै युवाहरूमा आर्थिक रूपमा सुरक्षित भविष्य निर्माण गर्न पनि कम्पनी केन्द्रित रहेको बताए।

राष्ट्रिय वाणिज्य बैंक नेपाल पे कार्डमा आबद्ध



काठमाडौं/ राष्ट्रिय वाणिज्य बैंक र नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसिएचएल)बिच 'नेसनल कार्ड स्विच 'नेपाल पे कार्ड' योजनामा प्रिन्सिपल मेम्बरका लागि सम्झौता भएको छ। बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनाल र एनसिएचएलका प्रमुख कार्यकारी अधिकृत नीलेशमानसिंह प्रधानले सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन्।

सम्झौतापछि बैंकले एनसिएचएलमा आफ्नो स्विच इन्टिग्रेसन पूरा गरेपछि ग्राहकलाई 'नेपाल पे कार्ड' जारी गर्न र उक्त कार्डमार्फत हुने कारोबार स्वीकार गर्न सक्नेछ। हालसम्म नेपाल क्लियरिङ हाउस लिमिटेडमा ३४ वटा बैंक तथा वित्तीय संस्थाहरू प्रिन्सिपल मेम्बरका रूपमा आबद्ध भइसकेका छन्, जसमध्ये पाँच संस्थाले लाइभ सञ्चालन सुरु गरिसकेका छन्।

एनसिएचएलले हालै 'नेपाल पे कार्ड'को व्यावसायिक रोलआउट सुरु गरिसकेको छ। अन्तर्राष्ट्रिय नेटवर्कसँगको सहकार्यमा नेपाल पे कार्ड अब विश्वव्यापी रूपमा प्रयोग गर्न सकिने बताइएको छ। 'नेसनल पेमेन्ट स्विच'अन्तर्गत सञ्चालनमा आएको नेपाल पे प्रणालीमार्फत बैंक तथा वित्तीय संस्था, भुक्तानी सेवाप्रदायक र भुक्तानी प्रणाली सञ्चालकले जारी गर्ने कार्ड नेपालभित्र र विदेशमा रहेका एटिएम तथा पिओएस टर्मिनलमा प्रयोग गर्न सकिनेछ।

नेसनल कार्ड स्विचलाई विभिन्न कार्ड स्विचहरूबिच अन्तरआबद्धता कायम गर्दै डोमेस्टिक कार्ड कारोबारको राउटिङ र सेटलमेन्टका लागि केन्द्रीय प्रणालीका रूपमा विकास गरिएको हो। यसले घरेलु कार्ड कारोबारको लागत घटाउने, डेटा लोकलाइजेसन सुनिश्चित गर्ने तथा डिजिटल भुक्तानी प्रणालीलाई थप सुदृढ बनाउने अपेक्षा गरिएको छ।

बैंकले देशभर तीन सय १४ शाखा, ७१ विस्तारित काउन्टर, तीन सय ३२ एटिएम, दुई हजारभन्दा बढी पिओएस टर्मिनल तथा ९९ शाखारहित बैंकिङ सेवामार्फत बैंकिङ सेवा प्रदान गर्दै आएको छ।

महालक्ष्मी विकास बैंकले गऱ्यो सिएसआरअन्तर्गत विभिन्न कार्यक्रम



काठमाडौं/ महालक्ष्मी विकास बैंकले संस्थागत सामाजिक उत्तरदायित्व (सिएसआर)अन्तर्गत विभिन्न कार्यक्रम सम्पन्न गरेको छ। बैंकले लुम्बिनी वर्ल्ड पिस फोरमसँगको सहकार्यमा '१० लाख वृक्षारोपण तथा संरक्षण अभियान'अन्तर्गत पृथ्वी दिवसको अवसर पारेर खप्तड छेडेदह गाउँपालिका- १, काँडामा दुई हजारवटा कागतीका बिरुवा रोप्न आर्थिक सहयोग गरेको छ।

त्यसैगरी, क्यान्सर रोगको प्रारम्भिक पहिचान, रोकथाम तथा उपचारबारे जनचेतना अभिवृद्धि कार्यक्रम सम्पन्न गर्न तथा सोही कार्यक्रमबाट संकलित रकम कान्ति बाल अस्पतालको क्यान्सर वार्डमा हस्तान्तरण गर्न आयोजना गरिएको कार्यक्रमलाई बैंकले आर्थिक सहयोग गरेको छ।

बैंकले युद्ध संस्कृत माध्यमिक विद्यालय, नेपालगन्ज बाँकेमा अध्ययनरत विद्यार्थीलाई पठनपाठनमा सहयोग गर्ने उद्देश्यले शैक्षिक सामग्री वितरण गरेको जनाएको छ। त्यसैगरी, युवाहरूमाझ जिम्मेवार वित्तीय सचेतना र व्यावहारिक आर्थिक ज्ञान प्रवर्द्धन गर्न, वित्तीय साक्षरता विस्तार गर्न, शैक्षिक तथा ज्ञानमा आधारित सामाजिक विकासमा टेवा पुऱ्याउने उद्देश्यले सातौँ नेपाल इकोनोमिक ओलम्पियाडलाई आर्थिक सहयोग गरेको छ।

त्यसैगरी, गत २ देखि ८ चैतसम्म मनाइएको ग्लोबल मनी विकको अवसरमा वित्तीय पहुँचबाट बाहिर रहेका विभिन्न लक्षितवर्ग पहिचान गरी बैंकका देशैभर रहेका शाखा तथा प्रादेशिक कार्यालयमार्फत वित्तीय साक्षरता, ऱ्याली तथा सचेतनाका कार्यक्रमहरू सम्पन्न गरेको जनाइएको छ।

सिटी पेमार्फत 'वर्ल्ड अफ डान्स नेपाल'मा सहभागिता हुन सकिने



काठमाडौं/ विश्वव्यापी रूपमा ख्यातिप्राप्त अमेरिकी नृत्य प्रतियोगिता फ्रेन्चाइज 'वर्ल्ड अफ डान्स'को दोस्रो संस्करण 'वर्ल्ड अफ डान्स नेपाल २०२६' को घोषणा गरिएको छ। यसपटकको संस्करणमा डिजिटल वालेट सिटी पेमार्फत सहभागीले आफ्नो सहभागिता कन्फर्म गर्नुपर्ने भएको छ। सिटी पेले यस सोको अन्तर्राष्ट्रिय फर्म्याट मिल्ने गरी डिजिटल व्यवस्थापन र प्रणालीको विकास गरेको छ।

सहभागी हुनेले पनि शुल्क भुक्तानी गर्न सकिने आयोजकले जनाएको छ। दर्शकले समेत ग्रान्ड फिनालेको टिकट सिटी पेमार्फत नै बुक गर्न पाउने व्यवस्था मिलाइएको छ। यस सिजनको मुख्य आकर्षणका रूपमा बलिउडका प्रख्यात कोरियोग्राफर टेरेन्स लुइसलाई 'सेलेब्रिटी ग्रान्ड जज'का रूपमा घोषणा गरिएको छ। उनीसँगै निर्णायकमण्डलमा वाइल्ड रिपर्ज ऋुका किरण थापा र जेडी तमू रहनेछन्। प्रतियोगितालाई चारवटा डिभिजनमा विभाजन गरिएको छ। जसमा अपर डिभिजन, जुनियर डिभिजन, अपर टिम डिभिजन र जुनियर टिम डिभिजन रहेका छन्। प्रत्येक डिभिजनका विजेताले एक लाख नगद, २४ क्यारेट सुनको जलप लगाइएको ट्रफी र विभिन्न उपहार प्राप्त गर्नेछन्। साथै, विजेताले वर्ल्ड अफ डान्सको दुबई, थाइल्यान्ड तथा अमेरिकामा हुने प्रतिस्पर्धामा पनि सामेल हुने मौका प्राप्त गर्न सक्नेछन्।

नेपालभरका प्रतिभालाई समेट्न विभिन्न पाँच सहरमा अडिसन सञ्चालन हुनेछ। जसअनुसार १९ वैशाखमा नेपालगन्ज, २२ वैशाखमा बुटवल, २६ वैशाखमा पोखरा, ३० वैशाखमा काठमाडौं र २ जेठमा इटहरीमा आयोजना हुनेछ। अडिसनबाट छानिएका उत्कृष्ट डान्सरहरूको सेमिफाइनल २१ जेठमा र भव्य ग्रान्ड फिनाले २३ जेठमा सम्पन्न हुनेछ।

रियलमी जिटी-८ प्रो सिरिज सार्वजनिक



काठमाडौं/ प्रविधि कम्पनी रियलमीले बहुप्रतीक्षित रियलमी जिटी-८ प्रो सिरिज नेपालमा सार्वजनिक गरेको छ। नवप्रवर्तन, उच्च कार्यसम्पादन र प्रयोगकर्तामैत्री डिजाइनमा केन्द्रित रहँदै कम्पनीले फ्ल्यागसिप स्मार्टफोन सेग्मेन्टमा आफ्नो उपस्थिति अझ सुदृढ बनाएको बताइएको छ। यो सिरिज प्रिमियम स्मार्टफोन प्रयोगकर्ताको बढ्दो अपेक्षालाई ध्यानमा राखेर तयार गरिएको हो। परिष्कृत क्यामरा प्रविधि, शक्तिशाली प्रोसेसिङ क्षमता र लामो समयसम्मको ब्याट्री क्षमतालाई आकर्षक तथा मजबुत डिजाइन यसका विशेषता हुन्।

यसको मुख्य आकर्षण दुई सय मेगापिक्सेलको अल्ट्रा-लाइट पेरिस्कोप टेलिफोटो क्यामरा हो, जसले टाढाबाट पनि उच्च विवरणसहित जुम सुविधा प्रदान गर्ने कम्पनीको दाबी छ। जिटी ८ प्रो सिरिज ब्याट्री र चार्जिङ क्षमताका कारण पनि विशेष रहेको छ। यसमा ७ हजार मिलिअम्पियर-घण्टाको टाइटन ब्याट्री समावेश गरिएको छ, जसले लामो समयसम्म निरन्तर प्रयोगको सुविधा प्रदान गर्ने बताइएको छ। साथै, ५० वाट वायरलेस फ्ल्यास चार्जिङले दैनिक प्रयोगलाई अझ सहज बनाउने अपेक्षा गरिएको छ। उच्चस्तरीय मेकानिकल संरचनाले उपकरणको मजबुती बढाउँदै प्रिमियम डिजाइन र प्रिमियम अनुभवलाई कायम राखेको कम्पनीले जनाएको छ।

रियलमी जिटी ८ प्रो सिरिज नेपालमा १६ जिबी ऱ्याम र ५१२ जिबी स्टोरेज क्षमतासहित उपलब्ध छ। विन्ड मुभ्स ह्वाइट भेरियन्टको मूल्य एक लाख ४९ हजार नौ सय ९९ रुपैयाँ तोकिएको छ भने एस्टन मार्टिन ग्रिन भेरियन्टको एक लाख ५९ हजार नौ सय ९९ रुपैयाँ रहेको छ। यो स्मार्टफोन देशभर उपलब्ध भइसकेको छ। साथै, ० प्रतिशत ब्याजदरमा किस्ताबन्दी सुविधासमेत प्रदान गरिएको छ, जसले फ्ल्यागसिप स्मार्टफोनको पहुँचलाई थप सहज बनाउने लक्ष्य राखिएको कम्पनीले जनाएको छ।

सामसङको 'रेमिटमा बेनिफिट' अभियान



काठमाडौं/ सामसङ नेपालले 'रेमिटमा बेनिफिट' अभियान सुरु गरेको छ। यसमार्फत कम्पनीले वैदेशिक रोजगारीमा रहेका नेपाली परिवारलाई सशक्त बनाउने घोषणा गरेको छ। यो अभियान वैदेशिक रोजगारीमा रहेका नेपाली कामदार र उनीहरूको परिवारलाई सम्मान गर्दै रेमिट्यान्सलाई जीवनस्तर सुधारको अवसरमा रूपान्तरण गर्ने उद्देश्यले ल्याइएको बताइएको छ।

सामसङले यस अभियानमार्फत रेमिट्यान्समा आधारित नेपाली परिवारलाई प्रिमियम प्रविधिको पहुँच अझ सहज बनाउन विशेष अफर पनि ल्याएको छ। जसअन्तर्गत स्मार्टफोन, सामसङ टिभी, रेफ्रिजेरेटर र वासिङ मेसिनमा अधिकतम ६ प्रतिशतसम्म क्यासब्याक पाइनेछ। त्यसैगरी, एनसेल रिचार्जमा अधिकतम १८० जिबी बोनस डेटा, २४ महिनासम्मको किस्ताबन्दी सुविधा पनि उपलब्ध हुने बताइएको छ। यी सुविधाले परिवारको मासिक किस्ताभारलाई घटाउँदै सामसङका प्रिमियम र गुणस्तरीय उत्पादनको पहुँच सुनिश्चित गर्ने लक्ष्य राखेको कम्पनीको भनाइ छ।

'रेमिट्यान्स केवल आर्थिक सहयोग मात्र होइन, यो विदेशमा काम गर्ने लाखौँ नेपालीको आशा र आकांक्षाको प्रतिबिम्ब हो,' सामसङ नेपालका एमएक्स बिजनेसका वरिष्ठ निर्देशक प्रणयरत्न स्थापितले भने, हामी उनीहरूको योगदानलाई सम्मान गर्दै उनीहरूका परिवारका लागि नवप्रवर्तनात्मक प्रविधिलाई अझ पहुँचयोग्य बनाउन चाहन्छौं।' अफर विशेषगरी आइएम रेमिटमार्फत रेमिट्यान्स कारोबार गर्ने रेमिटर र उनीहरूका आश्रितमा लागू हुनेछ।

सूची दर्ता गराउने सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८३ बैशाख १८ गते

यस आई.एम.ई. लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडका लागि आर्थिक वर्ष २०८३/८४ मा आवश्यक पर्ने तपसिलमा उल्लेखित वस्तु तथा सेवाहरू आपूर्ति गर्ने प्रयोजनको लागि सम्बन्धित वस्तु/सेवा को कारोबार गर्न स्विकृति प्राप्त गरेका इच्छुक रजिष्टर्ड फर्म तथा कम्पनीहरूको सूची दर्ता गराउनु पर्ने भएकाले आफुले आपूर्ति गर्ने तपसिलमा उल्लेख भएको सर-समान एवं सेवाहरूको विवरण सहित सूची दर्ताको निवेदन समेत संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा यस कम्पनीको रजिष्टर्ड तथा कर्पोरेट कार्यालय लैनचौर, काठमाण्डौ स्थित प्रशासन विभागमा दर्ता गराउन हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

क्र.सं.	वस्तु तथा सेवाको प्रकार	क्र.सं.	वस्तु तथा सेवाको प्रकार
१	छपाई तथा मसलन्द :	११	मर्मत तथा सम्भार
२	मेटल फर्निचर तथा अन्य कार्यालय फर्निचर	१२	वार्षिक मर्मत सम्झौता (AMC)
३	आन्तरिक सजावट निर्माण, पुनर्निर्माण तथा सो सम्बन्धित कार्यहरू	१३	Advertising, Branding & Promotion का सामग्रीहरू तथा Advertising Agency Services
४	मेसिनरी	१४	निर्माण सम्बन्धि परामर्शदाता सेवा
५	कार्यालय उपकरणहरू	१५	सुरक्षा गार्ड आपूर्ति सेवा
६	पावर तथा ब्याकअप सम्बन्धी	१६	जनशक्ति अपूर्तिकर्ता सेवा (outsourcing company)
७	सुरक्षा सम्बन्धि उपकरण तथा सम्बन्धित सेवाहरू	१७	कार्यालय पोशाक आपूर्ति सेवा
८	Computer & Accessories	१८	पिउने पानी आपूर्ति सेवा (उपत्यका भित्र मात्र)
९	Network & Network Related Services	१९	कुरियर सेवा
१०	Server & Storage	२०	अन्य सेवाहरू

नोट: Sub-category details सूची दर्ता निवेदनमा उल्लेख गरिएको छ।

सूची दर्ताको निवेदनसंग बुझाउनु पर्ने कागजातहरू :

१ फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी
२ PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपी
३ कम्पनी प्रोफाईल -कम्पनीको विस्तृत विवरण
४ आ.व. ०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी
५ आ.व. ०८१/८२ को लेखा परीक्षण गरिएको वासलातको प्रतिलिपी
६ हाल वस्तु तथा सेवा प्रदान गरि रहेको फर्म/कम्पनीबाट कार्याअनुभव पुष्टीहुने कागजातहरू
७ निवेदन फारम शुल्क रु.२,०००/- जम्मा गरेको सक्कल भौचर

अन्य थप जानकारीहरू:

- सूचिकृत फर्म/कम्पनीहरूले आफुले उपलब्ध तथा प्रवाह गर्ने सेवा/सामानहरूको लागि सरकार वा तोकिएको निकायबाट इजाजत लिनुपर्ने भएमा सो लिएर अद्यावधिक भएको प्रमाण-पत्र समेत संलग्न गर्नुपर्नेछ।
- वस्तु तथा सेवाहरू आपूर्ति गर्ने प्रयोजनको लागि कार्यानुभव भएका फर्म/कम्पनीहरूलाई प्राथमिकता दिइनेछ।
- सूचिकृत हुन आवेदन पेश गर्ने आवेदकहरू मध्येबाट कार्यक्षमता, कार्यानुभव तथा दक्षतालाई आधार मानी योग्य ठहरेका फर्म/कम्पनीहरूलाई मात्र सूचिकृत गरिनेछ।
- यस सूचिकरणमा परेका फर्म/कम्पनीहरूबाट कम्पनीको आवश्यकता अनुसारको वस्तु तथा सेवा खरिद गर्न कोटेशन, घटाघट वा बोलकवोलद्धारा भाग लिन अनुरोध गरिनेछ र सो मध्ये कम्पनीले छानेको मापदण्ड अनुसार वस्तु तथा सेवा उपलब्ध गराउने फर्म/कम्पनीको छनौट गरी खरिद वा करार गर्न सकिनेछ।
- यसरी सूचिकृत भएका फर्म/कम्पनीहरूले उपलब्ध गराएको वस्तु तथा सेवाहरू तोकिएको गुणस्तर एवं मापदण्ड बमोजिमको नभएमा वा कार्यसम्पादन शैली सन्तोषजनक नरहेमा उक्त फर्म/कम्पनीहरूलाई बिना सूचना वस्तु तथा सेवा उपलब्ध गराउने सूचिबाट हटाउन समेत सकिनेछ।
- कुनै कारण खोली वा नखोली, कुनै पनि आवेदक फर्म/कम्पनीलाई सूचिकरण गर्ने वा नगर्ने अधिकार कम्पनीमा निहित रहनेछ।
- यस कम्पनीलाई आवश्यक वस्तु तथा सेवाहरूको विस्तृत विवरण कम्पनीको वेबसाइट www.imelifeinsurance.com मा उपलब्ध रहेको साथै सूचिदर्ताको निवेदन फाराममा समेत उल्लेख गरिएकोछ।
- सूचिदर्ताको निवेदन फारम रु.२,०००।- (अक्षरेपी दुई हजार रुपैंया मात्र) फिर्ता नहुने गरी यस कम्पनीको प्रभु बैंक लिमिटेडमा रहेको खाता नं. ०८६००९२६५८४०००२२ मा जम्मा गरी यस कम्पनीको प्रशासन बिभागबाट प्राप्त गर्नु पर्ने छ। यस सम्बन्धि थप जानकारी आवश्यक भएमा प्रशासन बिभागको फोन नं. ०१-४०२४०७१ ext. no. ३१४ वा ३११ बाट प्राप्त गर्न सक्नुहुनेछ।

IMELIFE Ensuring Future
आई.एम.ई. लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
पोष्ट बक्स नं. ७४०, हाथवे कम्प्लेक्स, लैनचौर, काठमाडौं, नेपाल
फोन नं. : ०१-४०२४०७१, फ्याक्स नं. ४०२४०७५
ईमेल : info@imelifeinsurance.com
वेब साईट : www.imelifeinsurance.com

धितोपत्र बोर्डको नीति तथा कार्यक्रमको तयारी

काठमाडौं/ नेपाल धितोपत्र बोर्डले आगामी आर्थिक वर्ष ०८३/८४ का लागि धितोपत्र बजारसम्बन्धी नीति तथा कार्यक्रमको तयारी सुरु गरेको छ। बोर्डले यसका लागि सरोकारवालासँग राय तथा सुझावसमेत माग गरेको छ। नेपालको धितोपत्र बजार तथा वस्तु विनिमय बजार (बजार) को व्यवस्थित तथा प्रभावकारी विकास तथा विस्तारका लागि बोर्डबाट प्रत्येक आर्थिक वर्ष बजारसम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गर्दै आएको छ। बोर्डले पारित गरेपछि कार्यान्वयन गरिन्छ। बजार विकास, विस्तार तथा सुधारसम्बन्धी कार्यान्वयनयोग्य एवं रचनात्मक राय तथा सुझाव १५ जेठभित्र बोर्डको इमेल ठेगानामा उपलब्ध गराउनुपर्ने उल्लेख छ।

मुक्तिनाथ विकास बैंक लिमिटेड
MUKTINATH BIKAS BANK LIMITED
नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "ख" वर्गको वित्तीय संस्था (राष्ट्रिय स्तरको विकास बैंक)
लाजिम्पाट, काठमाण्डौ, नेपाल
फोन नं.: ५९७०८८७, टोल फ्रि नं.: १६६००१४९९९९
E-mail: info@muktinathbank.com.np, URL: www.muktinathbank.com.np
को

संस्थापक समूहको शेयर बिक्री गर्ने बारेको सूचना

शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति : २०८३/०१/१८ गते
शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३/०२/०१ गते

मुक्तिनाथ विकास बैंक लिमिटेडको संस्थापक समूहको प्रति शेयर रु.१००/- अंकित दरको जम्मा १,५६,२८३ कित्ता शेयर बिक्री गर्ने भएको हुंदा उक्त शेयरहरु खरीद गर्न इच्छुक बैंकका संस्थापक शेयरधनीहरु वा योग्य जो कोही व्यक्ति, कम्पनी, संघ संस्थाहरुले **मिति २०८३ साल जेठ महिना ०१ गते** भित्र **मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौं**मा आइपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शिलबन्दी आवेदन पेश गर्न आह्वान गरिन्छ।

तपसिल

बिक्री गरिने संस्थापक शेयर : १,५६,२८३ कित्ता

शर्तहरु:

१. आवेदन फाराम रु.१००/- भुक्तानी गरी मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौबाट प्राप्त गर्न सकिनेछ।
२. आवेदन फाराममा आफूले लिन चाहेको शेयर कित्ताको दर रेट अंक र अक्षरमा स्पष्टसंग लेख्नु पर्नेछ। अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ। केरमेट भएको ठाउँमा दस्तखत गर्नु पर्नेछ।
३. शेयर खरीदको लागि आवेदन गर्दा सम्पूर्ण (१,५६,२८३) कित्ता शेयरको लागि आवेदन दिनु पर्नेछ। तर शेयर खरीद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा नेपाल राष्ट्र बैंकले एउटा व्यक्ति, एकाघर परिवारका सदस्य वा संस्थाले खरीद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम संख्या सीमा भन्दा बढी नहुने गरी आवेदन पेश गर्नु पर्नेछ। दशमलवमा (खण्डित रुपमा) आउने गरी शेयर संख्यामा आवेदन गर्न पाइने छैन।
४. शेयरको न्युनतम मुल्य प्रति शेयर **रु.१३५/- (अक्षरेपी एक सय पैतीस मात्र)** तोकिएको हुँदा सो वा सोभन्दा बढी मूल्य अंकित गरी आवेदन दिनु पर्नेछ।
५. शिलबन्दी खाम बाहिर "**मुक्तिनाथ विकास बैंक लिमिटेडको संस्थापक शेयर खरीद आवेदन**" उल्लेख भएको हुनु पर्नेछ। शिलबन्दी आवेदन लाहाछाप गरिएको हुनु पर्नेछ।
६. बोलपत्रवालाले आफूले खरीद गर्न चाहेको शेयरको धरौटी वापत जम्मा मूल्यको शत् प्रतिशत बराबरको रकम मुक्तिनाथ क्यापिटल लिमिटेडको नाममा खिचिएको Good for Payment Cheque संलग्न गरी आवेदन पेश गर्नु पर्नेछ। आवेदकले पेश गरेको Good for Payment Cheque लाई मुक्तिनाथ क्यापिटल लिमिटेडको बैंक खातामा जम्मा हुने गरि Clearing गर्ने व्यवस्था मिलाइने छ। साथै छनौटमा नपरेका आवेदकहरुको रकम फिर्ता भुक्तानी IPS मार्फत गर्ने व्यवस्था मिलाइने छ।
७. बोलपत्र मार्फत बिक्री गरिने संस्थापक समूहको शेयर बाँडफाँड गर्दा सबैभन्दा बढी बोलकबोल गर्ने योग्य बोलपत्रदाताहरुलाई बोलकबोलको मान्यताको आधारमा बिक्री गरिने छ।
८. प्राप्त आवेदनहरु मध्ये छनौट भएका आवेदनहरु स्वीकृतिको लागि मुक्तिनाथ विकास बैंक लिमिटेडको संस्थापक शेयर खरीद आवेदनको संचालक समिति समक्ष पठाईनेछ र मुक्तिनाथ विकास बैंक लिमिटेडको संचालक समिति मार्फत आवश्यक प्रकृया पुरा गरी नेपाल राष्ट्र बैंकको स्वीकृती लिनु पर्ने भएमा स्वीकृति लिई सोको जानकारी छनौट भएका आवेदकलाई गराईनेछ। यस्तो जानकारी आवेदकले उपलब्ध गराएको ठेगानामा हुलाक, कुरियर वा विद्युतिय संचार माध्यम मार्फत पठाईनेछ।
९. शेयर खरीद गर्न ईच्छुक बोलपत्रदाताले नेपाल राष्ट्र बैंकबाट संस्थापक शेयरधनीको लागि तोकिएको Fit & Proper Test (अनुसूचि ३) को विवरण, कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा समावेश नभएको प्रमाणित हुने कागजात, आयश्रोत खुल्ने कागजातको प्रतिलिपि, प्यान नं. को प्रमाणपत्रको प्रतिलिपि, पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्र वा कर दाखिला गरेको निस्साको प्रतिलिपि संलग्न गर्नुपर्नेछ। साथै, विद्यमान संस्थापकहरुले आफ्नो आय श्रोतको विवरण वा स्व:घोषणा समेत पेश गर्नुपर्नेछ।
१०. बोलपत्रदाताले एक वा एक भन्दा बढी बोलपत्र पेश गर्न सक्नेछ। सबैभन्दा बढी दर रेटमा खरिद माग गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ। यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी दर रेटमा खरिद माग गर्ने आवेदकलाई बिक्री गरिनेछ।
११. इच्छुक लगानीकर्ताहरुले आवेदनमा हितग्राही खाता नं. र बैंक खाता नं. अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।
१२. कुनै शर्त राखी पेश गरेको आवेदनलाई मान्यता दिईने छैन। म्याद नाघी आएको वा रित नपुगेको आवेदन उपर पनि कुनै कारवाही गरिने छैन।
१३. आवेदक संगठित संघ/संस्था/कम्पनी भएमा दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, शेयर खरीद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि र विगत २ आर्थिक वर्षदेखि संस्था मुनाफामा रहेको प्रमाणित गर्ने कागजात समेत पेश गर्नुपर्नेछ। साथै उक्त संस्था नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन अनुसार संस्थापक शेयर खरिद गर्न योग्य हुनु पर्नेछ।
१४. शेयरको आवेदन मिति २०८३/०२/०१ गते अपरान्ह ५:०० बजेभित्र मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंमा दर्ता भई सक्नु पर्नेछ।
१५. मिति २०८३/०२/०४ गते बिहान १०:०० बजे मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंमा प्राप्त आवेदनहरु खोलिनेछ। उक्त दिन बिदा परेमा कार्यालय खुलेको दिन बिहान १०:०० बजे खोलिनेछ।
१६. बाँडफाँटमा परेका आवेदकको नाममा प्रचलित कानुन बमोजिम शेयर खरिद कारोबार तथा नामसारी गरिनेछ। कुनै पनि अवस्थामा आवेदकले ब्याज वा कुनै किसिमको माग दावी गर्न सक्नेछैन।
१७. मुक्तिनाथ विकास बैंक लिमिटेडको संचालक समितिबाट स्वीकृति भए पश्चात संस्थापक शेयर खरिद बिक्री गर्नको लागि तोकेको शेयर दलाल मार्फत कारोबार गरिनेछ। साथै शेयर नामसारी गर्दा खरीदकर्ताको तर्फबाट भुक्तानी गर्नु पर्ने सम्पूर्ण शुल्क समेत स्वयं खरीदकर्ताले भुक्तानी गर्नु पर्नेछ।

बिक्री प्रबन्धक:
मुक्तिनाथ क्यापिटल लि.
MUKTINATH CAPITAL LTD.
(A Subsidiary of Muktinath Bikas Bank Ltd.)
प्रधान कार्यालय, नारायणचौर, नक्साल, काठमाडौं
फोन नं. ४५४६१०८/०९/४५४६४७०
इमेल: info@muktinathcapital.com
वेबसाइट: www.muktinathcapital.com

युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड
UMH UNITED MODI HYDROPOWER
पहिलो तल्ला, हेरिटेज प्लाजा-२, कमलादी, का.म.न.पा.-२८, काठमाण्डौं
फोन : ०१-४१६९११४/०१-४१६९११३
इमेल : unitedmodi@ntc.net.np, वेबसाइट: www.umh.com.np

वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/१२/२४ गते)
(दोस्रो पटक प्रकाशित मिति २०८३/०१/१८ गते)

आदरणीय शेयरधनी महानुभावहरू,

यस कम्पनीको मिति २०८२/१२/२२ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको आ.व. २०८१/०८२ को बाह्रौ वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल गरी निर्णय गर्नको लागि कम्पनीको बाह्रौ वार्षिक साधारण सभा बोलाईएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूलाई जानकारी गराउँदै बार्षिक साधारण सभामा सहभागिता जनाई दिनु हुन सविनय अनुरोध सहित यो सूचना प्रकाशित गरिएको छ।

१. सभा हुने मिति, समय र स्थान :
मिति : २०८३ बैशाख २७ गते आइतबार (तद्अनुसार १० मे, २०२६)
समय : विहान ११:०० बजे।
स्थान : कालिमाटि व्यैङ्केट, कालीमाटी काठमाण्डौं।

२. छलफलका विषयहरू :

क) सामान्य प्रस्ताव

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/०८२ का वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाहको विवरण लगायत वित्तिय विवरणहरू उपर छलफल गरी स्वीकृत गर्ने।
३ संचालक समितिले प्रस्ताव गरे बमोजिम प्रस्तावित बोनश शेयरमा लाग्ने कर प्रयोजनको लागि कम्पनीको चुक्ता पूजी रु.१,२३०,५००,०००।- को ०.३६८४२ प्रतिशतले हुन आउने रकम रु.४५,३३,४२१।- (अक्षरेपी पैतालिस लाख तेत्तिस हजार चार सय एक्काइस् रुपैयाँ मात्र) नगद लाभांश पारित गर्ने।
४. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८२/०८३ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।
५. कम्पनीको संचालक समितिमा २ (दुई) संचालक पदको निर्वाचन सम्बन्धमा।
६. अन्य लगानी योग्य क्षेत्र पहिचान गरी लगानी गर्नु परेमा सञ्चालक समितिलाई अख्तियारी दिने।

ख) विशेष प्रस्ताव

१. संचालक समितिबाट प्रस्ताव भए वमोजिम आ.व. ०८१/०८२ को अन्त्य सम्मको वितरण योग्य संचित मुनाफाबाट कम्पनीको हालको कायम चुक्ता पूजी रु.१,२३०,५००,०००।- को ७ प्रतिशतले हुने रकम रु. ८,६१,३५,०००।- (अक्षरेपी आठ करोड एकसठ्ठी लाख पैंतिस हजार मात्र) रकम बराबरको बोनश शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने।
२. कम्पनीले अन्य कम्पनीहरूमा लगानी गर्न सहज बनाउन होल्डिङ्ग कम्पनीको रुपमा विकास गर्नको लागी कम्पनीको नाम परिवर्तन गर्ने तथा सोही अनुसार प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने।
३. कम्पनीको जारी पुँजी बृद्धि गर्ने सम्बन्धमा।
४. हकप्रद शेयर जारी तथा निष्काशन गर्ने कार्य गर्दा श्री विद्युत नियमन आयोग, श्री नेपाल धितोपत्र बोर्ड, श्री नेपाल स्टक एक्सचेन्ज लि., श्री कम्पनी रजिष्ट्रारको कार्यालय र श्री सिडिएस एण्ड क्लियरिङ्ग लि. लगायतका नियमनकारी निकायमा आवश्यक कार्य गर्नका लागि कम्पनीको सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
५. माथि उल्लेख गरे बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा गरिएका आवश्यक संशोधनहरू कम्पनी रजिष्ट्रार कार्यालयबाट स्वीकृत गराउने क्रममा आवश्यक थपघट वा परिमार्जन गर्न र नियामक निकाय तथा अन्य सरकारी कार्यालयबाट जारी नीति निर्देशन बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा परिमार्जन गर्नुपरेमा सो सम्बन्धमा सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने सम्बन्धमा।

ग) विविध।

सञ्चालक समितिको निर्णयानुसार
कम्पनी सचिव

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०

नयाँ पत्रिका

■ आइसिसी महिला च्यालेन्ज ट्रफी

कविताको ह्याट्रिक विकेटमा नेपालको सानदार जित



कविता कुँवर

नयाँ पत्रिका

कविता कुँवरले आइसिसी महिला च्यालेन्ज ट्रफी टी-२० आई क्रिकेट प्रतियोगितामा बिहीबार भानुआटुविरुद्ध ह्याट्रिकसहित ६ विकेट लिएपछि नेपालले भानुआटुलाई ८३ रनको फराकिलो अन्तरले पराजित गरेको छ। नेपालको महिला क्रिकेट इतिहासमा कविता ह्याट्रिक पूरा गर्ने चौथो बलर हुन्। यसअघि रुविना क्षेत्री, अञ्जली चन्द तथा सीता रानामगरले ह्याट्रिक लिएका थिए।

जितसँगै नेपाल अंकतालिकाको दोस्रो स्थानमा उक्लिएको छ। रुवान्डामा चलिरहेको च्यालेन्ज ट्रफीमा आफ्नो सातौँ खेलमा नेपालले ब्याटिङ र बलिङमा उत्कृष्ट प्रदर्शन गरेको थियो।

> महिला क्रिकेट इतिहासमा कविता ह्याट्रिक लिने चौथो नेपाली बलर बनेकी छिन्। यसअघि रुविना क्षेत्री, अञ्जली चन्द तथा सीता रानामगरले टी-२० आईमा ह्याट्रिक लिएका थिए।

पहिलो ब्याटिङ गरेको नेपालले २० ओभरमा तीन विकेट गुमाएर एक सय ३२ रनको बलियो योगफल खडा गरेको थियो। प्रत्युत्तरमा भानुआटुले कविताको घातक बलिङ सामना गर्न नसक्दा १६.४ ओभरमा सबै विकेट गुमाएर ४९ रन मात्र जोड्यो। कविताले आफ्नो उत्कृष्ट स्पेलमा एक मेडनसहित पाँच रन खर्चेर सर्वाधिक ६ विकेट हात पारिन्।

नेपालले सात खेलमा चार जित र तीन हार सामना गरी आठ अंक जोडेको छ। नेपालले दोहोरो राउन्ड रोबिन लिगमा अमेरिकालाई मात्र हराउन सकेको छैन। अमेरिकाले सात खेलमा सर्वाधिक ६ जित र एक हार सामना गरी १२ अंक जोडी शीर्ष स्थान बलियो बनाएको छ। आयोजक रुवान्डा आठ अंकका साथ तेस्रो स्थानमा छ। रुवान्डाले सात खेलमा चार जित र तीन हार नतिजा निकालेको छ। प्रतियोगितामा शीर्ष टोलीले उपाधि जित्नेछ। अमेरिकाले उपाधि हात पारिसकेको छ। अब नेपाल, रुवान्डा र इटालीमध्ये एक टोली शीर्ष दुई स्थानका लागि प्रतिस्पर्धा गरिरहेका छन्।

टी-२० आईमा नेपालको दोस्रो उत्कृष्ट स्पेल

आइसिसी टी-२० महिला आईमा दायाँहाते बलर कविताले नेपालका लागि दोस्रो उत्कृष्ट स्पेल गरिन्। उनले केवल ३.४ ओभरमा एक मेडनसहित पाँच रन खर्चेर ६ विकेट हात पारिन्।

उनले आफ्नो स्पेलमा तीन वाइड फ्याँकेकी थिइन्। यसअघि सन् २०१९ मा नेपालमै आयोजना भएको १३औँ दक्षिण एसियाली खेलकुद प्रतियोगिताअन्तर्गत महिला क्रिकेटमा अञ्जली चन्दले उत्कृष्ट स्पेल गरेकी थिइन्। उनले मालिदभ्सविरुद्ध केवल २.१ ओभरमा कुनै पनि रन नदिई ६ विकेट लिएकी थिइन्। कविताले रुवान्डाविरुद्ध गरेको प्रदर्शन समग्रमा अन्तर्राष्ट्रिय टी-२० आईमा ११औँ उत्कृष्ट बलिङ प्रदर्शन रह्यो। कविताले लिएका ६ विकेट नै बोल्डका रूपमा रह्यो।

१४औँ ओभरमा ह्याट्रिक

च्यालेन्ज ट्रफीकै कमजोर प्रतिद्वन्द्वीका रूपमा रहेको भानुआटुविरुद्ध कविताले इनिङ्सको १४औँ ओभरमा ह्याट्रिक लिएकी हुन्। उनले इनिङ्सको १४.१ ओभरमा गिलिनआन चिलिआलाई क्लिन बोल्ड गरिन्। १४.२ ओभरमा उनले चिलिआलाई बोल्ड गर्न सफल भइन्। ह्याट्रिक विकेटका रूपमा उनले ग्रिफिनलाई बोल्ड गरिन्। उनको ह्याट्रिक पूरासँगै नेपाली महिला खेलाडीले खुसियाली मनाएका थिए।

लगातार एकै ओभरमा तीन विकेट गुमाएको भानुआटु ४३-३ को स्थितिमा पुग्यो। कविताले १६औँ ओभरमा थप दुई विकेट लिइन्। इनिङ्सको १६.३ ओभरमा उनले मेसिला फारेलाई बोल्ड गरिन्। १६.४ ओभरमा रायलिन ओभालाई कविताले बोल्ड गर्दै भानुआटुलाई १६.४ ओभरमा ४९ रनमै सीमित पारिन्। भानुआटुले एक सय ३३ रनको लक्ष्य पछ्याएको थियो। लक्ष्य पछ्याएको इनिङ्समा भानुआटुका लागि ओपनर भालेन्टा लागैआले सर्वाधिक १४ रन बनाइन्। उनले १९ बलमा तीन चौका प्रहार गरेकी थिइन्। बलिङमा नेपालका लागि रचना चौधरीले तीन ओभरमा १२ रन खर्चेर दुई विकेट लिइन्। पूजा महतोले चार ओभरमा १० रन दिँदै दुई विकेट हात पारिन्।

सम्झना र इन्दुले सम्हालेको ब्याटिङ

पहिलो ब्याटिङ गरेको नेपालले सुधारिएको प्रदर्शन गरेको थियो। यसअघिका खेलमा कमजोर ब्याटिङ प्रदर्शन हुँदा नेपाल पराजित भएको थियो। नेपालले भानुआटुविरुद्ध उत्कृष्ट ब्याटिङ गर्‍यो। पहिलोपटक नेपालले ओपनिङमा उत्कृष्ट साझेदारी पायो। सम्झना खड्का र पूजा महतोले पहिलो विकेटका लागि ६.५ ओभरमा ४४ रनको साझेदारी गरे। पूजाले २० बलमा एक छक्काको सहयोगमा १९ रन बनाइन्। सम्झनाले विन्दु रावलसँग दोस्रो विकेटका लागि २९ रन जोडिन्। सात रनमा विन्दु रिटायर्ड हट भइन्। सम्झनाले आफ्नो विकेट १५.५ ओभरमा एलबिडब्लूका रूपमा गुमाइन्। उनले ५१ बलमा नौ चौकाको सहयोगमा ५२ रनको योगदान दिइन्। त्यसपछि कप्तान इन्दु बर्माले आक्रामक ब्याटिङ गर्दै नेपालको रनरेट उकासिन्। उनले केवल १८ बलमा सात चौकाको सहयोगमा ४३ रन जोडिन्।

अंकतालिका

टोली	खेल	जित	हार	अंक	रनरेट
अमेरिका	७	६	१	१२	२.३५
नेपाल	७	४	३	८	०.४९
रुवान्डा	७	४	३	८	-०.०४
इटाली	७	३	४	६	-१.०७
भानुआटु	८	१	७	२	-१.५९

■ दसौँ प्रधानमन्त्री कप महिला र पुरुष भलिबल

न्यु डायमन्डले पाँचौँ सेटमा नेपाल पुलिसलाई हरायो



नयाँ पत्रिका

न्यु डायमन्ड स्पोर्टस् क्लबले दसौँ प्रधानमन्त्री कपअन्तर्गत महिला भलिबल लिगमा विभागीय टोली नेपाल पुलिस क्लबलाई ३-२ को प्रतिस्पर्धात्मक सेटमा पराजित गराएको छ। यसअघि दुवै टोलीले लगातार चार जित निकालेर फाइनल स्थान पक्का गरिसकेका थिए। राष्ट्रिय खेलकुद परिषद्को कभर्ड हलमा बिहीबार महिलातर्फको समूह विजेता भिडन्त चलेको थियो। जसमा न्यु डायमन्डले पुलिसमाथि बाजी मारेको हो।

न्यु डायमन्डले राउन्ड रोबिन लिगमा अपराजित रहेर फाइनल स्थान बनायो। पुलिस एक मात्र खेलमा पराजित भयो। न्यु डायमन्डले पाँचौँ तथा निर्णायक सेटमा पुलिसलाई १५-१३ ले स्तब्ध पारेको हो। यो दुई टोलीबिचको प्रतिस्पर्धा फाइनलअघिको रिप्लेजस्तै भयो। रोमाञ्चक र प्रतिस्पर्धात्मक रूपमा पाँच सेटसम्म खेल लम्बिँदा कसले जित्ने भन्ने अनुमान लगाउन गाह्रो परेको थियो।

> महिलातर्फको प्रतिस्पर्धामा न्यु डायमन्डले नेपाल पुलिसमाथि समग्रमा २५-१९, २२-२५, ११-२५, २५-१५ र १५-१३ ले जित निकाल्यो

न्यु डायमन्ड समग्रमा २५-१९, २२-२५, ११-२५, २५-१५ र १५-१३ ले विजयी रह्यो। न्यु डायमन्डले पहिलो सेट २५-१९ ले हात पारेको थियो। त्यसपछि पुलिसले लगातार दुई सेट २५-२२ र २५-११ ले आफ्नो पक्षमा पार्दै न्यु डायमन्डमाथि दबाब बढाउँदै २-१ को सेटमा अग्रता लियो। न्यु डायमन्डले अपराजित यात्रा जारी राख्न कम्तीमा चौथो सेट जित्नुपर्ने थियो। यस सेटमा न्यु डायमन्डले कुनै पनि गल्ती नगरी पुलिसलाई २५-१५ ले हराउँदै सेट २-२ को बराबरी गर्‍यो। त्यसपछि पाँचौँमा पुलिसका खेलाडीले सामान्य गल्ती गर्दा न्यु डायमन्ड १५-१३ ले विजयी भएको हो। अब यी दुई टोलीबिच शनिबार उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन्।

पुरुषतर्फ हेल्प नेपाल फाइनलमा

प्रतियोगिताअन्तर्गत पुरुषतर्फ हेल्प नेपाल स्पोर्टस् क्लब फाइनलमा पुगेको छ। हेल्प नेपालले नेपाल पुलिस क्लबलाई ३-१ सेटले पराजित गरी अन्तिम दुई स्थान पक्का गरेको हो। हेल्प नेपालले लगातार छैटौँ खेलमा जित निकाल्यो। जितपछि हेल्प नेपालले ६ खेलमा १८ अंक बटुल्यो। पुलिस १५ अंकमा सीमित भएको छ। रुकुम पश्चिमले त्रिभुवन आर्मी क्लबलाई ३-१ सेटले हराउँदै फाइनल पुग्ने सम्भावना जीवित बनायो।

रुकुम पश्चिमको पनि ६ खेलबाट १५ अंक बनाएको छ। अब शुक्रबार पुलिस र रुकुम पश्चिमबिचको विजेता नै फाइनलमा पुग्नेछ।

हेल्प नेपालले पुलिसविरुद्ध २५-२२, २५-१९, २३-२५ र २५-१७ को नतिजा निकालेको हो। पुलिस भने छैटौँ खेलमा पराजित भयो। समान ६ खेल खेलेको रुकुम पश्चिमले पाँच जित र एक हारका साथ १५ अंक जोडेको छ। १९ वैशाखसम्म चल्ने लिगमा महिलातर्फ ६ र पुरुषतर्फ आठ टोलीको सहभागिता रहेको छ।

प्रतियोगितामा महिला तथा पुरुष दुवैतर्फका विजेताले १० लाख रुपैयाँ र उपविजेताले पाँच लाख रुपैयाँ हात पार्नेछन्। तेस्रो स्थानमा रहने टोलीले दुई लाख ५० हजार रुपैयाँ प्राप्त गर्नेछन्। उत्कृष्ट खेलाडीलाई ६० हजार रुपैयाँ प्रदान गरिनेछ। विधागततर्फ उत्कृष्ट सर्भर, ब्लकर, लिबेरो, स्पाइकर, सेटर र प्रशिक्षकलाई जनही ३० हजार रुपैयाँ पुरस्कार दिइनेछ।

१६औँ राष्ट्रपति रनिङ सिल्ड २८ वैशाखमा

बुटवल/ रुपन्देही जिल्लास्तरीय १६औँ राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता आगामी २८ देखि २९ वैशाखसम्म हुने भएको छ। प्रतियोगिताको तयारी तीव्र पारिएको आयोजकले जनाएको छ। व्यवस्थापन तथा निर्देशन समितिको बिहीबार बसेको बैठकले प्रतियोगिता व्यवस्थापन तथा सञ्चालनको जिम्मेवारी बुटवल उपमहानगरपालिकाले प्राप्त गरेको छ। रूपन्देहीमा रहेका १६ वटा पालिकामध्ये १० वटाले भाग लिने आयोजकले जनाएको छ।

जसमा बुटवल उपमहानगरपालिका, तिलोतमा, देवदह, सैनामैना र लुम्बिनी सांस्कृतिक नगरपालिका तथा गैडहवा, शुद्धोधन, कञ्चन, मायादेवी र सियारी गाउपालिकाले भाग लिनेछन्। अखिल नेपाल फुटबल संघ (एन्फा)को खेलमैदानमा एथलेटिक्स खेल हुनेछ। रुपन्देही जिल्ला खेलकुद विकास समितिको कबड हलमा तेक्वान्दो तथा कराँतेका खेल हुने आयोजकले जनायो।

नवीन औद्योगिक कदरबहादुर रीता माविको सभाहलमा छात्र-छात्रा कबड्डी हुनेछ। न्यु होराइजन बोर्डिङ स्कुलको खेलमैदानमा छात्र भलिबल र एभरेस्ट बोर्डिङ स्कुलको खेलमैदानमा छात्रा प्रतियोगिता हुनेछ। यस मैदानमा छात्रा भलिबल पनि हुने जनाइएको छ।

■ आठौँ बागमती गोल्डकप

बागमती युथ क्वार्टरफाइनलमा



मकवानपुरमा पोष्टराज अधिकारी

आठौँ बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगिताको बिहीबार पहिलो खेलमा आयोजक बागमती विकास समितिलाई सर्लाहीको बागमती युथ क्लबले ३-० ले हराएको छ। बागमती गाउँपालिका वडा नम्बर ४ स्थित सहिद स्मृति रंगशालामा खेलको ३१औँ मिनेटमा सुजन गुरुङले युथलाई १-० को अग्रता दिलाए। पहिलो हाफमा बागमती युथ १-० ले अघि रह्यो। दोस्रो हाफमा बागमती युथले दुई गोल थप्यो। खेलको ६८औँ मिनेटमा राजु लो र ७१औँ मिनेटमा अनिश महर्जनले गोल गर्दै टोलीलाई जित दिलाए।

खेलमा सुजन गुरुङले म्यान अफ दी म्याच हुँदै १० हजार रुपैयाँ पाए। बागमती युथ क्लबले अब सेमिफाइनल प्रवेशका लागि साबिक विजेता चर्च ब्वाइज युनाइटेडको सामना गर्नेछ। चर्च ब्वाइज समूह 'ए'बाट बाई पाएर सिधै क्वार्टरफाइनलमा पुगेको हो। प्रतियोगिताअन्तर्गत १८ वैशाखमा त्रिभुवन आर्मी क्लबले नव जनजागृति क्लब बाराको सामना गर्नेछ।

प्रतियोगितामा आयोजकसहित १० टोली सहभागी छन्। प्रतियोगिताको विजेताले १० लाख रुपैयाँ र उपविजेताले पाँच लाख रुपैयाँ पुरस्कार पाउनेछन्। यस्तै, प्रतियोगितामा सर्वोत्कृष्ट खेलाडीले एक लाख रुपैयाँ पाउनेछन्। विधागत उत्कृष्ट खेलाडीले जनही २५ हजार रुपैयाँ हात पार्नेछन्। प्रतियोगिताको उद्घाटन बागमती प्रदेश सभा सदस्य कुमारी मोक्तानले गरेकी थिइन्। आयोजक समितिका अध्यक्ष रहरसिंह थिङले स्थानीय खेलकुदको विकासमाँगै राष्ट्रियस्तरका खेलाडीलाई प्लाटफर्म प्रदान गर्ने बताए।

खेल संक्षेप

शिभाली र स्वस्तिका फाइनलमा

काठमाडौँ/ शिभाली गुरुङ र स्वस्तिका विष्ट १२औँ सिटिजन्स बैंक खुला टेनिस प्रतियोगिताको महिला एकलतर्फ बिहीबार फाइनलमा प्रवेश गरेका छन्। शिभालीले प्राज्ञा मानन्धरलाई २-० को सोझो सेटमा हराउँदै अन्तिम दुई स्थान पक्का गरेकी हुन्। दोस्रो सेमिफाइनलमा स्वस्तिकाले प्रकृति श्रेष्ठलाई २-० को सोझो सेटमा हराइन्। पुरुष एकलमा प्रदीप खड्का र दर्शिल श्रेष्ठले उपाधि भिडन्त पक्का गरे। सेमिफाइनलमा प्रदीपले आयुशमान हजुर घलेलाई २-१ ले हराए। दर्शिलले प्रणव मानन्धरलाई २-० सेटमा निराश पारे।



भेट्टान ३५ वर्षमाथि पुरुष एकलमा पूर्वराष्ट्रिय च्याम्पियन जितेन्द्र परियारले भीष्मजंग गुरुङलाई २-० ले पाखा लगाउँदै फाइनल स्थान पक्का गरे। सन्तोष खत्रीले दावा सोनाम शेर्पालाई २-० को सेटमा हराए। भेट्टान ७० वर्षमाथि पुरुष एकलको उपाधि धीरबहादुर गुरुङले जिते। उनले फाइनलमा ज्ञानेन्द्रमान ताम्राकारमाथि २-० को सेटमा हराए। भेट्टान ४५ वर्षमाथि पुरुष एकलमा देव क्षेत्री, महेश श्रेष्ठ र रोहित सुनुवरा फाइनलमा पुगेका छन्। भेट्टान ५५ वर्षमाथि पुरुष एकलमा चन्द्र शाहीले उपाधिका लागि विमलकुमार गुरुङको सामना गर्नेछन्।

वडा अध्यक्ष कपको तयारी पूरा

काठमाडौँ/ काठमाडौं महानगरपालिका वडा ७ को आयोजनामा हुने चौथो वडा अध्यक्ष कप अन्तरविद्यालय फुटबल प्रतियोगिताको तयारी पूरा भएको छ। प्रतियोगिता शुक्रबारदेखि चन्द्रविनायक पार्क चाबहिल मैदानमा सुरु हुँदै छ। चाबहिल स्पोर्टस् क्लबको प्राविधिक सहयोगमा हुने प्रतियोगितामा १९ टोलीको सहभागिता निश्चित भएको आयोजक वडा ७ का अध्यक्ष विमलकुमार होडाले जनाएका छन्। सेभेन ए साइड स्वरूपको नकआउट प्रतियोगिताको विजेताल ३० हजार र उपविजेताले १५ हजार रुपैयाँ प्राप्त गर्नेछन्।

स्वयम्भू महोत्सवमा खेलकर्मी सम्मानित

काठमाडौँ/ काठमाडौं महानगरपालिका वडा १५ ले स्वयम्भू महोत्सवको अवसरमा आफ्नो वडाका खेलकर्मीलाई सम्मान गरेको छ। कामनपा वडा १५ ले भूकम्प स्मृति बहुउद्देश्यीय हलमा खेलाडीको सम्मान तथा खेलकुद प्रदर्शनीको आयोजना गरेको हो। नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठ तथा कामनपा वडा १५ का अध्यक्ष ईश्वरमान डंगोलले नौपटकका राष्ट्रिय महिला टेलबटेनिस च्याम्पियन नबिता श्रेष्ठ र ओलम्पियन स्की खेलाडी सफलराम श्रेष्ठलगायतलाई सम्मान गरेका हुन्। यसैगरी, पूर्वखेलाडी तथा प्रशिक्षक पनि सम्मानित भएको आयोजकले जनाएको छ।

एनसेललाई टी-१० लिग उपाधि

काठमाडौँ/ एनसेलले एटेक्सपायर कर्पोरेट टी-१० क्रिकेट लिगको उपाधि जितेको छ। काठमाडौंको तल्लो मूलपानी मैदानमा बिहीबार भएको फाइनलमा सुबिसुलाई डकवर्थ लुइसअनुसार ३८ रनले पराजित गर्दै एनसेलले उपाधि जितेको हो। पहिले ब्याटिङमा एनसेलले १० ओभरमा दुई विकेट गुमाउँदै एक सय ३१ रन बनायो। एनसेलका लागि अनिल भण्डारीले ३३ बलमा ७४ रन र समाज पौडेलले २० बलमा ४८ रन बनाए। प्रत्युत्तरमा सुबिसुले आठ ओभरमा ६ विकेट गुमाएर मात्र ६३ रन बनाउन सक्यो। विवेककुमार यादवले १७ रन र दमन चन्दले २३ रन बनाए। बलिङतर्फ एनसेलका नीराजन परियारले र हिमाल चन्दले समान एक विकेट लिए। एनसेलका अनिल भण्डारी प्लेयर अफ दी म्याच चुनिए। आइसिएफसी फाइनान्सका कप्तान सुरज तिमिल्सिना प्रतियोगिताको उत्कृष्ट खेलाडी चुनिए।

राजस्थानका कप्तान रियान कारबाहीमा



> पन्जाब किंग्सविरुद्ध लक्ष्य पछ्याएको १६औँ ओभरमा राजस्थानका कप्तान रियानले ध्रुव जुरेल तथा यशस्वी जैसवालसँगै बसेर 'भेप' प्रयोग गरेका थिए। आइपिएलको आचारसंहिता २.२१ अनुसार उनलाई २५ प्रतिशत म्याच फी जरिवाना गराएको छ।

एजेन्सी

१९औँ इन्डियन प्रिमियर लिग (आइपिएल)को फ्रेन्चाइज टोली राजस्थान रोयल्सका कप्तान रियान परागलाई आचारसंहिता उल्लंघनको आरोपमा कारबाही गरिएको छ। भारतीय क्रिकेट बोर्ड (बिसिसिआई)ले प्रतियोगिताअन्तर्गत मंगलबार भएको पन्जाब किंग्सविरुद्धको प्रतिस्पर्धामा रियानले ड्रेसिङ रुममा भेप प्रयोग गरेको पाइएपछि कारबाही गरिएको जनाएको छ। बिसिसिआईका अनुसार उनले आइपिएल आचारसंहिताको धारा २.२१ उल्लंघन गरेका हुन्। यो धाराअनुसार खेलको प्रतिष्ठामा आँच पुऱ्याउने व्यवहारसँग मानिन्छ।

रियानलाई सो खेलको म्याच फीको २५ प्रतिशत जरिवाना गरिनुका साथै एक डिमेरिट अंक पनि प्रदान गरिएको छ। यसअघि खेलका म्याच रेफ्री अमित शर्माले राजस्थानका कप्तान रियानले आचारसंहिताविरुद्ध कार्य गरेको प्रतिवेदन बुझाएका थिए। आइपिएलको अनुशासन कमिटीले रेफ्री अमितको प्रतिवेदनका अधारमा कारबाही प्रक्रिया अगाडि बढाइएको थियो। रियानले पनि आफ्नो गल्ती स्वीकारेका छन्। राजस्थानले ब्याटिङ गरिरहँदा ड्रेसिङ रुममा रियानले भेप (ई-चुरोट) प्रयोग गरेका थिए। खेलको प्रत्यक्ष प्रसारण गरिरहेको टिभी ब्रोडकास्टले देखाएको थियो।

खेल सकिएपछि रियानले भेप प्रयोग गरिरहेको तस्बिर सोसल मिडियामा भाइरल बनेको थियो। खेलको १६औँ ओभर चलिरहँदा राजस्थानका कप्तान रियान ध्रुव जुरेल तथा यशस्वी जैसवालसँगै बसेका थिए। तत्काले रेफ्री अमितले प्रतिवेदन आइपिएलमा बुझाए। रेफ्रीको प्रतिवेदन आइपिएलको अनुशासन कमिटीसम्म पुग्नुअघि बिसिसिआईले रियानसँग स्पष्टीकरण मागेको थियो। द इन्डियन एक्सप्रेसका अनुसार ड्रेसिङ रुमभित्र सुर्तीजन्य, चुरोट तथा भेप प्रयोग गर्न प्रतिबन्ध छ। खेलाडीले नियमविपरीत यस्तो कार्य गरेको पाइए कडा कारबाही हुने जनाइएको छ।

रंगशालामा भेप प्रतिबन्ध

बिसिसिआईले खेल मैदानमा दर्शक, खेलाडीसँगै अफिसियललाई अनुशासनमा राख्न भेप प्रयोग गर्न प्रतिबन्ध लगाएको छ। बिसिसिआईले सन् २०१९ देखि नै राष्ट्रियदेखि अन्तर्राष्ट्रिय प्रतियोगिता चलिरहँदा यस्तो अनुचित कार्य गर्न नपाउने नियम बनाएको थियो। 'हामीले ई-चुरोट प्रयोगमाथि प्रतिबन्ध सन् २०१९ देखि नै लगाएका थियौँ,' बिसिसिआईले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'यो नियमविरुद्ध जाने खेलाडी कडा कारबाहीमा पर्न सक्छन्।' पहिलोपटक भेप प्रयोग गरेको पाउँदा खेलाडीमाथि सामान्य कारबाही हुनेछ।

दोस्रोपटक पनि उनी दोषी ठहरिए कडाभन्दा कडा कारबाही गरिने व्यवस्था आइपिएलको आचारसंहितामा उल्लेख छ। 'विशेषतः टोलीका कप्तान तथा प्रशिक्षकले यस्तो काम गरेको भेट्टाउँदा उनीहरूले शतप्रतिशत जिम्मेवारी बहन नगरेका रूपमा लिने गरेका छौँ,' आइपिएलले भनेको छ। मंगलबारको घटनामा बिसिसिआईका सचिव देवजित सैकियाले गम्भीर ध्यानाकर्षण गर्दै रियानमाथि तत्काल कारबाही प्रक्रिया अगाडि बढाउन आइपिएललाई दिएका थिए। चालू आइपिएलमा राजस्थानले दोस्रोपटक नियम उल्लंघन गरेको हो। यसअघि खेल दौरान राजस्थानका टिम म्यानेजर रोमी भिन्डरले प्लेयर बक्समा मोबाइल प्रयोग गरेका थिए। खेल दौरान अफिसियल वा खेलाडीले प्लेयर बक्समा मोबाइललगायत अन्य डिभाइस चलाउन पाउँदैनन्।

सनराइजर्सको रोमाञ्चक जित

आइपिएलमा सनराइजर्स हैदराबादले मुम्बई इन्डियन्समाथि ६ विकेटको सानदार जित निकालेको छ। मुम्बईले पहिलो ब्याटिङ गर्दै हैदराबादलाई दुई सय ४४ रनको विशाल योगफल दिएको थियो। प्रत्युत्तरमा हैदराबादले केवल १८.४ ओभरमा चार विकेट गुमाएर लक्ष्य पूरा गर्‍यो। १९औँ सिजनको आइपिएलमा १० औँपटक दुई सय रनमाथिको लक्ष्य पछ्याएको हो। सन् २०२५ मा नौपटक दुई सय रनमाथि लक्ष्य दोस्रो ब्याटिङ गर्ने टोलीले पार गरेको थियो।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com